• वर्ष १४ • अंक ५ • काठमाडौं, शुक्रबार, जेठ ३१, २०६५ • SAPTAHIK • **Nepali National Weekly** • **Friday, June 13, 2008** • पृष्ठ २४ • मूल्य रु. ८/-

# नेपालीहरु मुछिएका
# दिल्ली हत्याकाण्ड






कृष्ण थापा | हेमराज | आरुषी | डा. राजेश तलवार

जेठ २ गते- भारतको नोएडा क्षेत्रमा एक १४ वर्षीया भारतीय किशोरी आरुषी तलवारको उनकै घरमा गला काटिएको अवस्थामा शव बरामद। हत्याको आशंका घरका नोकर हेमराजमाथि। उनको खोजी तीव्र।

जेठ ३ गते- त्यही घरको छतमा घरका नोकर हेमराजको शव गला काटिएकै अवस्थामा बरामद। मुख्य हत्यारा भनिएका हेमराजको पनि शव फेला परेपछि घटनाले अर्को मोड लियो।

यी पंक्तिहरु भारतीय सञ्चारमाध्यमहरुले बहुचर्चित आरुषी हत्याकाण्ड प्रकरण भएलगत्तै प्रसारण तथा प्रकाशन गरेका समाचार शीर्षक हुन्। जेठ ३ गतेयता निरन्तर मुख्य समाचारका रुपमा छाएको यो हत्याकाण्डमा तीन नेपाली नागरिक पनि मुछिएका छन्। जसमध्ये एकको रहस्यमय हत्या भएको छ भने अरु दुई जना आरोपीका रुपमा भारतीय गुप्तचर संस्था सीबीआईको अनुसन्धानमा छन्। पृष्ठ ६ र ७ मा जारी

# यसरी बाहिरिए राजा





तस्बिर : महेश प्रधान

पूर्वराजा ज्ञानेन्द्र गणतन्त्र कार्यान्वयन भएको १४ औं दिन आफ्नी श्रीमती कोमलसहित नारायणहिटीबाट बाहिरिएका छन्। साइत हेराएर दरबार छाडेका पूर्व राजा सरकारले उपलब्ध गराएको नागार्जुन दरबारमा प्रवेश गर्दा उनका आफन्तहरुले स्वागत गरेका थिए। एक दिनअघि नै नागार्जुन दरबारमा भोजका लागि निमन्त्रणा पाएका आफन्तहरुले पूर्वराजाको स्वागत गरे। उनी बाहिरिंदा सकेसम्म गोप्यता अपनाइएको थियो।

विस्तृत पृष्ठ ५ मा

## ग्यालरी

• कलाकार गौरव श्रेष्ठको छैंटौं एकल चित्रकला प्रदर्शनी कमलादीस्थित हेरिटेज प्लाजाको ग्यालरी-३२ मा सञ्चालन भैरहेको छ। विभिन्न रङका कागजका टुक्राहरू जोडेर तयार गरिएका श्रेष्ठका हरेक क्यानभासले प्रतीकात्मक अर्थ बोकेका छन्। आगामी तीन सातासम्म चल्ने यो प्रदर्शनीको शीर्षक 'रोड म्याप टु पिस' राखिएको छ। कलाकार श्रेष्ठले जुटको बोरा, कार्टुन बाक्सा, धागो, पुरानो क्यालेन्डर तथा पोस्टरलाई फ्रेममा राखेर त्यसमा लोभलाग्दो कला पनि प्रस्तुत गरेका छन्।

• विश्व वातावरण दिवसको अवसर पारेर प्याराडाइज इङ्लिस बोर्डिङ स्कुल तथा प्याराडाइज युनेस्को क्लबको आयोजनामा अन्तरमाध्यमिक विद्यालयस्तरीय चित्रकला प्रतियोगिता सम्पन्न भएको छ। वातावरण शीर्षकमा आयोजित उक्त प्रतियोगितामा श्री गणेश हिमाल सेकेन्डरी बोर्डिङ स्कुल, सामाखुसीकी रेनु गुरुङ, कन्या उच्च माध्यमिक विद्यालय लैनचौरकी रोशनी डंगोल तथा ग्रीनल्यान्ड चिल्ड्रेन एकेडेमीका हेमन्त थापा क्रमश: पहिलो, दोस्रो र तेस्रो भएका थिए।

• कलाकार मिलन राइको एकल चित्रकला प्रदर्शनी लाजिम्पाटस्थित पार्क ग्यालरीमा सञ्चालन भैरहेको छ। तैल तथा एक्रेलिक माध्यमबाट तयार गरिएका २३ वटा चित्र उक्त प्रदर्शनीमा राखिएका छन्। आगामी आइतबारसम्म चल्ने उक्त प्रदर्शनीको शीर्षक 'प्रकृति र नारी' राखिएको छ।

## रंगमञ्च

• नाट्यसंस्था सर्वनामले गत सोमबार दोलखाको चरिकोटमा नाटक 'युगीन गन्तव्य' मञ्चन गऱ्यो। सामाजिक विभेद र गरिबी द्वन्द्वका प्रमुख कारक भएको कुरा देखाइने यो नाटकलाई चरिकोटवासीले दोहोऱ्याएर मञ्चन गर्न आग्रह गरेका थिए। १७ वटा जिल्लामा मञ्चन भैसकेको उक्त नाटक हेरेर स्थानीय जनताले द्वन्द्वकालीन नेपाललाई सम्झना गरेको सर्वनामले जनाएको छ। अशेष मल्लले निर्देशन गरेको उक्त नाटक थप १९ स्थानमा मञ्चन गरिनेछ।

• नयाँ बन्ने संविधानबाट ग्रामीण जनताले के चाहेका छन्? उनीहरू कस्तो संविधान बनोस् भन्ने चाहन्छन्? भन्ने विषयमा केन्द्रित नाटक तयार गर्न पुरानो बानेश्वरस्थित गुरुकुलमा कार्यशाला सञ्चालन भैरहेको छ। यो नाट्य कार्यशालाका निम्ति डोटी, हुम्ला, मुगु, कपिलवस्तु, बाँके, बर्दिया, मोरङ, उदयपुर र सिन्धुपाल्चोकका ११ वटा नाट्यसमूहले सहभागिता जनाएका छन्। एमएस नेपालको सहयोगमा आरोहण गुरुकुलले २५ गते प्रारम्भ गरेको उक्त कार्यशाला आज सम्पन्न हुनेछ।

## पुस्तक

### आमसञ्चारका सिद्धान्तहरू

पत्रकार विजय चालिसेले पत्रकारितासँग सम्बन्धित कृति 'आमसञ्चारका सिद्धान्तहरू' सार्वजनिक गरेका छन्। साझा प्रकाशनले प्रकाशित गरेको यो कृति पत्रकारिता अध्ययन गर्न चाहनेहरूका लागि पठनीय एवं संग्रहनीय हुन सक्छ। ३ सय ७६ पृष्ठको यो पुस्तकको मूल्य २ सय ४० रुपैयाँ छ।

## क्यासेट

### खोली झऱ्यो गाई




लोकगायक पवन ओलीले लोकदोहोरी गीतिसंग्रह 'खोली झऱ्यो गाई' बजारमा ल्याएका छन्। धरहरा म्युजिक सेन्टरले बजारमा ल्याएको यो गीतिसंग्रहको साइड 'ए' मा 'खोली झऱ्यो गाई' तथा साइड 'बी' मा 'गऱ्यौ घातैघात' गीत छन्। साइड 'ए' को गीतमा उनलाई राजु परियार र विष्णु माझी तथा साइड 'बी'को गीतमा खुमन अधिकारी र बिमाकुमारी दुराले साथ दिएका छन्। संग्रहका शब्द तथा लय दुवैको संकलन पवन ओलीको छ।

### चुलबुल चुलबुल




गीतकार विष्णुबहादुर सिंहले लेखेका गीतहरूको संग्रह 'चुलबुल चुलबुल' श्रोतामाझ आएको छ। द बेस्ट टोन म्युजिकले बजारमा ल्याएको यो संग्रहमा राजेशपायल राई, आभा मुकारुङ, कला राई, जगदीश समाल, श्रेया सोताङ, जुजुकाजी रञ्जित, सत्यराज आचार्य, सरोजा देवान, अञ्जना गुरुङ, भीषण मुकारुङ तथा रोशन गुरुङको स्वर सुन्न सकिन्छ। संग्रहका सातवटा गीतमा बुलु मुकारुङको संगीत छ भने एउटा गीतमा जुजुकाजी रञ्जितको संगीत सुन्न पाइन्छ।

### एप्लाइ

गायक दावा गुरुङको एकल गीतिसंग्रह 'एप्लाइ' श्रोतामाझ उपलब्ध छ। द बेस्ट टोन म्युजिकले बजारमा ल्याएको यो संग्रहमा आठवटा गीत समावेश छन्। संग्रहमा शब्द रचना सुवास छेत्री, एकनारायण भण्डारी, शुक्रराज शर्मा, रमण घिमिरे, समीर मानन्धर तथा सञ्जुकुमार थापाको छ। त्यसैगरी संगीत अमृत छेत्री, महेश खड्का, भानुभक्त ढकाल, समीर मानन्धर, सञ्जु कुमार थापा तथा दावा गुरुङको छ।

# तपाईंको यो साता



ज्यो. पं. ओजराज उपाध्याय लोहनी

### मेष

ग्रह बलिया छन्। मन प्रसन्न रहने तथा काममा सफलता मिल्ने योग छ। अरूको मन जित्न सकिनेछ। अध्ययनमा सफलता पाइनेछ। व्यवसाय बढ्नुका साथै यात्रा गर्ने अवसर जुट्नेछ। भाग्यले साथ दिनेछ भने धार्मिक कार्यमा रुचि बढ्नेछ। स्वास्थ्यको ख्याल राख्नुहोला। बोल्दा विचार पुऱ्याउनुपर्ने बेला छ। घरेलु समस्याले सताउन सक्छ।

### वृष

व्यवसायमा लाभ मिल्नुका साथै यात्रा गर्ने अवसर जुट्नेछ। भेटघाटमा रमाउन पाइनेछ। पहिलो भेटमै प्रभावित भएर सहयोगका लागि तत्परता देखाउनेहरू प्रशस्तै होलान्। पराक्रम बढ्ने तथा अधुरा काम बन्ने योग छ भने नयाँ काम पनि हात लाग्न सक्छ। शत्रुबाट सजग रहनुहोला। स्वास्थ्यप्रति ध्यान दिनु जरुरी छ।

### मिथुन

सामान्य सुधारका लक्षण देखिए पनि समय अनुकूल देखिँदैन। शत्रुको आक्रमण कायमै रहनेछ भने झूटा आरोप लाग्ने क्रम यथावत् रहनेछ। विवाद बढ्ने तथा धनमाल हराउने सम्भावना छ। व्यवसायमा केही सुधार आउनेछ। नोकरीमा सफलता प्राप्त होला। कुरा काट्नेबाट सजग रहनुपर्ने समय छ। सहयोगीहरूबाट धोका हुनसक्छ। साताभरि नै संयमित रहनुहोला।

### कर्कट

पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। धनआर्जनको तीव्रता कायमै रहनेछ। शत्रुबाट सजग रहनुहोला। बोल्दा विचार पुऱ्याउनुपर्नेछ भने अध्ययनमा सफलता मिल्ने योग छ। आफन्तहरूको सहयोग प्राप्त हुनेछ। अरूबाट सम्मान पनि पाउनु होला। सफलताका लागि गोपनियता आवश्यक छ।

### सिंह

बोलीको प्रभाव बढ्नेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। आफन्तहरूको सहयोगमा सुधार आउनेछ भने अध्ययनमा प्राप्त हुने सफलता कायमै रहनेछ। मानसम्मान तथा धन आर्जन गर्ने अवसर जुट्नेछ। ठूला व्यक्तिबाट सहयोग पाउनुहोला। कुरा काट्नेहरू प्रशंसा गर्न थाल्नेछन्। व्यवसायमा सुधार आउने छ।

### कन्या

सुरुमा मानसम्मान मिल्नेछ भने भोजभतेरमा सामेल हुने अवसर प्राप्त होला। बोलीको प्रभाव एवं पराक्रम बढ्नेछ। भेटघाटले मनलाई प्रसन्न बनाउनेछ। अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। आफन्तहरूको सहयोग जुट्नेछ। व्यवसायमा सफलता हात लाग्नुका साथै धन आर्जन गर्न सकिनेछ। धार्मिक कार्यमा मन जानेछ।

### तुला

सुरुमा खर्च एवं विवाद बढ्नेछ। मन दुविधाग्रस्त रहन सक्छ। काम गर्दा संयमित रहनुहोला। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। मानसम्मान पाउने तथा भोजभतेर वा सभा-सम्मेलनमा सहभागी हुने अवसर जुट्नेछ। धन आर्जन अनि यात्रा हुनसक्छ। अरूबाट प्रशंसा पनि प्राप्त हुनेछ।

### वृश्चिक

आम्दानी बढ्ने तथा मानसम्मान पाइने योग छ। विवादमा अघि नबढ्नुहोला। व्यवसायबाट लाभ मिल्नुका साथै रमाइलो यात्रा हुनसक्छ। भेटघाटमा रमाउने अवसर पाइनेछ। पराक्रम बढ्नेछ भने अधुरा काम बन्ने तथा नयाँ काम हात लाग्ने योग छ। अध्ययनमा सफलता प्राप्त हुनेछ। स्वास्थ्यको ख्याल गर्नुहोला। खानपानमा विचार पुऱ्याउनुपर्ने बेला छ।

### धनु

समय राम्रो बन्दै गएको छ। मानसम्मान मिल्नेछ भने भाग्यले पनि साथ दिनेछ। यात्रा गर्ने अवसर जुट्नेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम हात पर्ने योग छ। आफन्तहरूबाट सहयोग पाइनेछ। धन आर्जनको अवसर मिल्नेछ। सोमबार, मंगलबार तथा बुधबार खर्च, विवाद बढ्ने एवं चिन्ता बढ्ने देखिन्छ।

### मकर

भाग्यले साथ दिनेछ। धार्मिक कार्यमा रुचि बढ्नेछ। मन प्रसन्न रहनेछ भने मानसम्मान पनि पाइन सक्छ। धन आर्जन हुनसक्छ। यात्रा गर्ने अवसर जुट्नुका साथै अध्ययनमा सफलता मिल्नेछ। अरूको मन सजिलै जित्न सकिनेछ। सफलताका लागि स्वास्थ्यको ख्याल गर्नुहोला।

### कुम्भ

सुरुमा स्वास्थ्य कमजोर रहने तथा काममा अवरोध आउने योग छ। चिन्ताले सताउनुका साथै विश्वास गरेकाहरूले धोका दिन सक्छन्। शनिबारदेखि भाग्यले साथ दिन थाल्नेछ। धार्मिक कार्यमा रुचि बढ्ने तथा मानसम्मान मिल्ने योग छ। पराक्रम बढ्नेछ भने अधुरा काम पूरा हुनेछन्। धन आर्जन गर्ने अवसर जुट्न सक्छ।

### मीन

यात्रा गर्ने अवसर मिल्न सक्छ। प्रसन्नता एवं पराक्रम बढ्ने योग छ। अधुरा काम पूरा हुनुका साथै नयाँ काम पाइने सम्भावना छ। अध्ययनमा सफलता मिल्नेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। शनिबार तथा आइतबार स्वास्थ्य गडगड रहने, काममा अवरोध आउने एवं चिन्ता बढ्ने योग छ।

## यो साताको पञ्चाङ्ग

जेठ ३१ गते : गंगा दशहरा, रिडिमा ऋषिकेश महोत्सव, बज्रगुरु पद्मसम्भव जयन्ती, ३२ गते : विश्व रक्तदान दिवस, निर्जला एकादशी, तुलसीको बीउ राख्ने दिन, असार ३ गते : विश्व खडेरीविरुद्ध संघर्ष दिवस, पनौती मेला, ४ गते : विश्व पिकनिक दिवस।



# साता संक्षेप

**जेठ २४ गते शुक्रबार**

• पूर्वराजालाई ७५ जना सुरक्षाकर्मी उपलब्ध गराइने, नारायणहिटी दरबार प्रहरीको जिम्मा ।

• माओवादीले राष्ट्रपतिको दावी छाडचो, नागरिक प्रतिनिधिलाई राष्ट्रपति बनाउन प्रस्ताव ।

• भारतीय सर्कसबाट २ सय ८० नेपाली बालिकालाई छुट्कारा दिलाउने नेपालस्थित इस्थर बेन्जामिन्स संस्थाका तीन नेपाली अमेरिकामा सम्मानित ।

• सुडानमा शान्ति स्थापनामा खटिएका नेपाली सुरक्षाकर्मीलाई संयुक्त राष्ट्रसंघद्वारा फिर्ता पठाउने निर्णय, सुडान सरकारको आग्रहमा सुरक्षाकर्मी फिर्ता गरिएको राष्ट्रसंघको भनाइ ।

• नागरिक समाजबाट राष्ट्रपति बनाउने माओवादी प्रस्तावप्रति कांग्रेसको असहमति, कांग्रेसलाई मनाउन एमालेसँग माओवादीको आग्रह ।

• यो वर्ष २५ वर्षयता सबैभन्दा बढी मूल्यवृद्धि हुने अनुमान, दोहोरो अंकको मुद्रास्फीति ।

• गणतन्त्रका विषयमा संविधानसभामा आफ्नो भनाइ राख्न नपाएको भन्दै साना १२ दलहरूद्वारा नियमापत्ति ।

• राष्ट्रपति चयन गर्न २५ दलकै सहभागिता हुनुपर्ने साना १२ दलको माग, तीन दलले अधिनायकवाद लागू गर्न खोजेको आरोप ।

**जेठ २५ गते शनिबार**

• लोडसेडिङ घट्यो, अब साताको चार घन्टामात्र बिजुली जाने ।

• नेपालको बहुप्रतिक्षित अरुण ३ जलविद्युत् आयोजना अध्ययन प्रारम्भ, सन् २०१५ सम्ममा विद्युत् उत्पादन हुने अनुमान ।

• प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई राष्ट्रपति बनाउने-नबनाउने विषयमा मतभेद, माओवादी, एमाले तथा फोरम कोइरालाको विपक्षमा ।

• सर्वोच्च अदालतमा दस न्यायाधीश रिक्त, न्यायालयको काम प्रभावित भएकोमा विरोध ।

• दुई स्थानमा जित्ने सदस्यले एक स्थानबाट राजीनामा, शेरबहादुर देउवाले कञ्चनपुर-४, पुष्पकमल दाहालले रोल्पा-१, देव गुरुङले कास्की-१, उपेन्द्र यादवले मोरङ-५ तथा विजय गच्छेदारले मोरङ-७ छाडे ।

• हत्याको श्रृंखला बढ्दै गएपछि निजी क्षेत्रद्वारा सरकारसँग सुरक्षा माग, वीरगन्ज औद्योगिक करिडोरभित्र आपराधिक समूहद्वारा विगत ६ महिनामा ४ जनाको गोली हानी हत्या गरेपछि सुरक्षाको माग गरिएको उद्योग वाणिज्य संघको भनाइ ।

• सगरमाथाको शिखर चुमेका महिलाहरूलाई काठमाडौंमा नागरिक अभिनन्दन, ब्यान्ड, फूल तथा अविर पहिऱ्याउँदै नगर परिक्रमा ।

**जेठ २६ गते आइतबार**

• तीन दलबीच राजनैतिक गतिरोध अन्त्य गर्न सहमति, सहमतिका लागि कार्यदल गठन ।

• पूर्वराजाद्वारा आफ्नो सहयोगका लागि १ सय ५० कर्मचारी माग, सरकारद्वारा अस्वीकार ।

• धर्मपुत्रपुत्री ग्रहणका लागि नयाँ व्यवस्था, पुराना सबै विकृति अन्त्य हुने सरकारी दावी ।

• प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको स्वास्थ्यस्थिति सामान्य रहेको नेपाली कांग्रेसद्वारा जानकारी ।

• यार्चागुम्बा टिप्न गएका ७ व्यक्तिको लेक लागेर मृत्यु, काँचो यार्चागुम्बा खाने तीन सिकिस्त ।

**जेठ २७ गते सोमबार**

• पूर्वमुमाबडामहारानी रत्नलाई नारायणहिटी दरबार परिसरस्थित महेन्द्र मञ्जिलमै बस्न दिने सरकारी निर्णय, नागरिक समाजद्वारा विरोध ।

• संविधानसभा निर्वाचनपछि काठमाडौंमा नेपाली कांग्रेसको बृहत् सभा, माओवादी अराजकताको चर्को विरोध ।

• पेट्रोलियम पदार्थको मूल्य समायोजनका विषयमा मन्त्रिपरिषद्मा विवाद, पेट्रोलियम पदार्थको मूल्य बढाउन माओवादीको दबाब ।

• यो वर्ष तीन वर्षयताकै सबैभन्दा धेरै आर्थिक वृद्धि, कृषि उत्पादन राम्रो भएका कारण आर्थिक वृद्धिदर ५ दसमलब ५६ प्रतिशत पुग्यो ।

**जेठ २८ गते मंगलबार**

• पेट्रोलियम पदार्थमा मूल्यवृद्धि, पेट्रोल प्रतिलिटर १ सय, डिजेल प्रतिलिटर ७०, मट्टीतेल प्रतिलिटर ६५, ग्याँस प्रतिसिलिन्डर १ हजार २ सय रुपैया कायम ।

• राष्ट्रपति साधारण बहुमतद्वारा चयन हुने र हटाउँदा महाअभियोगमार्फत दुईतिहाइ मत चाहिने व्यवस्था गर्नुपर्ने प्रमुख ३ दलको निर्णय ।

• माओवादीले रामराजाप्रसाद सिंहलाई राष्ट्रपति सिफारिस गरे सबै मधेसवादी दलले समर्थन गर्ने हृदयेश त्रिपाठीको दावी ।

• पूर्वराजाले श्रीपेच तथा राजदण्ड सरकारलाई दिने, युवराजको श्रीपेज दरबारमै पाइयो ।

• गृहमन्त्री कृष्णप्रसाद सिटौला तथा सूचना तथा सञ्चारमन्त्री कृष्णबहादुर महराद्वारा पूर्वराजालाई बस्न दिने निर्णय गरिएको नागार्जुन दरबारको निरीक्षण ।

• भीर महको सिकार गर्ने चरिकोटका दुई महसिकारीको मृत्यु ।

• पूर्व राजालाई सरकारले राष्ट्रको सम्पत्तिमा बस्न दिएको भन्दै नागरिक समाजद्वारा देशभर विरोध ।

• गणतन्त्र कार्वान्वयन गर्ने दिन राजधानीमा विस्फोट गराउने समूह पक्राउ, पक्राउ पर्नेहरूमा संघीय तामसालिङ स्वायत्त परिषद्का कार्यकर्ता ।

**जेठ २९ गते बुधबार**

• प्रमुख तीन दलबीच असहमति यथावत, शक्ति बाँडफाँड, छापामार व्यवस्थापन, संवैधानिक परिषद्, सुरक्षा परिषद् तथा जनताको कब्जा गरिएको सम्पत्ति फिर्ताका विषयमा कुरा मिलेन ।

• व्यवसायीद्वारा सवारीसाधनको भाडामा ४० प्रतिशतसम्म वृद्धि भएको घोषणा, पेट्रोलियम पदार्थको मूल्य बढाएको भन्दै विद्यार्थीहरूबाट ठाउँठाउँमा प्रदर्शन ।


पासहुनेनैगरी पढ्न आउनुहोस् ।
भर्ना खुल्यो - २०६५
समय: बिहान/दिउँसो/बेलुका
माध्यम: अंग्रेजी/नेपाली
PRIVATE { TEST/SLC-जि.शि.का. I.A, I.Com, B.A, M.A, M.P.A-TU
REGULAR Tuition & Coaching: { SLC, I.A, I.COM, I.Sc, +2, Bachelor & Master
'पढ्ने पढाउने त कला हो' जागिर खाँदा खाँदै पढ्ने इच्छा भएका समेत बेलैमा शैक्षिक परामर्शकासाथ अभिभावक-विद्यार्थी-अनुभवी शिक्षकहरूको प्रयासबाट पासहुनेनैगरी Capsule कक्षामा पढ्न आउनुहोस् ।
प्राइभेट एकेडेमी
पुतलीसडक, काठमाडौ, ✆ 01-4422105





महिला तथा पुरुषहरूको लागी
निःशुल्क व्यूटिसियन ट्रेनिङ्
NGO को सहयोगमा नेपाल सरकारद्वारा मान्यता प्राप्त साथै विदेशबाट तालिम प्राप्त प्रशिक्षकहरुद्वारा अत्याधुनिक मेशिनमा कोर्ष ग्यांरेन्टीका साथ Basic, Advance, Diploma, Hair Dressing Teacher Course र Advance Skin Therapy का साथै अन्य Special कोर्षहरुमा ग्यारेन्टीका साथ रोजगारीको अवसर सहित भर्ना खुल्यो ।
SLC दिएर बसेका विद्यार्थीहरूलाई विशेष ग्राह्यता
✪विदेश जानेहरूको लागी विशेष कोर्षको पनि व्यवस्था छ ।
सम्पर्क:
एन्जल ब्यूटी होम
चावहिल चोक लेडिज एण्ड जेन्स् पार्लर -२१९००८७, डिल्लीबजार -२३२७३३१
लगनखेल पाटन अस्पताल संगै -९८४१३२३६३१, नयाँ बानेश्वर -२१०४०२०,
क्षेत्रपाटी चोक -४२५५९९०, नारायणघाट धर्मचोक - ९८४५०५५७०५



+2/SLC १ बर्षमै

SLC दिन चाहनेहरुले १बर्षमै Math/Sci नदिई SLC, SLC पास भई कम्तिमा १बर्ष ग्याप भए एकबर्षमै +2 गर्न सकिने भारतको सरकारी NIOS Delhi Board मा +2/SLC मा भर्ना खुल्यो बिहानी/बेलुकी कक्षा
याद गर्नुहोस् है NIOS मा Admission हुँदैमा Pass हुँदैन त्यसैले
पाँच बिषयमात्र दिए पुग्ने Math/ Sci नदिए पनी हुने
Exam काठमाण्डौमा Indian Embassy मा हुने
नेपालमा TU, KU, HSEB र बिश्वभरी समकक्ष मान्यता प्राप्त
सहि परामर्श लिएर अध्ययन गरे मात्र पास गर्न सजिलो
KANTIPUR INTL OPEN EDUCATION
NECA
Books, Questions, guide, CDs Provided
New Baneshwor KTM, Phone: 2044082, 2042831
BICC पानी ट्याकीं पछाडी



जिल्ला शिक्षा कार्यालयबाट लिइने
प्राईभेट TEST/SLC
भर्ना मात्र ५ दिन बांकी
विगत २०६४ सालको Test परिक्षामा ७५ जनामा ७५ जनानै १००% पास गराउन सफल काठमाडौंको एक मात्र शैक्षिक संस्थामा भर्ना खुल्यो ।
गुणस्तरीय शिक्षाको खोजी गरौं
NIOS (Delhi Board) SLC का लागि कक्षा ५,६,७ फेल वा ८ को मार्कसिट नभएका बिद्यार्थीहरुले पनि सम्पर्क राख्न सक्ने छन् ।
११ को परिक्षा नदिई मात्र कक्षा १२ को परिक्षा दिई
१ बर्षमै सजिलै +2 पास गरौं
नयाँ बानेश्वर जेम्स ओपन स्कूल ०१६२२३२५१ ९८४१२०३८३६
नयाँ बजार SANDRA ओपन स्कूल 4361712 चितवन 056-525918
Koteshwor Kamana ओपन स्कूल ४६००३३५ 9841915895



अर्जेन्ट आवश्यकता
NGO संग विगत ३ वर्षदेखि आवद्ध संस्थालाई कर्मचारीहरुको आवश्यकता।
पार्टटाइम, फुलटाईम जबको व्यबस्था।
**तलब**-७०००+गाडीभाडा
**संख्या**: १९ जना
**योग्यता**: साधरण लेखपढ, Test-SLC + above
*नोट : Test/SLC दिएर बसेका विद्यार्थी तथा महिलागृहणीलाई प्राथमिकता*
**सम्पर्क:**
४६००६१०, ९८०३८१०६२५,
कोटेश्वर
*शनिबारपनि अफिस खुल्ला रहनेछ*



NGO को सहयोगमा संचालित
निःशुल्क ब्युटिसियन तालिम लिई स्वरोजगार बनौं ।
❊ वर्षौं अनुभवी प्रशिक्षकद्वारा सिकाइने ।
❊ आधुनिक मेसिनबाट सिकाइने ।
❊ विदेश जानेको लागि Special Class
❊ उत्कृष्टहरुलाई रोजगारीको अवसर
ग्यारेन्टीका साथ
Basic/Advance/Diploma/ Hair Special/ Skin Care
सम्पर्क :
Princess Beauty Home
चाबहिल (श्रेष्ठ टेलरिङ्ग अगाडि)
मोबाइल : ९८४१७६६२१४, ९८४१४१५२१५





## सम्पादकीय

# सिर्जनामा लगाम

एक साताअघि राजधानीमा आदिवासी चलचित्र महोत्सव प्रारम्भ हुनुपूर्व त्यहाँ देखाइने चलचित्रहरू सेन्सर गर्नुपर्ने चलचित्र विकास बोर्डका सदस्यहरूको कथनले तरङ्ग ल्यायो । महोत्वसमा देखाइने चलचित्रहरू सार्वजनिक प्रदर्शनका लागि नभएकाले यस्ता चलचित्रको सेन्सर हुनुपर्दैन भन्ने जिकिर आदिवासी चलचित्रकर्मीको थियो । बोर्ड भने चलचित्र आफ्नो अधिकार क्षेत्रभित्र पर्ने भएकाले गलत चलचित्र प्रदर्शन नहोस् भन्ने आसय राखेको बताउँदै सेन्सरप्रतिको आफ्नो दाबीलाई सही बताइरहेको थियो । वास्तवमा बोर्ड तथा चलचित्रकर्मीका बीच देखिएको लडाइ सतहमा देखिए जस्तो महोत्सवमा देखाइने चलचित्रका विषयमा मात्र केन्द्रित थिएन । मुख्य कुरा माओवादी निकट रहेका बोर्डका पदाधिकारीहरू आदिवासी चलचित्रकर्मीसम्म आफ्नो पहुँच पुऱ्याउन चाहन्थे । चलचित्रकर्मीहरू भने बोर्डले केही समयदेखि चलचित्र निर्माणमा गर्न थालेको विभिन्न हस्तक्षेपले सिर्जनालाई कमजोर पार्ने हो कि भन्ने डरले सिद्धान्तको लडाइ लडिरहेका थिए ।

नेकपा (माओवादी) ले सँचना तथा सञ्चार मन्त्रालयको कार्यभार सम्हालेयता चलचित्र विकास बोर्डले नयाँ–नयाँ नियम बनाउन थालेको छ । बोर्डले ल्याएको पहिलो नियम नै चलचित्रकर्मीहरूका लागि आपत्तिजनक रह्यो । चलचित्र निर्माण गर्नुअघि सम्पूर्ण स्क्रिप्ट (कथा, पटकथा एवं संवाद) बोर्डलाई बुझाउनुपर्ने नियमले सिर्जनामै सेन्सर गर्न सक्ने खतरा छ । आफ्नो दल वा नीतिविरोधी चलचित्र बनेको खण्डमा त्यस्ता चलचित्रलाई बन्न नदिने अवस्था यो नियमले सिर्जना गरेको आरोप चलचित्रकर्मीहरूको छ । त्यतिमात्र होइन, बोर्डमा बुझाइएको स्क्रिप्टको कथावस्तु चोरी भएको खण्डमा लाखौंको लगानी डुब्ने आशंका पनि चलचित्रकर्मीले गरेका छन् । यस्तो नियमले चलचित्रकर्मीबीच फाटो ल्याउने वा असमझारी उत्पन्न गराउने दाबी पनि उनीहरूको छ । यो आशंका मेटाउन बोर्डले केही काम त गरेन नै, बरु उल्टैमहोत्सवमा देखाइने चलचित्र सेन्सर गर्नुपर्ने कतै नभएको नियम लागू गर्न खोजेको आरोप चलचित्रकर्मीहरूको छ । बोर्डले ल्याएको विभिन्न नियम गत वर्ष सर्वोच्च अदालतले गरेको निर्णयविरुद्ध पनि छ । सर्वोच्च अदालतले चलचित्र निर्माण गर्न विभिन्न संस्थाहरूको इजाजत लिनुपर्ने नियमलाई सिर्जनामाथिको अवरोध भन्दै त्यसो नगर्न आदेश गरेको थियो । सर्वोच्च अदालतले चलचित्र निर्माणपछि मात्र सेन्सर गर्नुपर्ने आदेश दिएको थियो, तर अहिले चलचित्रको निर्देशन गर्न निर्देशकहरूको एउटा संगठनको जाँचपास गर्नुपर्ने कुरा पनि आइरहेको छ ।

यी सबै घटना अध्ययन गर्दा अहिले चलचित्र विकास बोर्डले क्रान्तिकारी हुने नाममा निरंकुश तथा अलोकतान्त्रिक निर्णय गरिरहेको प्रतीत हुन्छ । लोकतान्त्रिक आन्दोलनमा सहभागी हुने चलचित्रकर्मीले त्यसबेला चलचित्र निर्माण गर्दा इजाजत लिनु नपर्ने, सरकारी निकायमा नाम दर्ता गरेपछि अन्य अप्ठ्यारो बेहोर्नु नपर्ने, सेन्सरको तत्कालीन व्यवस्था खारेज गर्नुपर्ने सामूहिक प्रतिबद्धता जाहेर गरेका थिए । बोर्डमा नयाँ नेतृत्व जाँदा उनीहरूलाई लोकतान्त्रिक आन्दोलनताका चलचित्रकर्मीहरूले गरेका सामूहिक प्रतिबद्धता सम्झन सुझाव दिएका थिए । यद्यपि अहिले बोर्डको कार्यशैली एवं निर्णयहरू हेर्दा कसैलाई पञ्चायतकालको सम्झना आयो भने त्यो स्वाभाविक हो ।

अँध्यारोबाट उज्यालोतिर बढ्न, नछुटाऊँ साप्ताहिक पढ्न।
सौजन्य : साप्ताहिक–पाक्षिक पत्रिका राष्ट्रिय सञ्जाल

## चिठीपत्र

### अभियान थाल्न सुझाव

भूतपूर्व राजा ज्ञानेन्द्रले दक्षिणकालीमा पूजा-अर्चनाका लागि जाँदा र आउँदा तथा त्यसपछि पनि आफैं गाडी हाँकेको देखियो । ज्ञानेन्द्रले प्रायःजसो आफै गाडी हाँकेको देखिन्छ । राजा भन्नेबित्तिकै विलासिताको प्रतीक सम्झिने परम्परा छ । यद्यपि ज्ञानेन्द्रले स्वावलम्बी बनेर आफै गाडी हाँकेर उदाहरणीय काम गरेका छन् । तर यसको ठीक उल्टो, दासप्रथाको उन्मूलनको नारा गुन्जाउने माओवादी अध्यक्ष प्रचण्ड भने जहाँतहीं चालकको पछि-पछि डोरिएको पाइन्छ । के आफ्नो गाडीमा चालक प्रयोग गर्नु पनि सुविधा भोगी हुनु होइन ? देश हाँक्ने हिम्मत गर्ने यत्रा ठूला नेताले सानो गाडी पनि हाँक्ने हिम्मत नगर्नु विडम्बनाको कुरा हो ।

प्रचण्ड मात्र होइन, अरू नेताहरूले पनि आफ्नो गाडी आफैं हाँक्ने प्रयास गर्नुपर्छ । यदि जनताका लागि राजनीति गर्ने नेता हो भने सबै नेताले गान्धी र तुलसीमेहरको जीवनशैली अनुसरण गर्नैपर्छ । प्रायःजसो नेपाली नेताले आफ्नो आर्दश गान्धीलाई मान्छन्, तर तिनीहरूको व्यवहारमा त्यसको गन्धसम्म पाइँदैन । आफैं गाडी चलाउनु सुरक्षाको हिसाबमा पनि ठीक छ भने यसले 'स्वयंको लागि स्वयं दास' को पाठ पनि जनतासम्म पुग्छ । यदि नेताहरूले आफ्नो गाडी आफैं हाँक्ने अभियान चलाए भने यसले उनीहरूलाई आत्मनिर्भर बनाउनेछ ।

नेपाल गरिब देश हो । यहाँका जनताले सर्वसुलभ यातायात सेवा पाउन सकेका छैनन् । यात्रुहरू सार्वजनिक बस, टेम्पु, माइक्रोमा झुन्डिएर यात्रा गर्न विवश छन्, तर यसको ठीक विपरीत नेताहरू भने विश्वका धनी देशका नेताहरूको सिको गरिरहेका छन् । यो प्रथाले पनि अन्याय र विसमताको संकेत गरेको छ । मुखले चाहिँ भौतिक विलासलाई तिलाञ्जलीको कुरा गर्ने तर आरामदायी गाडीमा ड्राइभर राखेर हुइँकिन यी नेताहरूलाई कसैले छेक्दैन ।

नेताहरूको गाडी सुरक्षात्मक हुनाका साथै भौतिक आकारले पनि चिटिक्क परेको हुन्छ । अझ गाडीको भित्र पुग्दा अर्कै संसारमा पुगेको अनुभव हुन्छ । नेताहरूलाई गाडीभित्रका यी सुविधाले विलासी बनाएको छ । यदि नेताहरू सुरक्षाका हिसाबमा यस्ता गाडी प्रयोग गर्छन् भने त्यो उनीहरूको मुर्खता मात्र हो । असुरक्षालाई कुनै पर्खालले नछेक्ने कुरा घामजत्तिकै सत्य छ । गत वर्ष डिसेम्बर २७ मा मारिएकी पाकिस्तानी पिपुल्स पार्टीकी नेतृ बेनजिर भुट्टो किमती गाडीभित्रै मारिएकी हुन् । के बेनजिरतिर तेर्स्याइएको बन्दुकलाई किमती कारका किमती सिसाहरूले सुरक्षा प्रदान गरे ? यसकारण आफ्नो देशका जनताको जीवनस्तर मूल्यांकन गरी नेताहरूले गाडी चढ्नु उचित हुन्छ ।

नयाँ नेपालको राजनीति आदर्शमा आधारित हुनुपर्छ, परोपकारमा आधारित हुनुपर्छ । जनता केवल भोटका लागि मात्र प्रयोग हुने मेसिन होइन । जनताकै अनुग्रहमा नेताहरू सत्तामा पुगेका हुन् । नेताहरूले लिँदै आएको सुविधामा कटौती हुनैपर्छ ।

अमेरिका र अरू विकसित देशका राष्ट्रपति र नेताहरूको गाडीको सिको गर्न नेपाली नेताहरूलाई सुहाउँदैन, किनभने ती देशमा एउटा बेरोजगारले पनि गाडी चलाइरहेको हुन्छ । त्यहाँ जनस्तरसम्म गाडीको पहुँच छ, तर नेपाल, जहाँ गाडीको पालो कुर्न पनि घण्टौं लाग्छ, जहाँ गाडीभित्र यात्रुको कोचाकोच हुन्छ, यस्तो मुलुकमा नेताहरूले महँगो गाडी सुविधा लिनु उचित होइन । नयाँ नेपालमा 'सुरक्षा भएको, सुविधा नभएको' गाडीको अभियान नै चलाएर, नेपाली नेताहरूले विश्वमा एक प्रकारको आदर्श प्रदर्शन गर्नुपर्छ । आ-आफ्नो महँगो गाडी बिक्री गरी, त्यसको ठाउँमा सस्तो गाडी खरिद गरेर र गाडीको चालक स्वयं भै त्यसबाट बचेको रकमले देशको गरिबी मेट्न पहल गर्नुपर्छ ।

**–प्रेमकृष्ण श्रेष्ठ, कीर्तिपुर, काठमाडौँ**

### नयाँ नेपाल

- जब निरङ्कुश शासन हुँदैन, सबै समान हुन्छन् तथा कोही पनि शोषित र पीडित हुँदैनन् ।
- जब सुन्दर र शान्त वातावरण हुन्छ, सबै जनता पहिले आफ्नै गाउँ वा सहरबाट विकास कार्य सुरु गरी देशविकासमा अग्रसर हुन्छन् ।
- जब रोजगारीको व्यापकता हुन्छ र काम गर्न सक्नेले काम नपाई भोकभोकै मर्नुपर्दैन ।
- जब जनसंख्या वृद्धिदर स्थिर हुन्छ अर्थात् एक दम्पतीले एकभन्दा बढी सन्तान जन्माउँदैनन् ।
- जब सबै स्वस्थ र शिक्षित हुन्छन् अनि यातायात, सञ्चार, विद्युत्, खानेपानी आदिको पर्याप्त सुविधा हुन्छ ।
- जब महिला र पुरुष समान हुन्छन् अनि समान अवसर पाउँछन् ।
- जब भ्रष्टाचार रोकिन्छ ।
- जब हिमाल, पहाड र तराईका जनता मिलीजुली बस्छन् । जातीय तथा लिङ्गीय भेदभावको अन्त्य हुनेछ ।
- राज्य धर्मनिरपेक्ष हुनेछ, कसैलाई काखा कसैलाई पाखा हुँदैन ।
- ठूला-ठूला उद्योग-कारखाना तथा जलविद्युत् आयोजनाहरू स्थापित हुनेछन्, साथै उच्च प्रविधिको विकास हुनेछ ।
- प्रदूषण हुँदैन, ऊर्जाका वैकल्पिक स्रोतहरूको प्रयोग हुनेछ ।
- जब तीव्र रूपले आर्थिक विकास हुनुका साथै प्रतिव्यक्ति आय बढ्नेछ र आन्तरिक कलह सदाका लागि टुङ्गिनेछ ।

त्यसपछि मात्र विश्वमा नेपाल विकसित देशका रूपमा चिनिनेछ ।

**–सन्देश शर्मा, बालाजु,**

## तीतो सत्य

- प्रगति पथमा अघि बढ्नु छ भने हिम्मत हार्नुहुँदैन ।

**वसन्त खत्री, पनौती**

- दुःखमा हाँस्न नसक्नेहरू सुखमा पनि हाँस्न सक्दैनन् ।
- अपराध कहिल्यै लुक्दैन, सत्य कहिल्यै झुक्दैन ।
- तिमी यति सोझो पनि नबन कि बिनाकारण कसैले तिमीलाई दोषी ठहऱ्याउन सकोस् ।
- जीवन त सबैको एउटै हो तर जिउने शैली फरक हुन्छ ।
- यदि तिमी विश्वासिलो बन्न चाहन्छौ भने बोलीभन्दा काम गरेर देखाऊ ।

**विपिन थुलुङ, खोटाङ**

- कर्मबिनाको आस्था मृत आस्था हो ।
- मित्र बनाउन जति सजिलो छ मित्रता कायम गर्न त्यति नै गाह्रो ।
- संसारमा असल मित्र भेट्टाउन जति गाह्रो छ खराब मित्र फेला पार्न त्यति नै सजिलो छ ।

**नारायण कुँवर, तानसेन**

- मानिस, मानिससँग लडाइँ गर्छ, प्रतिस्पर्धा गर्छ र विजय प्राप्त पनि गर्न सक्छ, त्यति मात्र होइन मानिसले आफ्नो शक्तिले संसारलाई आफ्नो मुठ्ठीमा पार्न सक्छ तर उसले मृत्युसँग हार्नुपर्छ ।
- जब आफू कमजोर भइन्छ तब शत्रु बलवान् हुन्छ ।

**पद्मा सिटौला, इटहरा**

- मानिस कहिल्यै नराम्रो हुँदैन । उसलाई केवल पैसाले नराम्रो बनाएको हुन्छ ।
- इनारभित्रको भ्यागुतालाई के थाहा संसार कत्रो हुन्छ ?

**श्याम पराजुली, पर्सा**

*'तीतो सत्य' स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन हार्दिक अनुरोध छ ।*

*–सम्पादक*

## नीति नियम

जहाँसम्म सम्भव हुन्छ त्यहाँसम्म दुवैपक्षका साक्षीलाई घटनास्थल वा अन्य स्थानमा उपस्थित गराउनुपर्छ । जुन साक्षी उपस्थित हुन मान्दैन त्यसलाई न्यायाधीशको आदेशबाट उपस्थित गराउनुपर्छ । ऋणको नियम–अनुसार लालमोहर लगाएर राखेको धरौटी आदि नियमहरू पनि सम्झनुपर्छ । शत्रुको आक्रमण भएको, राष्ट्रमा उत्पात मच्चिएको चोरद्वारा गाउँ लुटिएको, गाउँमा आगलागी भएको, बाढी आएर बगाएको, डुंगामा डुबेको, सम्पूर्ण सामान चोरी भएको अवस्थामा यदि धेरौटी राख्ने व्यक्ति मात्र स्वयं बचेर निक्लेको छ, तर धरौटी राखेको वस्तु बचाउन सकेन भने त्यसलाई अपराधी भन्न सकिँदैन । उसलाई धरौटी राखेको वस्तु फिर्ता माग्न बाध्य पार्न सकिँदैन । यदि कुनै व्यक्तिले धरौटी राखेको वस्तु नाश, बिगार गरिदिए धरौटीको पूरा मूल्य तिर्नुपर्छ र चौबीस पण दण्ड जरिवानाबापत दिनुपर्छ । यदि धरौटी राख्न दिएको वस्तु अरू कसैले सामु राखेमा वा बेचिदिएमा वा हिनामिना गरेमा त्यसको चार गुणा मूल्य तिर्नुपर्छ र त्यसको पाँच गुणा दण्ड–जरिवाना तिर्नुपर्छ ।

-कौटिल्यको अर्थशास्त्र

अनुवाद : रामहरि बञ्जारा

सहर चर्चा



# धर्मेन्द्रले छुँदैछन् उचाइ

लेकसाइडका बारहरूमा एउटा अजबको स्वर घन्किन्थ्यो । थुप्रै विदेशी उनका गीत सुनेर मदमस्त हुन्थे अनि विदेशीहरू उनका गीतका फ्यान पनि बने । लगातार दुई वर्ष अंग्रेजी गीत गाएर पर्यटक तान्ने ती गायक थिए– धर्मेन्द्र सेवान । नेपाली ताराले प्लेट फर्म नदिएको भए अहिले पनि उनी लेकसाइडकै बारहरूमा गाइरहेका हुन्थे । नेपाली तारामा फस्ट रनर-अप बनेपछि उनको चर्चासँगै गायनमा पोखराबाट एउटा नाम पनि थियो । धर्मेन्द्र भन्छन्- 'नेपाली ताराले नै मलाई धर्मेन्द्र सेवान बनायो ।' उनको स्वरमा आफ्नैपन छ अनि मिठास पनि । स्वरमा पाइने यही विविधताका कारण गायनमा उनको उचाइ बढेको हो । धर्मेन्द्र भन्दै थिए- 'मैले आफ्नो स्थान बनाउन अझ बढी मेहनत गर्नुपर्छ ।' काठमाडौंमा संगीतको वातावरण छ, उनी भन्दै थिए- 'स्थान बनाउन म पनि त्यही भीडमा हराएको छु ।' सबै खाले गीत गाउन माहिर सेवान सबै खाले दर्शक तथा श्रोतालाई हुने गीतहरू दिन चाहन्छन् ।



# अन्जु श्रेष्ठ

अग्ली अनि हिस्सी परेकी अन्जुलाई उनका सहपाठीहरूले मोडलिङमा लाग्न हौसाए । सुरुका दिनमा अलमल्ल परेकी अन्जु साथीहरूको आग्रहपछि भने सोच्न बाध्य भइन् । अन्जु यतिबेला यस क्षेत्रमा स्थापित भैसकेकी छिन् । पाँच वर्षअघि मिस्टर एन्ड मिस इन्टरकलेज पोखराबाट अन्जुले आफ्नो मोडलिङ यात्रा प्रारम्भ गरेकी हुन् । राष्ट्रबैंक चोक, पोखराकी २० वर्षीया अन्जुले पोखराको मोडलिङमा आफ्नो अलग स्थान बनाएकी छिन् । म्युजिक भिडियोदेखि फेसन सोहरूमा उनको उपस्थिति रहने गरेको छ । उनले आधा दर्जन भन्दा बढी र्‍याम्पमा आफ्नो क्याटवाक क्षमता प्रदर्शन गरिसकेकी छिन् ।

५ फिट ६ इन्च अग्ली अन्जुलाई उचाइले त साथ दिएको छ, तर उनी मोडलिङमा लाग्न उचाइ र आवरण सुन्दरता मात्र प्रयाप्त नभएको बताउँछिन् । आत्मविश्वास र क्षमता मोडलिङको पहिलो सर्त हो भन्ने उनको मान्यता छ । छिट्टै अरूलाई विश्वास गरिनहाल्नु उनी आफ्नो कमजोरी मान्छिन् । उनको स्वभाव भने निडर र सफा छ । साथीहरूसँग घुम्नु, मनोरञ्जन समाचार पढ्नु र इन्टरनेटमा रमाउनु उनका रुचि हुन । पछाडि कुरा काटेर अरूको उपहास गर्ने मान्छे उनलाई पटक्कै मन पर्दैनन् । पोखराबाट सञ्चालित वेबसाइट लभ्लीपोखरा डटकम तथा चितवनबाट सञ्चालित साइबर चितवन डटकममा उनका भिन्न पोजका तस्बिर हेर्न सकिन्छ ।

**–शिव शर्मा**

## मुखाले

म गिनिज बुकमा नाम लेखाउने लालचले सगरमाथामा चढेको होइन ।

**मीनबहादुर शेरचन, सगरमाथा आरोहण गर्ने सबैभन्दा वृद्ध पुरुष**

पुष्पकमल दाहालले क्रान्तिकारी प्रतिबद्धता छाडेर खिचडी सरकारमा जानु हुँदैन ।

**चन्द्रशेखर आजाद, प्रवक्ता, भारतीय कम्युनिस्ट पार्टी (माओवादी)**

पूर्वराजाले नारायणहिटीमा रहेका गाईवस्तुको चिन्ता गर्नुपर्दैन । जसले हेरचाह गर्छ, दूध पनि उसैले खान्छ ।

**गिरिजाप्रसाद कोइराला, प्रधानमन्त्री**

बाग्मतीको पानीको चिन्ता नगर्नुहोस्, जसरी सामन्तवादको फोहोर सफा भयो, त्यसैगरी बाग्मती पनि सफा हुनेछ ।

**पुष्पकमल दाहाल अध्यक्ष, नेकपा (माओवादी)**

माओवादीको कमजोरीलाई बाहाना बनाएर एमाले दक्षिणपन्थी ध्रुवको सेवामा लाग्नु हुँदैन ।

**वामदेव गौतम, नेता, नेकपा (एमाले)**

देश संघीय गणतन्त्रमा गएर मात्र नयाँ नेपाल बन्दैन, त्यसैअनुसार भाषा र संस्कृतिको पनि संरक्षण गर्नुपर्छ ।

**बैरागी काइँला, प्राज्ञ**

देश संघीय संरचनामा जाने भएकाले प्रहरीको संरचना पनि परिवर्तन हुन्छ ।

**कृष्णप्रसाद सिटौला, गृहमन्त्री**

म मित्रहरूलाई एक मधेस एक प्रदेशको सपना नदेख्न आग्रह गर्छु ।

**डा. रामवरण यादव महामन्त्री, कांग्रेस**

# यसरी बाहिरिए राजा





• अश्विनी कोइराला

पूर्वराजा ज्ञानेन्द्र गणतन्त्र कार्वान्वयन भएको १४ औं दिन आफ्नी श्रीमती कोमलसहित नारायणहिटीबाट बाहिरिएका छन्। साइत हेराएर दरबार छाडेका पूर्व राजा सरकारले उपलब्ध गराएको नागार्जुन दरबारमा प्रवेश गर्दा उनका आफन्तहरूले स्वागत गरेका थिए। एक दिनअघि नै नागार्जुन दरबारमा भोजका लागि निमन्त्रणा पाएका आफन्तहरूले पूर्वराजाको स्वागत गरे। उनी बाहिरिंदा सकेसम्म गोप्यता अपनाइएको थियो। नागार्जुन दरबारमा राती अबेरसम्म भोजमा सामेल भएका ज्ञानेन्द्रले आफन्तसँग दुःख-सुखका कुरा गरेको बताइएको छ।

दरबार छाड्नुअघि ज्ञानेन्द्रले नागरिकका रूपमा पहिलोपल्ट पत्रकार सम्मेलन गरे। पत्रकार सम्मेलनमार्फत् उनले दरबार हत्याकाण्डका विषयमा आफूमाथि लागेको आरोपको खण्डन गर्दै राष्ट्राध्यक्षका रूपमा आफूले गरेका काम देश र जनताको पक्षमा गरेको निर्दोष कदमका रूपमा व्याख्या गरे। पूर्वराजा ज्ञानेन्द्रले नागरिक भएपछि आफू देशमै रहने विश्वास पनि दिलाए। स्वदेश तथा विदेशबाट जम्मा भएका सयौं पत्रकारले प्रश्न सोध्न नपाई ज्ञानेन्द्रले पत्रकार सम्मेलनस्थल छाडेका थिए।

ज्ञानेन्द्र बाहिरिनु एक दिनअघि उनले प्रयोग गर्ने बिच्छौना, खाद्यान्न, लत्ताकपडा सैनिकट्रकबाट नागार्जुन पुऱ्याइयो। ती सामग्री नारायणहिटीको उत्तरतर्फको गेटबाट दुईवटा ट्रकमा हालेर त्यहाँ पुऱ्याइएको सैनिक स्रोतले साप्ताहिकलाई बताएको छ। नारायणहिटीमा दक्षिणतर्फ दुई ढोका छन् भने पूर्व, पश्चिम तथा उत्तरमा एक-एकवटा द्वार छन्।

राजा भएर ज्ञानेन्द्रले ७ वर्ष ६ दिनसम्म नारायणहिटीलाई आफ्नो मुख्य स्थान बनाए। त्यसबेला उनको सुरक्षामा प्रत्यक्ष र अप्रत्यक्ष गरी ३ हजार ३ सयजति सुरक्षाकर्मी तैनाथ थिए। ठूलो सुरक्षाका बीच बसेका ज्ञानेन्द्र नागरिक भएर निस्कँदा उनलाई सुरक्षा दिने प्रहरी तथा सेनाको संख्या ७५ मा खुम्चिएको छ। उनका निजी रक्षकको पदमा रहेका विनोद बस्नेत, विजयविक्रम खड्का, सहाजन खाँण, रतीन्द्र क्षेत्री, कमल रावल, निरञ्जन कार्की अस्ति बुधबारदेखि सैनिक मुख्यालयमा हाजिर हुन थालेका छन्। राष्ट्रका नाममा रहे पनि ज्ञानेन्द्रले पोखराको रत्न दरबार, नागर्जुन दरबार तथा हैटौंडा तथा चितवनमा रहेका दरबारलाई राजाले निजी भवनका रूपमा प्रयोग गर्थे। त्यतिमात्र होइन, मल्लकालीन हनुमानढोका दरबारका सटर तथा संग्रहालयबाट हुने मासिक पाँच लाख रुपैयाँ बराबरको आम्दानी पनि राजाकै खातामा जम्मा हुन्थ्यो। सरकारले राजा तथा राजपरिवारलाई वार्षिक करोडौं रुपैयाँ भत्ता दिनुपर्थ्यो। राजाबाट हट्नेबित्तिकै पुराना सबै आम्दानी काटिएका छन्। अहिले सरकारले उनलाई केही समयका लागि नागार्जुन दरबारमा बस्न दिएको हो। उनले अब सरकारबाट पाउने भत्ताबाट होइन, आफ्नै व्यापार व्यवसायबाट प्राप्त रकमबाट गुजारा गर्नुपर्नेछ।

नारायणहिटी क्षेत्र नेपालका राजाहरूका लागि सधैंभसर अभिसाप हुँदै आएको पाइन्छ। जनश्रुतिअनुसार लिच्छविकालीन राजा धर्मदेवका पालामा अनिकाल परेपछि उनी यही क्षेत्रमा मारिएका थिए। धर्मदेवलाई आफ्नै छोरा मानदेवले मारेपछि मात्र काठमाडौंको अनिकाल हट्ने भविष्यवाणी ज्योतिषीहरूले गरेका थिए। फलस्वरूप धर्मदेव छोरा मानदेवबाटै मारिए। यो एउटा किम्बदन्ती मात्र हो भन्ने मानिए पनि आधुनिक इतिहासमा नारायणहिटीमै दुईवटा ठूला हत्याकाण्ड भए। विक्रम सम्बत् १९४२ मा तत्कालीन प्रधानमन्त्री रणोद्दीप सिंहको हत्या पनि नारायणहिटीमै भएको थियो। उक्त घटनामा रणोद्दीप सिंहसँगै थप ८ जना दरबारका शक्तिशाली पदाधिकारीहरू पनि मारिएका थिए। उक्त हत्याकाण्डको १ सय १६ वर्षपछि २०५८ जेठ १९ गते राती राजा वीरेन्द्र सहित १० जनाको हत्या भयो।

ज्ञानेन्द्र बाहिरिएपछि शाहवंशीय राजाका ५ पुस्ताले १ सय २२ वर्षसम्म शासन गरेको नारायणहिटी राजदरबार अब जनताको नासोमा परिणत भएको छ। ज्ञानेन्द्रको बहिर्गमनसँगै शाहवंशीय राजाहरूको राजनैतिक अवसान भएको छ। राजनैतिक सत्ताको यो अवसानसँगै वि. सं. १६१६ मा द्रव्य शाहले स्थापना गरेको तत्कालीन गोर्खाको टाकुरे राजतन्त्र उनका १० औं पुस्ताका उत्तराधिकारी पृथ्वीनारायण शाहले वि.सं. १८२५ मा काठमाडौं विजयसँगै विशाल नेपालको आधार दिएका थिए। ज्ञानेन्द्र शाह वंशका आदिपुरुष द्रव्य शाहका २० औं पुस्ताका २२ औं राजा थिए। नेपालको राजतन्त्रको इतिहासमा रमाइलो पक्ष के छ भने लमजुङका राजा नरहरि शाहका भाइ द्रव्य शाहबाट प्रारम्भ भएको शाह वंशीय शासन राजा वीरेन्द्रका भाइ 'ज्ञानेन्द्र' मै आएर टुङ्गिएको छ।

JOB GUARANTEE
उद्घोषण तालिम
विकल्प अझै ठूलो
विद्यार्थीहरुको विशेष अनुरोधमा चर्चित तथा ख्यातिप्राप्त रेडियोकर्मीद्वारा संचालित संस्था विकल्प, द अप्सन
अब बागबजारमा पनि
अबसरै अवसर बीच विशेष उद्घोषण तालिम
विकल्प एफ.एम. TIME मा कार्यक्रम चलाउन १००% ग्यारेण्टी
नयाँ कक्षा धमाधम संचालन भइरहेको छ।
प्रशिक्षकहरू
» हेम सुवेदी
» कुसुम बज्राचार्य
» रीता लिम्बु
» महिमा भट्टराई
» पवन आचार्य
» दिपक समिर
» मुनाल शिशिर
» केशवजङ्ग पाण्डे
सम्पर्क BIKALPA, THE OPTION
विकल्प कम्प्लेक्स
Head Office :
Kupondol, Lalitpur
फोन: ५०११५२३
Branch Office :
Bagbazar, Kathmandu
Near Shrestha Tailoring
फोन: ९८०३०५२४९९
"बसेर सुन्ने हैन, अब सुनाउने पालो तपाईको"
रु १,०००/- छुट सहित

होटल तालिम त्यो पनि छुटमा २००३ मा स्थापित
नेपाल सरकारबाट स्वीकृत प्राप्त, पाँचतारेको प्रशिक्षक
Worldwide valid Certificate
COOK (1, 2, 3, 6 month)
Continental, Italian, Chinese, Indian
WAITER (1, 2, 3 month) Barman, Bakery, Tandoori, Salesman, Receptionst, House Keeping, Diploma in Hotel Mgmt., F & B Mgmt., Coffee, Juice maker, Roomboy, Bellboy, House Wiring, Plumber etc.
EPS मा कोरियन भाषाको तालिम
UK, Australia, Canada मा student visa मा जानेलाई Job Replacement, Airport Pickup, parttime & fulltime Job को लागि यहाँ सिप सिकेर जाऔं
३ महिने कुकमा FREE WAITER/ ENGLISH LANG.
होस्टलको पनि व्यवस्था छ
६ महिने कुकमा FREE BARMAN/६ जनाको ग्रुपमा आउँदा १ जना FREE
थप Industrial Training लाई Star Hotel मा पठाइने
आफ्नै FIVE STAR STANDARD RESTAURANT भएको
जागिरको व्यवस्था स्वदेश र विदेशमा सहयोग गरिने।
Student Visa मा जानेलाई Special Discount
Student Visa, Work Permit, PR, DV lottery मा जानेलाई विशेष तालिम
र्याडीसन होटल ट्रेनिङ्ग सेन्टर
Bagbazar, Near P.K. Campus way to Ratnapark
2200889, 016913003, 9841-891131
साहारा होटल तालिम सेन्टर
(Sahara School of Hospitality Mangement and Tourism Nepal)
नयाँ बानेश्वर, शिवदर्शन हल अगाडि, ओखरवोट मार्ग
2040782, 016200575, 98510-93629
र्याडीसन होटल तालिम सेन्टर
नयाँ बानेश्वर, BICC पानी ट्याङ्किको ठीक अगाडि
4464720, 9841-891131, 98510-93629

# नेपालीहरू मुछिएका दिल्ली हत्याकाण्ड

पृष्ठ १ बाट जारी

नेपाली नागरिकहरू हेमराज (यज्ञप्रसाद बञ्जाडे), राजु थापा र कृष्ण थापा यो हत्याकाण्डमा मुछिएका व्यक्ति हुन् । नोकरी खोज्ने क्रममा भारतको नयाँ दिल्ली पुगेका यी तीनमध्ये हेमराज मारिएको अवस्थामा फेला परेका छन् भने घटनाकी मुख्य पात्र आरुषीको हत्यामा संलग्न भएको अनुमानमा हेमराजका ज्वाइँ जीवन शर्माका साथी कृष्ण थापा अनुसन्धानका निम्ति पक्राउ गरिएका छन् ।

विश्वकै दोस्रो धेरै जनसंख्या भएको मुलुक भारतमा दिनहुँ विभिन्न आपराधिक घटनाहरू घटिरहेका हुन्छन् जसलाई त्यहाँका सञ्चारमाध्यमले पनि प्रसारण-प्रकाशन गर्दै आएका छन् तर अन्य आपराधिक घटनाहरूको तुलनामा आरुषी हत्याकाण्डले बढी चर्चा पाएको छ । भारतको नोएडा क्षेत्रमा बसोबास गर्दै आएको तलवार परिवारकी एकमात्र सन्तान १४ वर्षीया आरुषी तलवारको टाउकोमा प्रहार गरी घाँटी रेटेर हत्या गरिएको घटना र घरका नोकर हेमराजको पनि सोही शैलीमा भएको रहस्यमय हत्याका कारण घटनाले अझ बढी चर्चा पाएको हो । त्यसबाहेक प्रहरीको प्रारम्भिक अनुसन्धानमा घटनाका प्रमुख आरोपी आरुषीकै पिता डा. राजेश तलवार भएको विवरणले पनि यो हत्याकाण्डले अझ बढी चर्चा पायो ।

प्रत्येक दिन रहस्यमय बन्दै गएको हेमराज-आरुषी हत्याकाण्डको वास्तविकता अहिलेसम्म सार्वजनिक भएको छैन । हत्याकाण्डका आरोपीहरू क्रमशः परिवर्तन हुँदै गएकाले घटना सुनियोजित थियो भन्ने आशंका विश्लेषकहरूले गरेका छन् ।

मृत अवस्थामा आफ्नै ओछ्यानमा आरुषीको शव भेटिएपछि नोएडा प्रहरीले हत्याको छानविन गरेको थियो । प्रारम्भमा तलवारको घरमा लामो समयदेखि काम गर्दै आएका नेपाली नागरिक हेमराजले उक्त हत्या गरेको आशंकामा नोएडा प्रहरीले हेमराजको खोजी कार्य सुरु गरेको थियो । त्यही घरको छतमा गला काटिएकै अवस्थामा भोलिपल्ट हेमराजको शव फेला परेपछि हत्याकाण्ड रहस्यमय बन्न पुग्यो । घरको राम्रोसँग अनुसन्धान नगरेको आरोपमा नोएडा प्रहरी प्रमुखलाई निलम्बित गरेर नयाँ सुरक्षा समूहलाई त्यसको जिम्मेबारी दिइएको थियो ।

हत्याको आरोपी भनिएका हेमराज नै मृत अवस्थामा फेला परेपछि नोएडा प्रहरीले हत्याको आरोपी आरुषीका पिता डा. राजेश तलवार भएको शंकामा उनलाई गिरफ्तार गऱ्यो । त्यसबीचमा नेपाली नागरिक हेमराजमाथि अनावश्यक आरोप लगाइएको भनेर दिल्लीमा नेपालीहरूले विरोध कार्यक्रम गरेका थिए । घटना गम्भीर भएकाले उत्तर प्रदेश सरकार आफैले यो हत्याकाण्डमा चासो देखाएको थियो । अहिलेसम्म पनि आफू निर्दोष भएको बताउँदै आएका तलवारले हत्यामा आफ्नो कुनै संलग्नता नभएको जिकिर गर्दै आएका छन् ।

नोएडा प्रहरीका अनुसार डा. राजेश तलवारका सहकर्मी डाक्टर अनिता दुर्रानीसँग अवैध सम्बन्ध रहेको र त्यो कुरा छोरी आरुषी र नोकर हेमराज दुवैलाई थाहा भएका कारण पनि डा. तलवारले दुवैको हत्या गरेका थिए । अवैध सम्बन्धको विरोध गरेकै कारण डा. तलवारले आफ्नी एकमात्र सन्तानको हत्या गरेको बताउँदै नोएडा प्रहरीले राजेशले घटनालाई दबाउन नोकर हेमराजलाइ मुख्य आरोपी देखाएको बताएको थियो । त्यसैगरी प्रहरीले लामो समयसम्म घरमा नोकरको रूपमा कार्यरत हेमराज र छोरी आरुषीबीच अनैतिक सम्बन्ध थाहा पाएर डा. तलवारले आवेशमा दुवैको हत्या गरेको हुनसक्ने सम्भावना पनि प्रस्तुत गरेको थियो ।

प्रहरीका अनुसार आरुषीको हत्या गर्दा प्रारम्भमा हतियारले टाउकोमा प्रहार गरी घाँटी रेटिएको थियो तर घटना अनुसन्धानमा लामो समय वितिसके पनि सुरक्षाकर्मीले हत्यामा प्रयोग गरिएका हतियार फेला पार्न सकेका छैनन् न त उनी दुवैजनाको मोबाइल नै फेलापरेको छ ।

प्रारम्भमा शल्यक्रियाका निम्ति प्रयोग गरिने ब्लेडले रेटेर दुवैको हत्या गरिएको मेडिकल रिपोर्ट आए पनि अहिले दुवैको हत्यामा खुकुरी प्रयोग भएको हुनसक्ने अनुमान सीबीआईले गरेको छ । डाक्टर तलवारसँग आफ्नो त्यसप्रकारको कुनै सम्बन्ध नरहेको डाक्टर अनिता दुर्रानीको वक्तव्यपछि घटना थप रहस्यमय बनेको थियो । श्रीमती नुपूरले हत्याकाण्डका अपराधीहरू प्रहरीको पकड बाहिर गैसकेकाले अदालतले मात्र घटनाको वास्तविकता खोतल्ने अभिव्यक्ति दिएकी थिइन् ।

श्रीमती नुपूरको बयानसँगै डाक्टर तलवारका भाइले पनि आफ्नो दाइलाई फसाउने गम्भीर षडयन्त्र भएको बताउँदै हत्याकाण्डको छानविनको जिम्मेबारी केन्द्रीय जाँच ब्युरो (सीबीआई) लाई सुम्पनुपर्ने जिकिर गरेका थिए । समग्र मुलुकभरकै जनताको चासो बनेपछि र विभिन्न स्थानमा आरुषीको पक्षमा कार्यक्रमहरू सञ्चालन हुन थालेपछि केन्द्रीय सरकारले पनि यो हत्याकाण्डमा चासो दिएको थियो ।

उत्तरप्रदेशकी मुख्य मन्त्री मायावती र केन्द्रीय सरकारको संयुक्त आग्रहमा अहिले सीबीआईले यो घटनाको अनुसन्धानको जिम्मेबारी लिएको छ । घटना अनुसन्धानको जिम्मेबारी सीबीआईले पाएपछि हत्याकाण्ड अझ रहस्यमय बनेको छ । डा. तलवारकै घरमा कम्पाउण्डर (सुरक्षाकर्मी) को रूपमा बस्दै आएका हेमराजका ज्वाइँ जीवन शर्माका साथी कृष्ण थापालाई हत्याकाण्डको आरोपीका रूपमा सीबीआईले गीरफ्तार गरेको छ । थापा डा. तलवारका कम्पाउन्डर हुन् । उनले १० वर्षदेखि डा. तलवारको निकट सहयोगी भएर कार्य गर्दै आएको बताइन्छ । घटनामा खुकुरी प्रयोग भएको भन्ने पछिल्लो अनुमानका आधारमा कृष्णले यो हत्या गरेको अनुमान सीबीआईको छ ।

सीबीआईले घटनामा दुई व्यक्तिको सम्बन्ध रहेको हुनसक्ने अनुमान पनि गरेको छ । कृष्णलाई पक्राउ गरिसकेपछि उनको बयान लिइएको थियो तर पटक-पटक उनले झूटो बयान दिएपछि झूट परीक्षण गर्ने मेसिनको सहायता लिएर पनि बयान लिइयो । सीबीआईका अनुसार गत मंगलबार झूट परीक्षण गर्ने मेसिनले लिइएको उनको बयान चित्त नबुझेपछि बैंगलोरस्थित अस्पतालमा वुधबार उनको नार्को टेष्ट गरिएको छ । नार्को टेष्टमा सत्य कुरा मात्र बोल्ने भएकाले घटनाको बारेमा स्पष्ट जानकारी आउने भनिए पनि घटना अहिलेसम्म रहस्यमय नै छ ।

**राजु थापा मरेपछि फेला परे**

अर्घाखाँची धारापानी गाविसका हेमराज करिब एक दशकदेखि डा. तलवारको घरमा नोकरी गरिरहेका थिए । परिवार नेपालमै भएकाले हेमराज बेला बखत अर्घाखाचीस्थित आफ्नो घरमा फर्कन्थे । हत्याकाण्ड हुनु केही समयअघि पनि हेमराज घर आएका थिए ।

त्यसबेला डा. तलवारको घरमा काम गर्न भनेर उनले राजु थापालाई लगेका थिए । एक महिनाका निम्ति राजुलाई आफ्नो स्थानमा राखेर आएका हेमराजले फर्किएपछि राजुलाई विस्थापन गरेर आफ्नो जागिर सुरक्षित गरेका थिए । हेमराज र

**पृष्ठ ७ मा जारी**

## आरुषी हत्याकाण्ड विवरण

- आरुषी तलवार को हत्या जेठ २ गते भए पनि प्रहरीले हत्याको जानकारी जेठ ३ गते मात्र पायो ।
- हत्या रातको १ देखि साढे १ बजेको बचिमा भएको थियो ।
- घटनास्थलमा प्रहरी आउँदा राजेश तलवारद्वारा आफ्नो छोरीको हत्या हेमराजले गरेको प्रहरीलाई जानकारी ।
- राजेशले रुँदै प्रहरीलाई आफ्नी छोरीको हत्यारा हेमराज भएको र ऊ भाग्न सक्ने हुनाले शीध्र पक्राउ गर्न प्रहरीलाई अनुरोध गरेको थियो ।
- आरुषीलाई हत्या भएको कोठाको भुइँमा रहेको म्याट्रेस छिमेकीको छतमा फेला परेको थियो ।
- घरको छत बार्दली हुँदै जान मिल्ने हुनाले हेमराजको शव भएको स्थलमा पुग्न जो-कोहीलाई कठिन हुन्थ्यो । किनकि उक्त ढोकाको साँचो डा. राजेशसँग मात्र हुन्थ्यो ।
- घटना भएको रात उक्त घटनाको आवाज कुनै पनि छिमेकीहरूले सुनेनन् ।
- राजेशको हत्या गर्ने मुख्य उद्धेश्य आरुषी थिइन् । हेमराज उक्त हत्याको साक्षी भएका कारण उनको पनि हत्या भएको थियो ।
- हेमराजले आफ्नो ज्यानको खतरा भएको सूचना आफ्ना साथीहरूलाई बेलाबेलामा दिएका थिए ।
- राजेशको बाहिरी सम्बन्धको चर्चा गर्ने क्रममा हेमराज र आरुषी नजिकिएका थिए ।
- राजेशले प्रहरी समक्ष आफूले दुवै हत्या गरेको स्वीकारेका थिए ।
- राजेशले हेमराजको हत्या गर्नुपूर्व उनलाई लठ्ठिने पदार्थ ख्वाएका थिए र उनको हत्या घरको बार्दलीमा गरेका थिए ।
- राजेशले आरुषीको हत्या घरभित्र उनको टाउकोमा फलामले प्रहार गरी सोही हतियारको प्रयोगगरी श्वासप्रश्वासको नली चुँडाली गरेका थिए ।
- आरुषी र हेमराजको हत्यापछि डा. राजेशले कोठामा गएर ह्विस्की पिएका थिए ।
- दुवै हत्याकाण्ड श्रीमती नुपूर तलवारले पनि देखेकी थिइन् तर उनले प्रहरीसमक्ष आफ्ना पतिको समर्थन गरेकी थिइन् ।
- हत्यामा प्रयोग भएको हतियार तथा आरुषी र हेमराजले प्रयोग गरेको मोबाइल प्रहरीले अझै बरामद गरेको छैन ।

## को हुन् हेमराज

रोजगारीका लागि विदेशिने नेपाली कामदारको दुरावस्थाको पछिल्लो उदाहरण हुन्- हेमराज । आठ वर्षका हुँदा उनका बाबु बिरामी परेर भारतको दिल्लीमै बितेका थिए । विडम्बना नै भन्नुपर्छ त्यसको ३८ वर्षपछि छोरा हेमराजको पनि दिल्ली नजिक नोएडामा रहस्यमय हत्या भयो । ४६ वर्षीय हेमराजको वास्तविक नाम यज्ञप्रसाद बन्जाडे हो । रोजगारीका लागि भारतको नोएडा पुगेका हेमराजको घर अर्घाखाँचीको धारापानी वडा नं. १ मा छ । हेमराज १२ वर्षको उमेरमा कमाउन भनी भारत गएका थिए । दस वर्षपछि गाउँ आएका बेला उनको विवाह खुमकलासँग भएको थियो । उनी २०५८ मा तीन वर्षका लागि मलेसिया गएका थिए ।

फर्केर आएपछि २०६१ मा उनी फेरि रोजगारीका लागि भारतको नोएडा पुगे । मृतक बन्जाडेकी ७७ वर्षीया आमा कृष्णकुमारी बन्जाडेले भनेकी छिन्- 'जेठ चार गते बिहान गाउँका सबै आफन्त हाम्रो घरमा जम्मा भए । मलाई अचम्म लाग्यो र आज सबै हाम्रो घरमा किन आएको भनी सोधें, सुरुमा त भेटघाटका लागि आएको बताए । केही समयपछि हेमराजले मान्छे मारेर भागेको सुनाए । मलाई पत्यार लागेन । छोराले त्यस्तो काम गर्छ भन्ने विश्वासै थिएन । भोलिपल्ट छोराको हत्या भएको खबर सुनें ।' हेमराजकी पत्नी खुमकलाले बताए अनुसार उनी २०६३ माघमा अन्तिम पटक घर आएका थिए ।

गत वैशाख २८ गते उनीसँग अन्तिम पटक खुमकलासँग टेलिफोनमा कुरा हुँदा दुई महिनापछि पैसा पठाउने, छोरालाई माया गर्नु, आमाको हेरविचार गर्नु भनेका थिए । बन्जाडे परिवारको गाउँमा चार रोपनी खेत बाहेक अन्य आयस्रोत केही पनि छैन । हेमराजको हत्यापछि उनकी आमा, पत्नी र नौ वर्षीय छोरा प्रज्ज्वल सहाराविहीन भएका छन् । उनीहरूले परिवारको हात-मुख जोर्न अर्को उपाय नभएकाले हेमराजका छोरा प्रज्ज्वलको पालनपोषण र शिक्षादीक्षा लागि माग पनि गरेका छन् ।

प्राइभेट TEST/SLC-065
२०६५ को लागि निःशुल्क भर्ना खुल्यो
कक्षा ८/९ पास गरी स्कूल जान नसकेका, कक्षा ९ पास/फेल, Test/SLC फेल भएकाहरुका लागि अध्ययन गर्ने सुवर्ण अवसर
विस्तृत जानकारीको लागि
कोसेट इन्टरनेशनल ओपन स्कूल
लाजिम्पाट (प्रहरी बिट संगै), फोन: २१६०७३६

ENGLISH LANGUAGE TRAINING
छिटो अनि राम्रोसँग American Method मा सिकाइने १ मात्र English, Japanese, Spanish, Chinese, German तथा French Language Training संचालन गरिंदैछ ।
३ महिना भित्र राम्रोसँग बोल्न सक्ने बनाउने विश्वास दिलाउछौं ।
BUD LANGUAGE INSTITUTE
जमल रानी पोखरी, विश्वज्योति हलसँगै
Tel :- 4249576

विगत वर्षहरुमा १००% विद्यार्थीहरु Pass गराउन सफल
निःशुल्क भर्ना
प्राइभेट TEST/SLC
कक्षा ८ पास, कक्षा ९ पास/फेल तथा Test/S.L.C. फेल भएर स्कुल जान नसकेका विद्यार्थीहरूका लागि धमाधम भर्ना लिइँदैछ । सिट सीमित छ ।
(English and Nepali both medium)
Bright Future Institute
मो:९८५१००२८०४
फोन:४४६३०७३
चावहिल

# उच्च शिक्षामा विषय छनौटको प्रश्न



विक्रम संवत् १९९० सालमा आरम्भ भएको एसएलसी परीक्षाले आज ७४ वर्ष पार गरिसकेको छ। ३३ जना विद्यार्थी र एसएलसी बोर्ड अफ नेपालको नामबाट सुरु गरिएको यो परीक्षामा हाल आएर सहभागी विद्यार्थीहरूको संख्या ३ लाख नाघिसकेको छ। यद्यपि एसएलसी परीक्षाको नतिजा अत्यन्तै निराशाजनक देखिन्छ। ७४ वर्षसम्मको परीक्षाफलको नतिजा इतिहासलाई हेर्दा कुनै पनि वर्ष विद्यार्थीको उत्तीर्ण प्रतिशत ५० नाघेको छैन।

सर्टिफिकेटको विश्वविद्यालयभन्दा अनुभवको विश्वविद्यालयबाट खारिएको व्यक्ति बढी व्यावहारिक र परिपक्क होलान् वा मानिएलान्, तर पनि वास्तविकता अर्कै छ। कुनै संकायअन्तर्गतको कुनै विषयलाई समातेर त्यसैमा स्नात्तकोत्तर वा विद्यावारिधि छिचोलेको सर्टीफिकेट गलामा नभ्रुन्ड्याएसम्म व्यक्तिलाई शिक्षित भन्दैन समाजले, तर आजको आधुनिक रहनसहन, अत्याधुनिक प्रविधि र उत्तर आधुनिक साहित्य, कला एवं संस्कृतिको क्लिष्ट समाजमा कुन विषयको अध्ययन आवश्यक छ ? वा कुन विषय लिएर पढे आफूलाई अस्तित्वको स्पर्धामा उभ्याउन सकिन्छ भनेर ठम्याउन सक्नु कम चानचुने कुरा होइन। किनभने सबै संकाय र विषय बराबर र उस्तै-उस्तै क्षेत्र तथा सीमितताहरू हुन्छन्। कम्तीमा पनि नेपालको सन्दर्भमा डिग्रीको विषय र कार्यक्षेत्रको सान्दर्भिकताले मेल खाएको उदाहरण कमै मात्र भेट्न सकिन्छ। व्यवस्थापनको डिग्री लिएकाहरू वित्तीय क्षेत्रमा कम भेटिनु अनि मानविकीका विद्याथीहरूको घुइँचो अर्थ वा बैकिङ क्षेत्रमा सामान्य भैसकेको देखिन्छ।

कम्प्युटरजस्तो प्राविधिक, शिक्षा र चिकित्साशास्त्रबाहेक अन्य गैरप्राविधिक क्षेत्रमा सर्टिफिकेटको विषयभन्दा अनुभवले बढी प्राथमिकता पाएको देखिन्छ। कसले कुन विषय पढ्यो भन्दा पनि ऊ सम्बन्धित विषयमा (सर्टिफिकेट र ज्ञान दुवै दृष्टिले) कति पारंगत भयो/भएन भन्ने कुरा महत्त्वपूर्ण हुन्छ। कति पढियो भन्दा पनि के पढियो भन्ने व्यावहारिक प्रश्नले प्राथमिकता पाउन थालेको बेला अब एसएलसी उत्तीर्ण गर्ने जो-कोही विद्यार्थीले पनि यस विषयमा घोत्लिनु आवश्यक छ। मैले यही विषय लिएर पढ्नुपर्छ, अरू संकाय पढ्नु खिसिट्याउरीको पात्र बन्नु हो, अथवा एउटा संकायको विकल्प नदेख्नु र देख्न नखोज्नुलाई मुर्खताको संज्ञा मात्र दिन सकिन्छ।

यो बेला विविध क्षेत्रमा जस्तै : साहित्य, कला, संस्कृति आदिमा पुराना मान्यता र परम्पराका सत्यकेन्द्र भत्किरहेका छन् भने शिक्षाक्षेत्रमा पनि मान्यताको उथलपुथल आउनुपर्छ। डाक्टर, इन्जिनियर, पाइलट आदि प्राविधिक पेसालाई कम आँकेको अर्थ लाग्दैन भने एसएलसी उत्तीर्ण गरेको भोलिपल्ट एउटा नौजवान किशोर वा किशोरीले उच्च शिक्षाबाहेकका पनि अन्य संकाय तथा विषयमा आफ्नो करियर उज्यालो भएको सपना देख्न सक्नुपर्छ। यसमा हाम्रो परिवारजन्य संस्करले पनि काम गरेको पाइन्छ।

सानैदेखि एउटा विद्यार्थीलाई डाक्टर, इन्जिनियर, पाइलट मात्र समाजका उपल्ला पेसा हुन्, अरूचाहिँ पेसै होइनन् र अरूमा चाहिँ भविष्य राम्रो छैन भन्नेजस्तो एकांकी धारणाको बीजारोपण हामी अभिभावहरूले नै गराइदिन्छौँ र उसले पनि यस्तै मान्छ। एसएलसीपछि पत्रकारिताको विषय पढी सफल र असल पत्रकार बन्ने, कानुन पढेर असल कानुनविद् बन्ने, नेपाली, अंग्रेजी, समाजशास्त्र, राजनीतिशास्त्र, जनसंख्या आदि विषयमा गहन अध्ययन-अनुसन्धान गरी सफल लेखक, शिक्षक, प्राध्यापक बन्ने, शिक्षाशास्त्र संकायतर्फ शिक्षाका सैद्धान्तिक ज्ञान र बालमनोविज्ञानका व्यावहारिक/ज्ञान हासिल गरी शिक्षाविद् बन्ने, आमसञ्चारका सैद्धान्तिक/ व्यावहारिक ज्ञान हासिल गरी सफलता प्राप्त गर्ने आदिका बारेमा विद्यार्थीले सोच्ने फुर्सदसम्म पाउँदैन। ऊ हतारमा कि विज्ञान, कि व्यवस्थापन आदि विषयमा डाक्टर, पाइलट, इन्जिनियर बन्ने धोको लिएर महँगो कलेजमा भर्ना हुन लालयित भएको देखिन्छ।

सहरका निजी विद्यालयबाट र सरकारी विद्यालयबाट पनि अलिकति राम्रो अङ्कका साथ एस.एल.सी उत्तीर्ण गरेको छ भने उसले मानविकी संकायअन्तर्गतका नेपाली, अंग्रेजी, राजनीतिशास्त्र, समाजशास्त्र, जनसंख्या, पत्रकारिता आदि पढ्नै हुँदैन, यी विषयहरू सजिला हुन्छन्, कम खर्चमा पनि पढ्न सकिन्छन् वा समाजमा प्रतिष्ठाको विषय हुँदैन, चुरो कुरा त यस्ता विषय त थर्ड र सेकेन्ड डिभिजनमा पास हुनेहरूले पढ्ने हो, प्रथम र विशिष्ट श्रेणीका विद्यार्थीले साइन्स, इन्जिनियरिङ वा व्यवस्थापन नै पढ्नुपर्छ, अनि शिक्षाशास्त्र संकायमा त जाबो शिक्षक बन्न के भर्ना हुनु भनेर विश्लेषण गर्ने अघोषित परम्परालाई अबका विद्यार्थीले तोड्नुपर्छ।

यसको अर्थ विज्ञान, व्यवस्थापन, इन्जिनियरिङ, चिकित्साशास्त्र, कम्प्युटर विज्ञानजस्ता संकाय र विषयको विरोध कदापि होइन। ती विषय अध्ययनको ठूलो महत्त्व छ, यिनै विषयको गहन अध्ययन र प्रयोगले सभ्यताको विकास भएको छ। यसबाहेक पनि धेरै संकाय र विषय छन्। सर्टिफिकेटलाई फगत पैसासँग तुलना गर्ने मानसिकता त्यागेर आत्मज्ञानका लागि उच्च शिक्षामा संकाय र विषय छान्न सकिन्छ।

जस्तो कि चलचित्र हेर्दा फस्ट क्लासमा बसेर हेरे पनि, सेकेन्ड क्लासमा बसेर हेरे पनि, बाल्कोनीमा बसेर हेरे पनि, ड्रेससर्कलमा बसेर हेरे पनि हेर्ने त त्यही चलचित्र हो। कहाँ बसेर चलचित्र हेऱ्यो भन्दा पनि के हेऱ्यो भन्ने कुरा महत्त्वपूर्ण भएझैँ एसएलसीपछि उच्चशिक्षाका सन्दर्भमा कुन कलेज पढ्ने, कुन विषय पढ्ने भन्दा पनि के पढियो, त्यो महत्त्वपूर्ण कुरा हो। आफ्नो आर्थिक स्थितिले थेग्नेसम्मको कलेज तथा क्याम्पस रोज्ने अनि आफ्नो दखल र चासो कुन विषयमा बढी छ ? बोध गरी मिहिनेतका साथ त्यस विषयमा केही नयाँ चीज दिन सक्छ भने ऊ पक्कै सफल बन्छ। किनकि प्रतिभालाई कुनै पनि बहानाले छेक्न सक्दैन।

**–रमेश ओझेल**

# नेपालीहरू मुछिएका दिल्ली हत्याकाण्ड

पृष्ठ ६ बाट जारी

आरुषीको सम्बन्धका बारेमा राजुलाई पनि केही जानकारी हुनुपर्छ भनेर प्रहरीले उनको पनि खोजी गरेको थियो तर उनी पनि दुर्घटना परेर मृत अवस्थामा फेला परेको समाचार सार्वजनिक गरियो। यो समाचार सार्वजनिक भएको लगत्तै सीबीआईले उनलाई जीवितै फेला पारेर अहिले उनीसँग थप बयान लिइरहेको भारतीय सञ्चार माध्यमले जनाएका छन्।

**आरुषी हत्याकाण्ड सुनियोजित : सीबीआई**

बहुचर्चित आरुषी-हेमराज हत्याकाण्ड सुनियोजित घटना भएको भारतस्थित केन्द्रीय जाँच ब्युरो (सीबीआई) ले जनाएको छ। गत मंगलबार पत्रकार सम्मेलन गर्दै सीबीआईले घटना आकस्मिक उत्तेजनाका कारण नभई योजनाबद्ध ढंगले गरिएको बताएको छ। सीबीआईका अनुसार लामो योजना बनाएर गरिएको यो हत्याकाण्डको पर्दाफास नहोस् भन्ने ढंगले अपराधीले काम पूरा गरेको छ। यो हत्याकाण्डमा दुईजना व्यक्तिको संलग्नता हुनसक्छ। यसअघि नोएडा प्रहरीले डाक्टर तलवारले उत्तेजनामा आएर नोकर र छोरी दुवैको हत्या गरेको भन्ने शंकालाई सीबीआईको यो टिप्पणीले गलत सावित गरिदिएको छ। यो जघन्य अपराध गर्नुअघि हत्याराहरू एकदमै सभ्य शैलीमा घरमा छिरेका थिए र हत्या गरिएका व्यक्तिसँग राम्रो व्यवहार गरेका थिए।

**तीन प्रमुख फेरिए**

'आरुषी तथा हेमराज हत्याकाण्ड' ले व्यापक चर्चा पाएपछि यसले राजनैतिक रूप लियो। भारतीय सरकारले पनि मुख्य अभियुक्तको छानविनका लागि यो घटनाको अनुसन्धानमा संलग्न तीनजना प्रहरी प्रमुखको सरुवा गरिसकेको छ। भारतको उत्तर प्रदेशकी मुख्यमन्त्री मायावतीले तीनजना प्रहरी प्रमुखको सरुवा गराएपछि पत्रकार सम्मेलन पनि गरेकी थिइन्।

अनुसन्धानमा संलग्न मेरठ क्षेत्रका आइजी गुरदर्शन सिंह, डिआइजी केए मिणा तथा नोएडाका एसएसपी सतिश गणेशलाई सरुवा गरिएको हो। आरुषीको शव बरामद भएपछि प्रहरीले शंकाका आधारमा घरका नोकर हेमराजलाई हत्याको आरोपी बनाएको थियो। जबकि त्यसको ३६ घन्टा पनि नबित्दै हेमराज मृत अवस्थामा घरको छतमा फेला परे। उनको लास फेला परेपछि प्रहरीको अनुसन्धानमा निकै प्रश्न उठे। पछि आइजी गुरदर्शन सिंहले एक पत्रकार सम्मेलन गरी हेमराजको आरुषीसँगको सम्बन्ध रहेको आशंकामा आरुषीका बाबु डा.राजेश तलवारले दुवैको हत्या गरेको बताए।

सँगसँगै डा.तलवारको पनि सहकर्मी डा.अनिता दुर्रानीसँग सम्बन्ध रहेको आरुषीले चाल पाएकी र त्यसको विरोध गरेकीले पनि हत्या भएको प्रहरीको दाबी छ। हाल उक्त घटनाको छानविनको जिम्मा भारतको केन्द्रीय जाँच ब्युरो (सीबीआई) ले लिइसकेको छ।

**एजेन्सीहरूको सहयोगमा**
**सुब्रत आचार्य तथा विदुर खतिवडा**

## कहानी घरघरकीमा हेमराज

भारतीय पारिवारिक टेलिधारावाहिककी 'क्विन' भनिएकी एकता कपुर र उनको बालाजी टेलिफिल्म्सले 'आरुषी तथा हेमराज हत्याकाण्ड' लाई आफ्नो चर्चित धारावाहिक 'कहानी घरघरकीमा' समेट्न लागेकी छिन्। विगत केही सातादेखि स्टार प्लसमा सञ्चारमाध्यममा देखाइएको मृतक बालिका आरुषी जस्तै देखिने बालिकाको तस्बिर देखाउँदै धारावाहिक 'कहानी घरघरकी' को प्रचार समग्री देखाइन थालिएको छ। प्राप्त जानकारी अनुसार धारावाहिककी चर्चित पात्र पार्वतीकी छोरी श्रुतिकी छोरीलाई आरुषीको चरित्रमा देखाउने तयारी भैरहेको छ।

अर्कातर्फ आरुषीकी आमा नुपूर तरवारले गत सोमबार आफ्नी छोरीको हत्यामा आधारित कुनै चलचित्र वा धारावाहिक बनाउनमा रोक लगाउन भारतको राष्ट्रिय बालअधिकार संरक्षण आयोगमा निवेदन दिएकी छिन्। उनले प्रसारण संस्था स्टार प्लसलाई पनि आफ्नो 'टिआरपी' अर्थात् 'टेलिभिजन रेटिङ प्वाइन्ट' बढाउन यो दुःखद घटनाको सहारा नलिन पनि आग्रह गरेकी छिन्। बालाजीकी क्रियटिभ डाइरेक्टर निवेदिता वासुले उनीहरू उक्त घटनाबाट प्रभावित मात्र भएको बताएकी छिन्। 'कहानी घरघरकी' मा बालिकाको हत्या एकजना मानिससँग उनको सम्बन्ध रहेकाले गरिएको स्वरूपमा प्रस्तुत गरिंदैछ। यस अर्थमा उक्त धारावाहिकमा मृतक हेमराजको चरित्रलाई खलपात्रका रूपमा देखाइन खोजिएको छ।

## चलचित्र पनि बन्ने

यो बहुचर्चित हत्याकाण्डलाई आधार बनाएर बलिउडमा चलचित्र निर्माण गरिने भएको छ। भोजपुरी चलचित्र निर्माण गरिसकेका निर्माता कमाल खानले 'इस्क मोहब्बत' शीर्षकमा उक्त चलचित्र बनाउने घोषणा गरेका छन्। चलचित्रमा आरुषीको भूमिका नायिका रिया सेन वा ऋषिता भट्टले निर्वाह गर्नसक्ने खानले बताएका छन्। खानका अनुसार चलचित्रको छायाङ्कन दिल्ली तथा नोएडामै गरिनेछ। चलचित्रमा हेमराजको चरित्र आफैले निर्वाह गर्न लागेको पनि उनले जनाएका छन्।

आवश्यकता
फ्रान्स र जर्मनवाट लगानी भइरहेको यस संस्थालाई SLC/+2 दिएर बस्नु भएका विद्यार्थीहरुलाई रोजगारको सुवर्ण अवसर।
पुरुष/महिला :१५ जना
तलव : ६०००-१०,००० सम्म
सम्पर्क:
२०४१८९१, ९८०३८२७३३२
२०७३७७५,९८०३६००८४१

काठमाडौं उपत्यकामा नै Private जगतमा सफल
Sea Public Open School जि.शि.का च.न. ३०५०
PRIVATE SLC
जि.शि.का बाट अनुमति प्राप्त कोचिङ सेन्टरमा मात्र पढौं।
कक्षा ९ र १० मा फेल भएका वा कक्षा ८ पास गरि पढाई रोकिएका विद्यार्थीहरुको लागि
अन्तिम भर्ना खुल्यो।
Sea Public Open School
(Coaching & Tutorial Academy)
Thamel - 4420537, Lagankhel-2171369

आवश्यकता
NGO बाट विगत ५ वर्ष देखि सञ्चालित संस्थालाई थप महिला विद्यार्थी कर्मचारीको आवश्यकता
तलब: ७५००।- (औसत)
संख्या: १७ जना
योग्यता: साधारण लेखपढ Test/SLC+Above
(महिला विद्यार्थीलाई विशेष प्राथमिकता दिइने छ।)
सम्पर्क:
२००४३८७, ९८०३४६४३३४, ९८४१५८५८७५
(नोट: शनिवार पनि अफिस खुल्ला रहनेछ।)

Learn to Speak English
20% Offer for S.L.C.& all ★ 2 & 3 Months Packages
★ 1 Month Special & Speaking Course
★ Audio & Visual in American & British Tone
★ Situational conversation & Practices
★ विदेश जाने,जान्दै नजान्नेलाई विशेष कक्षा
Japanese / Korean / Chinese /French/ Spanish/ German IELTS / Visa/Job interview Pre.
OASIS Language Centre
Galkopakha Thamel & Kalimati chock
4359170, 2024700

होटेल तालिम मोडर्नमा
Switzerland & UK बाट
Cook, Waiter, Waitress, Bakery, Barman, Captain, Front Office, House keeping (Room Boy), Supervisor, Care Giver, Domestic Helper तथा सम्पूर्ण Hotel Management सम्बन्धि तालिम दिइन्छ।
www.modernhoteltraining.com.np
Modern Management Modern Technology
MODERN HOTEL Training Center
महाराजगञ्ज बसुन्धरा पुल- Ktm
Ph:- 4363215, 2315801

आकर्षित एवं सुन्दर सुडौल
लेडिज स्तन
Breast Cream एवं आयुर्वेदिक औषधिको साथमा चाहेअनुसार घटाउने बढाउने ग्यारेन्टेड
विदेशी Breast उपकरण सित्तैमा।
अफर सिमित छ। फ्रि होम डेलिभरि
Ph:01-2340767,9803256120

# क्यान सफ्टटेक यसै साता



साप्ताहिक समाचार

काठमाडौं- कम्प्युटर एसोसिएसन अफ नेपाल (क्यान) ले आगामी बुधबार देखि दोस्रो संस्करणको क्यान सफ्टटेक-२००८ गर्ने भएको छ। त्रिपुरेश्वर वर्ल्ड ट्रेड सेन्टरस्थित डाइरेक्सन एक्जिविसन हलमा हुने उक्त सफ्टटेक असार ७ गते शनिबारसम्म चल्नेछ।

स्वदेशी तथा विदेशी सफ्टवेयर विकासकर्ता कम्पनीहरूले सहभागिता जनाउने सफ्टटेकमा ६४ वटा स्टल रहनेछन्। 'सूचना तथा सञ्चार प्रविधि (आइसिटी) को क्षेत्रमा आफ्नो दक्षता सावित गर्दै सफ्टवेयर विकासमा लागेका युवाहरू तथा सफ्टवेयर प्रयोगकर्ताहरूको चासोलाई पूरा गर्ने उद्देश्यले सफ्टटेक आयोजना गर्न लागिएको हो।' आयोजक क्यानका अध्यक्ष तथा विप्लवमान सिंहले साप्ताहिकसँग भने- 'सफ्टवेयर विकासका क्षेत्रमा सरकारी तथा गैरसरकारी दुवै क्षेत्रको चासो बढाउन पनि सफ्टटेकको आयोजना प्रभावकारी हुनेछ।'

सफ्टवेयर सोलुसन, बीपीओ (बिजनेस प्रोसेस आउटसोर्सिङ) सर्भिसेजलाई समेटेर सफ्टवेयर विकासका क्षेत्रमा कार्यरतहरूको उपलब्धिलाई सफ्टटेकले उजागर गर्ने अध्यक्ष सिंह बताउँछन्। 'नेपाली कम्पनीले विकास गरेर विश्वबजारमा ख्याति कमाएका सफ्टवेयरहरूका बारेमा पनि सफ्टटेकमा अवलोकनकर्ताले विस्तृत जानकारी हासिल गर्न सक्छन।' सिंह भन्छन्- 'त्यस्तै नेपालमा आएर काम गरिरहेका अन्तर्राष्ट्रिय स्तरका कम्पनीहरूको उपलब्धि पनि प्रदर्शनीमा देखिनेछ।'

सफ्टवेयर विकासको क्षेत्रमा नेपालीहरूले बढाउँदै गएको प्रभुत्वलाई संस्थागत गर्न पनि सफ्टटेक आयोजना गर्न थालेको सिंहको कथन थियो।

नेपालबाट अमेरिका, डेनमार्क, जापान आदि मुलुकमा सफ्टवेयर आउटसोर्सिङ हुने गरेको भए पनि यो कारोबार गोप्य रूपमै सञ्चालन भैरहेको छ। क्यानले यो कारोबारलाई पारदर्शी बनाएर यसलाई उद्योगका रूपमा अघि बढाउनुपर्ने माग राख्दै आएको छ। अध्यक्ष सिंहका अनुसार आईसीटी उद्योगलाई सरकारले प्राथमिकता दिएर न्यूनतम पाँच वर्षका लागि ट्याक्स होलिडे गरे यो समग्र व्यापार पारदर्शी हुने थियो। यो विषयमा क्यानले सरकारको ध्यान खिच्ने सिंहले बताए।

सफ्टटेकमा बैंकर्स एसोसिएसन, विद्युतीय कारोबार प्रमाणीकरण नियन्त्रकको कार्यालय तथा क्यानको संयुक्त आयोजनामा विद्युतीय कारोबारसम्बन्धी बन्दोबस्त ऐन सम्बन्ध र साइबर सेक्युरिटीको विषयमा एकदिने सेमिनार हुनेछ। त्यस्तै विश्वविद्यालयबाट सूचना-प्रविधिमा उच्च शिक्षा हासिल गरेका उत्पादनहरूलाई सूचना प्रविधि उद्योगमा कसरी सहजै अवसर प्रदान गर्ने विषयमा सेतुको भूमिका खेल्ने कुरामा आधारित रहेर आधा दिनको सेमिनार पनि सञ्चालन हुनेछ।

त्यसैगरी साउथ एसियन स्टुडेन्ट एन्ड युथ प्रोफेसनलको आयोजनामा असार ७ र ८ गते इन्फर्मेसन सेक्युरिटी तथा विद्युतीय कारोबारका सम्बन्धमा दुईदिने सेमिनार आयोजित हुनेछ, जसमा आईसीटी डेभलपमेन्ट, डिजिटल सिग्नेचर तथा इन्फरमेसन म्यानेजमेन्टका विषयमा बृहत् छलफल हुनेछ।

सफ्टटेककै अवसर पारेर सरकारी निकायका आठवटा मन्त्रालय तथा विभागका कार्यप्रगति देखाउन छुट्टै प्याभिलियन निर्माण गरिनेछ। जसमा सचिवलगायत उच्च पदस्थ कर्मचारीहरूले ई-गर्भनेन्सको अवधारणाअन्तर्गत आफ्नो कार्यालयले सूचना तथा सञ्चार प्रविधिको उपयोगबाट प्राप्त गरेको परिवर्तनका बारेमा पत्रकार सम्मेलन गर्नेछन्।

सफ्टटेकमा १४ वटा मुलुकमा बिक्री गरिएको माइक्रो बैंकिङ सफ्टवेयर, मर्कन्टाइलले विकास गरेको पुमोरी सफ्टवेयरलगायत अन्य नयाँ सफ्टवेयर पनि आकर्षणमा पर्नेछन्। आयोजकहरूका अनुसार विश्वविद्यालयहरू, स्वतन्त्र तथा खुला सफ्टवेयरको क्षेत्रमा कार्यरतहरू, मोफसलमा रहेर सफ्टवेयरमा काम गरिरहेकाहरूका साथै मदन पुरस्कार पुस्तकालयका लागि निःशुल्क स्टल राख्ने व्यवस्था मिलाइएको छ।

सफ्टटेकमा अन्तर्राष्ट्रिय प्रतिनिधिहरूको पनि उपस्थिति हुने भएकाले सफ्टटेक प्रारम्भ हुने दुई दिनअघि सोमबारदेखि फिट नेपालको संयोजनमा ग्लोबल नलेज पार्टनर कार्यक्रम हुनेछ भने सफ्टटेककै बीचमा ५ र ६ गते फिट नेपालकै स्वाभिमान अभियानका बारेमा कार्यशाला आयोजित गरिनेछ।

# आजदेखि इन्फोट्रेड २००८



साप्ताहिक समाचार

आजदेखि सूचना तथा सञ्चार प्रविधि (आइसिटी) सम्बद्ध मेला इन्फो ट्रेड-२००८ प्रारम्भ भएको छ। भृकुटीमण्डपस्थित प्रदर्शनीकक्षमा आयोजना भैरहेको यो मेला आगामी मंगलबारसम्म चल्नेछ। 'आइसिटीका क्षेत्रमा विकास भएका नयाँ प्रविधिका बारेमा यो मेलाबाट सर्वसाधारण उपभोक्ताले पर्याप्त जानकारी हासिल गर्न सक्नेछन्' मेला आयोजक भेनस म्यानेजमेन्टका निर्देशक राजकुमार भट्टराईले साप्ताहिकसँग भने- 'प्रविधि मानव जीवनशैलीको अभिन्न अङ्ग बनिसकेको अवस्थामा सचेतना फैलाउने उद्देश्यले इन्फोट्रेडको आयोजना गरेका हौं।'

मेलामा सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा कार्यरत स्वदेशी तथा विदेशी कम्पनी एवं व्यवसायीहरूले भाग लिनेछन्। आयोजकहरूका अनुसार मेलालाई नै लक्षित गरेर व्यवसायीहरूले आफ्ना नयाँ उत्पादनलाई उपभोक्तामाझ सार्वजनिक गर्ने भएका छन्।

'द कम्प्लिट आइस टेक्नोलोजी एक्स्पो' शीर्षक राखिएको यो मेलामा उपभोक्ताहरूले कम्प्युटर, कम्प्युटर हार्डवेयर, मोबाइल, युपिएस, इन्भर्टर, प्रिन्टर, मल्टिमिडिया उपकरणहरू, पेन ड्राइभ आदि उपकरणका सम्बन्धमा विस्तृत जानकारी पाउँनेछन्। 'आइस अर्थात् इन्फरमेसन (सूचना प्रविधि), कम्युनिकेसन (सञ्चार) तथा इन्टरटेनमेन्ट (मनोरञ्जन) क्षेत्रका प्रविधिहरू एउटै थलोमा प्रदर्शन गरिने मेला हो यो।' निर्देशक भट्टराईले बताए।

मेलामा ६८ वटा कम्पनीका १ सय ५२ वटा स्टल रहने छन्। मेलाको प्रमुख आकर्षण नेपाल टेलिकमले प्रारम्भ गरेको एडीएसएलसम्बद्ध उपकरणहरू रहनेछन्। त्यस्तै नयाँ ब्रान्डका ल्यापटप तथा मोबाइलले पनि प्रदर्शनीमा उपभोक्ताको ध्यान खिच्ने छ। मेलामा कम्प्युटर प्रविधिको सहयोगले ढोकामा चित्रहरू प्रिन्ट गर्ने प्रविधि पनि प्रदर्शन गरिनेछ। न्युमेरिक ब्रान्डका लेटेस्ट इन्भर्टर पनि मेलाका आकर्षण बन्नसक्छन्। यसबाहेक डिजिटल प्रिन्टिङका नयाँ उपकरणहरू पनि सार्वजनिक हुनेछन्।

सूचना तथा सञ्चार प्रविधिको उच्चतम प्रयोग तथा विकास नै देश विकासको मूल आधार हो भन्ने लागेर इन्फोट्रेडको प्रभावकारिता महसुस गरिएको निर्देशक भट्टराईले बताए। इन्फोट्रेड विशेष गरी युवापुस्ताका निम्ति लक्षित भएको उनले बताए। प्रदर्शनीमा सामसुङ, फिलिप्स, एमएसआई, एलजी, रिको आदि कम्पनीले सहभागिता जनाउने बताइएको छ।

**शैक्षिक परामर्श मेला पनि**

आयोजकहरूका अनुसार इन्फोट्रेडमै सूचना तथा सञ्चार प्रविधि अध्यापन गराउने शैक्षिक संस्थाहरूले पनि स्टल राख्ने भएका छन्। त्यसबाहेक राम्रो विषयमा उच्च शिक्षा हासिल गर्न चाहने विद्यार्थीका निम्ति अन्य शैक्षिक परामर्शदाता संस्थाहरूले पनि स्टल राख्नेछन्। 'यो मेलालाई आइसिटी र एजुकेसनको फ्युजन मेला भन्न सकिन्छ' निर्देशक भट्टराइले भने- 'जहाँ अभिभावक र छोराछोरी दुवै आएर आफ्नो आवश्यक विषयमा विस्तृत जानकारी हासिल गर्न सक्नेछन्।' उच्च शिक्षाका निम्ति कलेज, विषय छनौट एवं पाठ्यक्रमलगायत अन्य विषयमा विद्यार्थी आफैले सम्बन्धित विज्ञहरूसँग परामर्श गर्न पाउनेछन्।

# धानको नयाँ जिन

चीनका अनुसन्धानकर्ताहरूले धान उत्पादनमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने प्रमुख तत्त्व (जिन) पत्ता लगाएका छन्। धानको उत्पादकत्व वृद्धि गर्नका लागि त्यसका बिरुवाको आकार, उचाइ, फूल फुल्ने समय, मौजुदा मनसुनमा के-कस्तो छ भन्ने कुराले निर्धारण गर्ने अनुसन्धानका क्रममा पत्ता लागेको छ। बिरुवा उल्लेखित तीनवटा चरित्रले उत्पादनमा जादुमय प्रभाव पार्ने अनुसन्धानविद्ले बताएका छन्। चीनको युहान प्रान्तस्थित एउटा कृषि विश्वविद्यालयका अनुसन्धानकर्ताले ३० हजार धानका बिरुवाको परीक्षणपछि धानको उत्पादन सम्बन्धमा नयाँ तर उच्च प्रकारको जिन पत्ता लगाएका हुन्।

# हराएको मोबाइल पत्ता लगाउने मसिन

भारतको माइक्रो टेक्नोलोजी इन्डिया लिमिटेडले नयाँ सफ्टवेयर निर्माण गरेको छ-'लस्ट मोबाइल ट्र्याकिङ सिस्टम (एलएमटिएस) जसले हराएको मोबाइल तुरुन्त पत्ता लगाउनेछ। यो सफ्टवेयरमार्फत भारतमा हराएका थुप्रै मोबाइलले सक्कली प्रयोगकर्ताको खल्तीमा पुनः प्रवेश पाउन सफल भएका छन्।

यो मोबाइल प्रयोगकर्ताहरूका निम्ति उत्साहजनक खबर पक्कै हो। माइक्रो टेक्नोलोजीको एलएसटिएस सफ्टवेयरको माध्यमबाट प्रयोगकर्ता स्वयम्ले हराएको मोबाइल खोज्न सक्छ। एलएमटिएसले मोबाइलका सम्पूर्ण कार्यलाई लक गर्न सक्छ। मोबाइल सेटमा नयाँ सिमकार्ड राखियो भने पनि सफ्टवेयरमार्फत प्रत्येक सेकेन्डको मोबाइल लोकेसन पत्ता लगाउन सकिन्छ। एलएमटिएसले काम गर्ने तरिका पनि गजबको छ। सर्वप्रथम त आफ्नो मोबाइलमा एलएमटिएस सफ्टवेयर डाउनलोड गर्नु आवश्यक छ। यसपश्चात् माइक्रोसफ्टको सर्भरले सम्वन्धित मोबाइलको नम्बर रेकर्ड गर्नेछ। साथसाथै सर्भरले सम्बन्धित मोबाइलको रिफरेन्स नम्बर र ई-मेल ठेगाना पनि लिन्छ।

यति प्रक्रिया अपनाइसकिएको मोबाइलसेट हरायो भने पाउनेले त्यहाँ रहेको सिम फालेर नयाँ सिमकार्ड हाले पनि एलएमटिएस सफ्टवेयरले रिफरेन्स नम्बर र ई-मेल ठेगानामा उक्त व्यक्तिले प्रयोग गरेको नयाँ मोबाइल नम्बर तथा लोकेसन सन्देशका रुपमा पठाउँछ। माइक्रो टेक्नोलोजीको सफ्टवेयरले नोकिया, सामसुङ, बेनक्यू, मोटोरोला, सोनी इरिक्सन, पानासोनिकलगायत अन्य कम्पनीका मोबाइलसेटमा पनि काम गर्ने बताइएको छ।

# अक्सिजनको अभाव

समुद्रका अक्सिजनको अभावका कारण माछालगायत अन्य सामुद्रिक जीवहरूको बासस्थान खुम्चिँदै गएको विषयमा वैज्ञानिकहरूको अन्तर्राष्ट्रिय समूहले हालै एक प्रतिवेदन सार्वजनिक गरेको छ। विगत ५ वर्षमा जमिनसँग जोडिएका ३ सयदेखि ७ सय मिटर क्षेत्रमा अक्सिजनको तह अनुमान नै लगाउन नसकिने गरी घटेको वैज्ञानिकहरूले बताएका छन्। पर्यावरणमा उत्पन्न यस प्रकारको अभावले जैविक तथा आर्थिक क्षेत्रमा असर पर्ने कुरा प्रतिवेदनमा उल्लेख छ। अक्सिजनको तह घट्नुमा जलवायु परिवर्तन वा अन्य कुन कुराले भूमिका निर्वाह गरेको छ भन्ने विषयमा भने अनुसन्धान समूहले केही बताएको छैन।

Wanted
American Multinational Company लाई केहि युवायुवती आवश्यकता।
संख्याः 7 Ladies/ Gents
योग्यताः SLC Above
तलबः 8500
सुविधाः Personality Development सम्बन्धी Free Training
9841747489, 9803809968
मित्रपार्क चोक ,चावहिल

केश
झर्न तुरुन्तै रोकी उमार्ने तेल
Before After
Rs. 750/- Herbal44
बेदाग गोरो मुहारको लागि
रूपअमृत + दस फेसवास-1600/-
चाउरीपना हटाउने Cream -1050/-
स्तन बढाउने Cream (दस फ्रि)-1650/-
ग्यास्ट्रिक ▶ ब्लडप्रेशर ▶ दम समाधान
शरीरको तौल + उचाई बढाउने
▶ सफल आयुर्वेदिक/प्राकृतिक उपचार ◀
शरीरको weight घटाउने Easy way
No Side effect 100% Guaranteed
आस्था हेल्थ केयर
काठमाडौं, गौशाला (द्वारिका होटल अगाडि)
Tel.: 4498929, 2110057
9845062538 Cell, इटहरी 025-580944

ब्रिटिश आर्मी / सिंगापुर पुलिस
Intake 2009
ब्रिटिश आर्मी तथा सिंगापुर पुलिसका लागि बरिष्ठ भू.पू. ब्रिटिश गोर्खा सैनिक अधिकृत तथा भू.पू. सिंगापुर पुलिस अधिकृतहरुद्वारा २००९ को सम्पूर्ण तयारीका कक्षाहरु संचालन भईरहेको जानकारी गराउँदै इच्छुक योग्यता प्राप्त नेपाली युवा तथा युवतीहरुले शीघ्र तयारी कक्षाको लागि सम्पर्क राख्नुहोला।
साथै स्वदेश तथा विदेशमा Security सम्बन्धी काम गर्न इच्छुक प्रशिक्षार्थीहरुको लागि सेक्युरिटी तालिमको पनि व्यवस्था गरिएको छ।
हाइटेक ट्रेनिङ्ग इन्स्टिच्यूट
महाराजगंज, काठमाडौं, फोनः ४३७३११०, ९८५१०८११७७





# फेरि आयो चलचित्रको बाढी

चलचित्र प्रदर्शन एवं वितरणको काम गर्दै आएका पोखरेली हल मालिक हरि द्धा अब निर्माता बन्ने धुनमा छन् । प्रदर्शन एवं वितरणबाट उनको व्यापार राम्रै चलेको थियो, यति हुँदा हुँदै पनि उनले आफ्नो कित्ता परिवर्तन गरेका छन् । आफू चलचित्र निर्माणमा लाग्नुको कारण प्रष्टयाउँदै हरि भन्छन्- 'कति अरूकै चलचित्र देखाएर बस्नु, अब आफ्नै चलचित्र दर्शकलाई देखाउन मन लाग्यो ।'

हालै आफ्नो चलचित्रको मुहूर्त गरेका द्धा आगामी दिनमा निर्माण एवं वितरण दुवै विधामा सक्रिय हुने कुरा बताउँछन् । हरि भन्छन्– 'मैले कित्ता परिवर्तन गरेको होइन अब म निर्माण एवं वितरण दुवै काममा लाग्छु ।' पुराना निर्माताहरू थकाइ मारेर बसे पनि केही नयाँ निर्माता चलचित्र निर्माणमा आकर्षित भएका छन् । हालै एकै दिन छवटा चलचित्रको शुभमुहूर्त भएको थियो । निर्माणमा देखिएको यो बाढीलाई सकारात्मक रूपमा लिए पनि आशावादी हुने ठाउँ भने नभएको धारणा व्यक्त गर्न हिच्किचाउँदैनन् स्वयं चलचित्रकर्मी ।

निर्माता संघका अध्यक्ष अशोक शर्माका अनुसार चलचित्र निर्माणको बाढी आउनुमा संविधानसभा निर्वाचन सम्पन्न हुनु पनि एक प्रमुख कारण हो । स्थायी शान्ति कायम हुने सम्भावना बढेपछि धेरै मानिस चलचित्र निर्माणप्रति आकर्षित छन् । यो बाढीले नेपाली चलचित्रको बजारलाई सघाउला त ? शर्मा भन्छन्- 'अहिले त पर्ख र हेरको स्थिति छ व्यापार बढ्छ कि घट्छ आँकलन गर्न सकिंदैन ।' संख्या बढेपछि स्तरको पनि अपेक्षा गर्न सकिने धारणा उनले व्यक्त गरे ।

अघिल्लो पुस्ताका युवराज लामा, यादव खरेल आदिले चलचित्र बनाउने कामलाई निरन्तरता नदिए पनि त्यसपछिका पुस्ता र भर्खरै आएकाहरू निर्माणका लागि जुर्मुराएका छन् । विदेशी चलचित्रको व्यापार गर्दै आएका उद्धव पौडेलले वर्षको सात चलचित्र बनाउने घोषणा गरेकोमा तीनवटा त बनाइसकेका छन् । बाँकी चारवटा चलचित्रको निर्माण पनि यो वर्ष पूरा गर्ने उनको लक्ष्य छ । भर्खरै निर्माताको सूचीमा दरिएका मेलिना मानन्धर, सञ्जय कुटु, जेनी कुँवर, योगेन्द्र श्रेष्ठ आदि पनि नयाँ चलचित्र सुटिङका लागि अन्तिम तयारीमा छन् ।

पछिल्लो पटक चलचित्र निर्माणमा जोडतोडले लागेका अर्का निर्माता हुन् सञ्जय कुटु । जसको पहिलो चलचित्र 'मर्यादा' ले काठमाडौंमा प्रदर्शनको अवसर पाएको छैन तर उनले दोस्रो चलचित्र 'मौसम' को छायांकन सम्पन्न गरिसके भने अर्को चलचित्र दिवानापन बनाइरहेका छन् । यो हतारो किन ? 'बनाएपछि चलाउने पालो पक्कै आउला, बनाएको चलचित्र खेर जाला जस्तो लाग्दैन'- सञ्जयले भने ।

चलचित्र 'घायल' को प्रदर्शनअघि नै जेनी कुँवरले नयाँ चलचित्रको स्कृप्ट तयार पारिसकेकी छिन् । नयाँ चलचित्रको छायांकन चाँडै प्रारम्भ गर्ने योजना उनले सुनाइन् ।

अहिले जो निर्माणमा सक्रिय छन् उनीहरूको लक्ष्य एउटै छ, सहजरूपमा लागत उठ्ने चलचित्र बनाउने । यही अभियानले नेपाली चलचित्रको स्वरूप परिवर्तन होला त ? निर्देशक युवराज लामा अहिले बनेका कुनै पनि चलचित्रले 'क्वालिटी मेन्टन' गर्न नसक्ने धारणा राख्छन् । परम्परागत फर्म्याटमा बनेका चलचित्रले स्तरवृद्धि हुन नसक्ने लागेर नै आफूले निर्माणकार्यलाई स्थगित गरेको भन्न पनि पछि परेनन् उनी । निर्माताहरूमा देखिएको उत्साहलाई भने सकारात्मक रूपमै लिनुपर्ने लामाको धारणा छ ।

# फुच्चाफुच्चीको क्याटवाक

धरान-सोमबार साँझ उद्घोषिकाले मञ्चमा उत्रिन तयार मोडलहरूको नाम फटाफट भन्दै थिइन् तर उद्घोषिकाको आमन्त्रणसँगै पालैपालो क्याटवाक गर्दै बाहिरिने सबै ५ देखि १२ वर्षसम्मका मात्र थिए । उमेरले साना भएर के भो ? हलभरिका दर्शकलाई यिनै साना बालमोडलहरूले प्रशस्तै मनोरञ्जन प्रदान गरे । भारतीय सुन्दरी ज्योति ब्राम्हिनलाई धरानको क्याम्पमा उतार्दै सात महिनाअघि फेसन डिजाइनिङ पढाउन थालेको भेलोसिटी क्याम्पसद्वारा आयोजित धरान चिल्ड्रेन फेस्टिवलमा बालमोडलहरूको प्रस्तुतिले दर्शकको मन जितेको थियो ।विभिन्न नौ वटा सिक्वेन्समा ५६ जना बालबालिका पालैपालो स्टेजमा क्याटवाक गर्दै फिरेका थिए ।

कोही जंगली ड्रेस त कोही परम्परागत सांस्कृतिक पहिरनमा । अहिलेको जल्दोबल्दो रक स्टाइल, समर ड्रेस, नाइटीदेखि लिएर राजपरिवारको शैलीमा पनि बालबालिकाहरूलाई क्याम्पमा उतारिएको थियो । बालमोडलहरूका सबै पहिरन भेलोसिटीका १८ जना विद्यार्थीले डिजाइन गरेका थिए । साढे तीन घन्टा लामो कार्यक्रम बालबालिकाहरूको प्रस्तुति मात्र थिएन, विद्यार्थी डिजाइनरहरूको प्रतियोगिता पनि थियो । उत्सव राई र नुना श्रेष्ठको मिस नेपाल शीर्षकको ड्रेस डिजाइनले पहिलो पुरस्कार जिते पनि दोस्रो स्थानमै चित्त बुझाएको सरस्वती र शर्मिला तामाङको क्विन अफ जंगलले दर्शकको वाहवाही पाएको थियो ।व्यक्तिगत अवार्डतर्फ स्यारोन लिम्बूले मिस क्याटवाक र मस्ट ट्यालेन्टेडको दुई पुरस्कार जितिन् । अदिति भट्टराईले बेस्ट इस्माइलको पुरस्कार हात पारिन् ।



# गोर्खाल्यान्ड अब 'मुलुक'मा




'गोर्खाल्यान्ड' आन्दोलनले धपधपी बलिरहेको दार्जीलिङको मुक्ति गाथालाई सँगाल्दै चलचित्र निर्माण प्रारम्भ भएको छ। केही महिनायता सल्किएको संघर्षको ज्वारले पश्चिम बंगाल र दिल्लीका शासकहरूको सातो लिइसकेको छ। अहिंसात्मक तर सशक्त आन्दोलनको नमुना प्रस्तुत गर्दै 'गोर्खे' जनता लक्ष्यतर्फ अघि बढिरहेको बेला त्यसलाई सघाउन कम्मर कसेर ओर्लिएका छन्- कलाकारहरू। विक्रम पराजुली निर्माता तथा अमर रसाइली निर्देशक रहेको चलचित्र 'मुलुक' मा सुपरिचित नाट्यकर्मी सीके श्रेष्ठको लेखन रहनेछ भने यसमा रोशन सुवेदी, सुष्मा रिजाल, भाष्कर प्रधान आदिले अभिनय गर्ने बताइन्छ।

दार्जीलिङ पहाडका जनतामा विद्यमान 'गोर्खाल्यान्ड' को चाहनालाई यो चलचित्रमा प्रखर रूपमा अभिव्यक्त गरिएको निर्देशक रसाइलीले बताए। युवापुस्तालाई मुक्ति आन्दोलनमा सरिक हुन चलचित्रले सन्देश दिने उनको भनाइ छ। डुवर्स, कालेबुङ आदि क्षेत्रमा ७५ प्रतिशत छायांकन सकिएको र चाँडै प्रदर्शनमा जुट्ने निर्माता पराजुलीले जानकारी दिए। यो राजनैतिक चलचित्रमा राजन घिमिरे, मधुसूदन लामा तथा कमल उपासकको संगीत रहनेछ।

**पर्वत पोर्तेल**


# नसिबको गसिप



चलचित्रका कथा लेख्ने विकास आचार्य यतिखेर आफैंले लेखेको कथामा चलचित्र निर्देशन गर्दैछन्। आचार्यले करिब ५० वटा चलचित्रका कथा लेखिसकेपछि निर्देशन गर्ने पुरानो चाहना पूरा गर्ने क्रममा आफ्नो खुबी देखाउने तयारी गरेका हुन्। हिन्दीमा बनिसकेका चलचित्र 'नसिब' शीर्षक दिइएको यो चलचित्रको कथा अहिलेसम्म आफूले लेखेका कथाहरूमध्येमा उत्कृष्ट रहेको आचार्यको जिकिर छ। नाम सुन्नेबित्तिकै हिन्दी अथवा पाकिस्तानी चलचित्र हो कि जस्तो लाग्ने नसिबलाई लेखक-निर्देशक आचार्य नेपाली चलचित्र उद्योगकै निम्ति महत्त्वाकांक्षी चलचित्र भन्न पनि छुटाउँदैनन्। पहिलो पटक चलचित्र निर्देशन गर्न लागेका लेखकले किन चलचित्रको नामचाहिँ उर्दू भाषाबाट सापटी लिए होलान्?

भाषा ज्ञान नभएका कारण उनले उर्दू भाषाको शीर्षक राखेको अवश्य होइन। कुरोको चुरो बेग्लै छ। नसिबको नेपाली अर्थ भाग्य हो। नेपाली चलचित्र उद्योगमा अगाडि नै भाग्य नामको चलचित्र बनिसकेको छ। त्यतिमात्र होइन, भाग्य नै अर्थ लाग्ने फारसी भाषाको तकदीर पनि नेपालमा बनिसकेको चलचित्रको शीर्षक हो। गत वर्षको सुपरहिट चलचित्र 'किस्मत' को नेपाली अर्थ पनि भाग्य नै हुन्छ। किस्मत हिन्दी शब्द हो। भाग्य, किस्मत र तकदिर बनिसकेको अवस्थामा आचार्यले उर्दू भाषाको नसिबलाई सापटी लिएका होलान्।

# उडे रमित



नायक राधेश्याम ढुंगानालाई चिन्नुहुन्छ? उनलाई चलचित्रक्षेत्रमा माया गरेर 'आरडी' भनेर बोलाइन्छ। उनको वास्तविक नाम राधेश्याम हो, जबकि हामी उनलाई रमित भनेर चिन्छौं, नायक रमित ढुंगाना। रमित अब पलायन हुने दाउमा छन् भन्ने खबर हाम्रो कानसम्म आइपुगेको छ। केही साताअघि ढुंगाना दम्पतीको पासपोर्टमा अमेरिकी दूतावासले भिसा लगाइदिएछ। हिजो बिहिबार रातिको फ्लाइटमा उनीहरु अमेरिका उडेका छन्। एउटा चलचित्रको छायाँङ्कनका लागि अमेरिका गएपनि चलचित्र क्षेत्रमा हल्ला छ कि उनको दाउ सरोज खनाल वा करिश्मा मानन्धरको जस्तै छ- चर्चामा छँदै विदेश पलायन हुने। त्यसो त रमितलाई चलचित्रका अफर नआएका पनि होइनन्। दर्जनौं निर्माता अझै पनि उनको 'डेट्स'को पर्खाइमा छन्। तैपनि रमित अमेरिकामै जम्ने भए त?

# अविस्मरणीय अनुभव



'डेरीको दूध पाइन्छ भने घरमा गाई किन पाल्नु?' यो उखान राजेश हमालको व्यक्तिगत जीवनसँग जोड्ने काम प्रसस्तै भएको छ। अक्सर विवाहका प्रसंगमा धेरै चर्चाआ आउने यी अभिभावक नायक प्रेम र शारीरिक सम्बन्धलाई पेसासँग नजोड्न आग्रह पनि गर्छन्। 'प्रेम र यौन दुवै जीवनका गहन विषय हुन्,' राजेश भन्छन्- यो विषयमा कुरा गर्नु भनेको आफ्नो मात्र होइन आफूसँग जोडिने साथीको बेइज्जत गर्नु पनि हो। नेटनसा डटकमका अनुसार नायक हमालले पहिलो यौन अनुभव अत्यन्तै सुखद भएको बताएका छन्। अत्यन्तै रोमाञ्चक त्यो अनुभूति उनको जीवनका निम्ति अविस्मरणीय बनेको राजेशले उल्लेख गरेका छन्।

विवाह नगरे पनि कुमार नभएको पुष्टि गर्ने उक्त समाचार अनुसार नायक हमाल यौनलाई जीवनकै महत्त्वपूर्ण पक्ष मान्छन्। राजेश भन्छन्- 'भोकाएको मानिसका निम्ति खानाको महत्त्व भएजस्तै शारीरिक सन्तुष्टिका निम्ति यौन अपरिहार्य छ।' नेपाली युवतीहरूमा खासै मोह नरहेको बताउने नायक हमाल खैरा छाला भएका कामोत्तेजक युवतीहरूप्रति आकर्षित रहने बताउँछन्। नायक हमालका अनुसार हलिउडका टेलिभिजन एंकरहरू आकर्षक एवं कामुक देखिन्छन्।

# धरानमा नाचे नायक-नायिकाहरू



धरान- लिम्बू चलचित्र नुमाफुङलगायत विभिन्न चलचित्रमा अभिनय गरे पनि नृत्यमा जम्न नसकेका नायक प्रेम सुब्बाले धराने दर्शकहरूलाई शनिबार आयोजित मल्टी डाइमेन्सनल म्युजिकल प्रोग्राममा नृत्यको स्वाद चखाए। सुब्बालाई साथ दिएका थिए नायिका नन्दिता केसी तथा अर्का नायक किशोर सम्बाहाङ्फेले।

अतिथिको आसनमा गमक्क परेर बसेका किशोर र प्रेमलाई उद्घोषकले नायिका नन्दितासँग नाच्न बोलाएपछि उनीहरू चुनौती सामना गर्न मञ्चमा पुगेका थिए। राजधानीमा चलिरहको सुटिङ छाडेर धरान आइपुगेकी नन्दिताले पहिले 'तिमीजस्ती सुवासिली गीतमा सामूहिक नृत्य गरेकी थिइन् भने दोस्रो पटक किशोरसँग 'मेरो मनले तिमीलाई रोज्यो', तेस्रो प्रस्तुतिमा प्रेमसँग 'कहिले तिम्रो पछ्यौरीमा अल्झें' र 'पुरानो हुँदैन माया' गीतमा नृत्य गरिन्। नन्दिताले हर्षित हुँदै भनिन्– 'धरानको प्रस्तुति मेरा लागि अविस्मरणीय हुनेछ।' कलाकार भएर पनि नाच्ने बानी कम भएकाले प्रेम र किशोरलाई भने गीत र संगीतको तालसँग नन्दिताको छरितो शारीरीक लयमा बहन निकै गाह्रो भएको थियो।

नायिका केसी मुनलाइट आर्ट पर्फर्मिङ सेन्टरको छैटौं वार्षिक उत्सवका अवसरमा अतिथिका रूपमा धरान आएकी थिइन्। उक्त अवसरमा आर्ट सेन्टरका ५० जना कलाकारले नेपाली लोकसंस्कृतिमा आधारित नृत्यदेखि कत्थक, कवाली, अरबियन ब्याले, मुजुरा, हिपहप र थुप्रै रिमिक्स तथा आधुनिक नृत्य प्रस्तुत गरेर दर्शकहरूको मन जिते। उक्त अवसरमा गायक सुमित खड्का तथा सपन श्रेष्ठले आ-आफ्ना गीत सुनाएका थिए।

**–प्रदीप मेयाङ्बो**

# हिरो बन्ने दाउ



मिग्मा शेर्पा आफूले त चर्चा पाए नै, उनले आफ्ना स्कुले साथी किरण लाकौललाई पनि चर्चामा ल्याउने कदम चाले। झट्ट हेर्दा 'चकलेटी हिरो' जस्तो देखिने लाकौललाई शेर्पाले आफ्नै प्रतिस्पर्धी अर्थात् गायक त बनाएनन्, बरु नायक बन्ने बाटो खोलिदिए। मिग्माले आफ्नो गीत 'कसरी'को म्युजिक भिडियोमा उनलाई अभिनय गराए। उनको अभिनय राम्रो भयो। त्यसपछि किरणलाई एकपछि अर्को म्युजिक भिडियोको ओइरो लागेको छ। छदेखि दस महिनाको अन्तरालमा लाकौलले हिमाल सागरको 'माया मेरो', राहुल वैद्यको 'तिमीले भन्यौ', मन्त्र समूहको 'झरझर', मौसमी गुरुङले गाएको रिमिक्स 'मखमली चोलो चाहिँदैन' जस्ता म्युजिक भिडियोमा अभिनय गरिसकेका छन्। अभिनय राम्रो भएरै होला, मिग्माको 'मलाई माफ नगरे' र हिमाल सागरको 'दुनियाँलाई टाढा छोड'मा उनी दोहरिसकेका छन्। हास्य धारावाहिक 'घरबेटी बा'मा पनि अभिनय गर्न भ्याएका किरणलाई अभिनयको चस्का लागिसकेको रहेछ। अब के गर्न बाँकी छ? उनले भने- 'फिल्ममा हिरो हुन बाँकी नै छ नि।'

# आदित्यनारायण फेरि सारेगामापाको उद्घोषक



भारतीय च्यानल जी टेलिभिजनको चर्चित सांगीतिक कार्यक्रम 'सारेगामापा २००८' को कार्यक्रम उद्घोषण यस वर्ष पनि आदित्य नारायण झाले गर्नेछन्। यसको आधिकारिकताका सम्बन्धमा पुष्टि गर्न मोबाइल सम्पर्क गर्ने क्रममा प्रसिद्ध 'आइफा एवार्ड' उद्घोषणका लागि बैङ्कक पुगेका झाले उक्त जानकारी गराएका हुन्। सारेगामापामा फेरि छनौट हुनुभएछ नि? भन्ने जिज्ञासामा आदित्यले भने- संसारभरिका टेलिभिजन दर्शकले मेरो पहिलो प्रयासलाई मन पराई प्रशस्त माया दिनुभयो।

यही कार्यक्रमबाट मैले गत वर्ष ग्लोबल इन्डियन टेलिभिजन एवार्ड, इन्डियन टेलिभिजन एकेडेमी एवार्ड, सानसुई टेलिभिजन एवार्ड, बेस्ट एंकर एवार्डलगायत सातवटा एवार्ड पाए, यसले गर्दा करोडौं दर्शकले मन पराउनुभएको कार्यक्रममा फेरि उद्घोषण गर्ने जिम्मेवारी पाएको छु। आउँदो जुलाई ४ देखि जी टेलिभिजनबाट प्रसारण हुने कार्यक्रम सारेगामापाको निर्णायकमा हिमेश रेशमिया, आदेश श्रीवास्तव, शंकर महादेवन तथा प्रीतम रहनेछन्। साप्ताहिकसँगको पछिल्लो कुराकानीमा 'लिटिल च्याम्स' सकिनेबित्तिकै एल्बमको तयारी गर्ने बताउनुभएको थियो, के भैरहेको छ? भन्ने प्रश्नमा आदित्यले भने– मेरो पनि पहिले त्यही योजना थियो, मलाई लागेको थियो- 'लिटिल च्याम्स' सकिएपछि म केही महिना खाली रहनेछु जुन समयमा एल्बमको तयारी गर्नेछु तर सोचेजस्तो भएन।

कार्यक्रम सकिएपछि पनि निकै व्यस्त रहें, दुई महिनासम्म अमेरिका, क्यानाडा, बेस्ट इन्डिज आदि देशमा बीसवटा सो गरें। अब सारेगामापाको सुटिङ सुरु हुँदैछ, त्यसैले एल्बम तयारीका निम्ति समय दिन नसकेको हुँ। तपाईंले हामीसँग चलचित्रमा थुप्रै प्रस्ताव आइरहेको कुरा पनि उठाउनुभएको थियो नि? भन्ने अर्को जिज्ञासामा झाले भने– 'अहिले नै चलचित्रमा काम नगर्ने सोच बनाएको थिएँ, तर थुप्रै चलचित्र निर्माता एवं निर्देशकहरूको अनुरोधमा दुईवटा चलचित्रमा अभिनय गर्ने भएको छु।'

**–निर्मल श्रेष्ठ, हङकङ**



ठट्यौली : एक चलचित्रको मुहूर्तमा निर्माता छवि ओझा, नायिका सञ्चिता लुइँटेल, नायक धीरेन शाक्य, निर्देशक दीपक श्रेष्ठ तथा अन्य सहकर्मी।

## लभ गुरु रेखा



पाठकहरूको प्रेम जिज्ञासा एवं समस्या समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं। आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनु होस्। ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय-सल्लाहअनुरूप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ। यो स्तम्भका लागि कुनै शुल्क लाग्नेछैन। आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला।

**म अहिले २० वर्षको भएँ। म उनलाई अति माया गर्छु। उनी र म एउटै क्याम्पसमा पढ्छौं। नातेदार तथा आफन्तहरूको मायाविहीन भएको बेला सुन्दर भविष्यको सुनौलो आशा बोकेर म उनीप्रति समर्पित भएँ, तर अहिले उनको विवाह भएको तीन महिना भयो। उनीबिना बाच्ने प्रयास धेरै पटक गरेँ तर सकिनँ। उनी पनि मलाई प्रेम गर्थिन्। परिवारको जबरजस्तीमा उनी विवाह गर्न बाध्य भइन्। विवाह भएपनि हामी बारम्बार भेटिरहन्छौं। मसँग फेरि विवाह गर भन्दा उनी आमाबाबुको इज्जत जान्छ भन्छिन्। अब हाम्रो मिलन नहुने भयो। यो अवस्थामा बाँचेर म आफ्नो घाउमा नुनचुक छर्कन चाहन्नँ। म मर्ने र बिग्रने कुरा गर्दा उनी भक्कानो छाडेर रुन्छिन्। म कल्पना पनि गर्न सक्दिनँ कि म मरें भने उनी अझ कति रुन्छिन् होला ? ममा एक्लै बाँच्ने वा अरू कसैसँग साइनो गाँस्ने कुनै उत्साह छैन। म अब बाँचे पनि उनको मायामा बाँच्न चाहन्छु। उनी पनि मसँग बाँच्न चाहे पनि पारिवारिक बन्धनमा बाँधिएकी छिन्। यो अवस्थामा म के गरूँ ?**

**–पु.**

तपाईंले प्रेममा धोका पाउनुभएको छैन। जसलाई तपाईं प्रेम गर्नुहुन्थ्यो, बरु उनले नै परिवारसँग विद्रोह गर्न सकिनन्। अब जे हुनु भैसक्यो। प्रेममा प्राप्ति मात्र होइन, त्याग पनि चाहिन्छ भन्ने कथन त सुन्नुभएकै होला। समस्याको एउटा समाधान यो पनि हुनसक्छ। प्रेममा तपाईंले प्राप्तिभन्दा पनि त्यागको अवसर पाउनुभएको छ। यसलाई स्वीकार गरेर उनको सुखद् दाम्पत्य जीवनको कामना गर्दै उनको जीवनबाट टाढा हुनु नै सबैभन्दा राम्रो उपाय हो। श्रीमान्सँग उनको सम्बन्ध कस्तो छ ? भन्ने कुरा पनि तपाईंको पत्रमा उल्लेख भैदिएको भए राम्रो हुन्थ्यो। यदि श्रीमान् समझदार छन् भने तपाईंले सबै कुरा उनीसमक्ष खोल्न सक्नुहुन्छ, तर विचार पुऱ्याउनुहोस्– यसले समस्या समाधान हुनेभन्दा पनि समस्यालाई अझ विकराल बनाउन सक्छ। त्यसले तपाईंकी प्रेमिकाको भविष्य बर्बाद पनि हुनसक्छ।



## आदिवासीका चलचित्र

काठमाडौं- चार दिने अन्तर्राष्ट्रिय आदिवासी चलचित्र महोत्सव सोमबार सकिएको छ। राजधानीको प्रदर्शनी मार्गस्थित नेपाल पर्यटन बोर्ड तथा राष्ट्रिय सभागृहमा स्वदेशी २१ तथा अन्य मुलुकका २७ वटा गरी कुल ४८ वटा आदिवासी चलचित्रहरू प्रदर्शन गरिए।

एघारजना आदिवासी जनजाति सभासद्द्वारा सामूहिकरूपमा उद्घाटन गरिएको महोत्सव अवधिभर दर्शकहरूको उल्लेख्य उपस्थिति रहेको थियो। महोत्सवमा आदिवासी परिकार महोत्सव पनि सम्पन्न भयो। सभागृह परिसरमा गुरुङ, तामाङ, नेवार, माझी, थारु, राजवंशी आदि विभिन्न समुदायले आ-आफ्ना परिकारका स्टल राखेका थिए। एक-अर्काका चलचित्र हेर्दै आदिवासी समुदायका दर्शक परिकारको स्वाद चाख्न पनि व्यस्त देखिए। आयोजक इन्डिजिनियस फिल्म अर्काइभका अध्यक्ष तथा चलचित्र निर्देशक नवीन सुब्बाका अनुसार महोत्सवमा उत्कृष्ट ठहरिएका चलचित्रलाई अन्तर्राष्ट्रिय चलचित्र महोत्सवमा सहभागी गराइनेछ।

## ब्यान्ड च्यालेन्जमा एक लाख

काठमाडौं- देशका पचासवटा रक ब्यान्ड अहिले एउटा पृथक प्रतिस्पर्धामा भिडेका छन्। 'स्प्राइट ब्यान्ड च्यालेन्ज- फ्रिडम टु रक्' मा छनौट भएका ५० भन्दा बढी रक ब्यान्ड आफ्नो प्रतिभा निर्णायक सामुन्ने प्रस्तुत गरिरहेका छन्। विजेता ब्यान्डले एक लाख रुपैयाँ नगद पुरस्कार तथा एउटा म्युजिक भिडियो बनाउन पाउने भएकाले पनि उनीहरू उत्साहित छन्। दोस्रो र तेस्रो हुन ब्यान्डले पनि क्रमशः पचास र तीस हजार रुपैयाँ नगद पुरस्कार पाउनेछन्।

निर्णायक मण्डलीमा रहेका रविन एन्ड द न्यु रिभोलुसनका रविन तामाङ, १९७४ एडीका मनोज केसी तथा ड्रमर देव रानाले सातापिच्छे सहभागी रक ब्यान्डहरूको छनौट गरिरहेका छन्। अडिसनबाट चालीस ब्यान्ड छनौट भएपछि त्यसबाट उत्कृष्ट छवटा ब्यान्ड सेमी फाइनलमा पुग्नेछन्। सुरज सिंह ठकुरी र मानवी ढकालद्वारा सञ्चालन भैरहेको यो कार्यक्रम श्रृंखलाका रूपमा कान्तिपुर टेलिभिजनबाट हरेक आइतबार राती नौ बजे प्रसारण भैरहेको छ।

## सुरु भयो वाइन उत्सव

**साप्ताहिक समाचार**

काठमाडौं- ठमेल पुग्नेबित्तिकै दायाँपट्टि एउटा ठूलो होर्डिङ्ग बोर्डमा वाइन फेस्टिभलमा स्वागत गरिएका शब्दहरूका साथ आयोजक किलरोयज अफ काठमाडौं ( रेष्टुराँ) ले सबै कर्मचारीको सामूहिक तस्बिर छ। विगत पाँच वर्षदेखि त्यो स्थानमा किलरोयजले त्यस्तै शब्द अंकित होर्डिङ्ग बोर्ड राख्ने गरेको छ। 'यो छैठौं पटक हो'- नेपालमा वाइन उत्सवका प्रबर्द्धक मानिएका रोबर्ट इ. डिजार्डेनले जानकारी दिने क्रममा भने। रोबर्टका अनुसार वाइन पिउने पनि कला छ र यसलाई अन्य अल्कोहलसँग दाँज्न मिल्दैन। मूलतः फ्रेन्च भए पनि धेरै वर्षदेखि उनी नेपालमा छन्। किलरोयज अफ काठमाडौं तथा के टु रेष्टुराँको सञ्चालन गरिरहेका रोबर्टलाई 'वाइन स्पेसलिष्ट' भनेर पनि चिन्न थालिएको छ। रेष्टुराँमा



आउने ग्राहकलाई उनी वाइन पिउने सल्लाह दिन्छन्। उनले रेष्टुराँमा हरि बगालेलाई पनि वाइन स्पेसलिस्ट बनाइसकेका छन्। अब त वाइनका बारेमा ग्राहकलाई बताउने र वाइन संस्कृति सिकाउने काम हरिले नै सम्हालेका छन्। ठमेलस्थित किलरोयजमा गतसाता आरम्भ भएको छैठौं मनसुन वाइन फेस्टिभलमा सहभागी भएर फ्रान्स, अस्ट्रेलिया र दक्षिण अफ्रिकाका विभिन्नथरीका वाइन सुलभ मूल्यमा पाइन्छ। उत्सव तीन महिनासम्म चल्नेछ।

## फिल्मी खबर

• खोटाङको ऐंसेलुखर्कमा ल्याब्स हाइभिजन हल नामको पहिलो चलचित्र भवन सञ्चालनमा आएको छ। विद्युत् लाइन नपुगेको ऐंसेलुखर्कमा ७ सय वाट क्षमताको जेनेरेटरको सहयोगमा नेपाली चलचित्र देखाइन्छ। नेपाली चलचित्रका दर्शक बढाउन स्थानीय व्यवसायी लालबहादुर राजभण्डारीले स्थापना गरेको बाँसले बारिएको उक्त चलचित्र भवनमा १ सय ६० जनासम्म दर्शक अटाउँछन्। यहाँ चलचित्र हेर्न खोटाङ र सोलुखुम्बु सीमावर्ती एक दर्जन गाउँ विकास समितिका मानिसहरू आउने गरेका छन्।

• चलचित्र पत्रकार संघले हरेक वर्ष प्रदान गर्दै आएको चलचित्र पत्रकारिता पुरस्कार यो वर्ष टेलिभिजनमा चलचित्रसम्बन्धी कार्यक्रमको निर्माण एवं सञ्चालन गरिरहेका राजन घिमिरे तथा नरेश भट्टराईलाई प्रदान गरिने भएको छ। विगत डेढ दशकदेखि चलचित्र पत्रकारिता गर्दै आएका घिमिरे नेपाल टेलिभिजनमा चलचित्र कार्यक्रम क्ल्याप बोर्ड सञ्चालन गर्छन् भने नरेश भट्टराई इमेज एफएम तथा इमेज च्यानल टेलिभिजनमा चलचित्रसम्बन्धी कार्यक्रमको निर्माण एवं सञ्चालन गर्छन्। यसका साथै यो वर्ष चलचित्र पत्रकारिता सम्मान ग्ल्यामर फोटोग्राफर राजीव श्रेष्ठ तथा चलचित्र पत्रकार डीपी शाह चक्रवर्तीलाई प्रदान गरिने भएको छ। पुरस्कार तथा सम्मान संघले आगामी भदौ महिनामा पोखरामा आयोजना गर्न लागेको तीनदिने चलचित्र महोत्सवमा प्रदान गरिनेछ। यसका साथै संघले मासिक बुलेटिन 'सिनेमा समाचार' पनि प्रकाशनमा ल्याएको छ।

• एलसिडी प्रविधिमा चलचित्र 'जंगली मान्छे' निर्माण गरेका बाबु बलामी अब सेल्युलाइड चलचित्रको निर्माण गर्न तम्सिएका छन्। 'जंगली मान्छे'का निर्देशक रामराजा दाहालले नै निर्देशन गर्ने उक्त सेल्युलोइड चलचित्रको शीर्षक 'बलवान' राखिएको छ। चलचित्रमा लक्ष्मण शेष तथा राजन इसानको संगीत रहनेछ भने नायकमा निखिल उप्रेती र नायिकामा नन्दिता केसीलाई लिइने पक्का भैसकेको छ।

• निर्देशक उद्धव अभिजित तथा निर्माता किसान पोखरेलद्वारा पूर्वघोषित चलचित्र 'कालापानी'को छायाङ्कन प्रारम्भ हुने भएको छ। कालापानी समस्यामा आधारित रहने उक्त चलचित्रको छायाङ्कन चितवनबाट थालिने बताइएको छ। चलचित्रमा विराज भट्ट, दिलीप रायमाझी, निरुता



सिंह, सञ्चिता लुइँटेल, मिथिला शर्मा र ऋचा घिमिरेको मुख्य भूमिका रहनेछ। यो चलचित्रका संगीतकार सुरेश अधिकारी हुन्।

• नायक विराज भट्टले समेत अभिनय गरेको भोजपुरी चलचित्र 'लागल रह ए राजाजी' हाल नेपाल र भारतका चलचित्र हलहरूमा एकसाथ सफलतापूर्वक प्रदर्शन भैरहेको छ। यो चलचित्रका निर्देशक राजकुमार पाण्डे तथा निर्माता रामाकान्त कुशवाहा हुन्।



# तपाईंलाई कस्ती युवती मन पर्छिन् ?

**केवल एक प्रश्न**



जुन युवतीको व्यक्तित्व प्रभावशाली छ, हेर्दा सुन्दर छ, जसको आत्मा अनि चरित्र सफा छ र जो सक्षम हुनुका साथै शिक्षित र व्यावहारिक छ त्यस्ता युवती मलाई मन पर्छन् ।

**बाबु बोगटी, गायक**

(हाँसो) कस्तो प्रश्न गरेको ? अँ बौद्धिक, सुन्दर, शिक्षित र व्यावहारिक युवतीले मलाई आकर्षित गर्छन ।

**सञ्जय खड्गी, गायक**

(हाँसो) एकदम रमाइलो प्रश्न .. बुद्धिमान्, कुरा बुझ्ने, स्मार्ट, सुन्दर, कन्फिडेन्ट र मलाई बुझ्ने गुण भएकी युवती मेरो रोजाइमा पर्छिन् ।

**राज बल्लभ, नायक**

अनेस्ट, दयालु र बाहिरीभन्दा भित्री रूप राम्रो भएकी युवती ।

**क्रिस केसी, गायक**

मेरा आँखाले सुन्दर युवतीहरू खोज्छन्, जसको स्वरूपले मलाई तरंगित बनाउँछ । मेरो मनले मलाई बुझ्ने युवती खोज्छ जसको भावनाले जीवनलाई ऊर्जाशील बनाउँछ ।

**जीवन लुइँटेल, नायक**

मोडल यमुना ग्रेतीले नायिका भएपछि नाम परिवर्तन गरिन् र यमुनाबाट 'म' हटाएर युना राखिन् । अचेल धेरैले उनलाई त्यही नामले चिन्न थालेका छन् । यमुनाबाट युना हुने क्रममा उनले तीनवटा चलचित्रमा अभिनय गरिन् । रमाइलो कुरा के छ भने ती तीनवटै चलचित्रका निर्देशक दिपक श्रेष्ठ थिए । अर्को शब्दमा भन्नुपर्दा उनी 'दिपक क्याम्प'की नायिकामा सीमित भइन् । उनलाई चलचित्र क्षेत्रका बाँकी दर्जनौं निर्देशकले अहिलेसम्म पत्याएका छैनन् । ग्रेतीले अभिनय गरेको पहिलो चलचित्र 'पर्खी बसेँ'ले व्यावसायिक सफलता पायो, दीपक श्रेष्ठको खातामा अर्को हिट फिल्म थपियो । यद्यपि 'पर्खी बसेँ' मा युनाको कामको प्रशंसा गरिए पनि उनले त्यसपछि चलचित्र पाएकी छैनन् ।

**तपाई यमुना कि युना ?**

यमुना मेरो वास्तविक नाम हो भने युना त्यसको परिवर्तित स्वरूप । अरूले पनि त नाम परिवर्तन गर्नुभएको छ नि ।

**तपाईंका दुवै नाम चर्चामा आए नि ?**

तर मलाई फरक परेको छैन । नाम दुईवटा भए पनि म एउटै हुँ । बरु दुईवटा नाम भएकी नायिका भनेर लेख्नुहोला ।

**निर्देशक दीपक श्रेष्ठसँग तपाईंको सम्बन्ध कस्तो छ ?**

एउटा निर्देशक र कलाकारको । उहाँकै निर्देशनमा जीवनकै पहिलो, दोस्रो र तेस्रो चलचित्रमा अभिनय गर्न पाएँ । यो अर्थमा उहाँ मेरो गुरु पनि हुनुहुन्छ ।

**तर हल्ला त अरू नै सुनियो नि ?**

हल्ला त जे पनि चल्न सक्छ । जुन निर्देशकको निर्देशनमा तीन-तीनवटा चलचित्रमा अभिनय गरेँ, उहाँसँग एकैछिन सरसल्लाह गर्दा देख्नेहरूले मरमसला लगाएर प्रस्तुत गरेछन् । मलाई यस्ता वित्थाका हल्लाले केही प्रभाव पर्दैन ।

**अहिलेसम्म उनकै मात्र चलचित्रमा मात्र किन त ?**

संयोग भन्न सकिन्छ । अब बल्ल 'पर्खी बसेँ'को सफलतापछि केही चलचित्रको अफर आइरहेको छ । यद्यपि म नायकको वरपर घुम्ने र नाच्ने नायिकाका रूपमा चिनिन चाहन्नँ । चलचित्र छान्ने मामलामा म 'चुजी' भएकी छु । तपाईंलाई भनिदिऊँ– केही साता भित्रै म एउटा चलचित्र साइन गर्दैछु, जसको निर्देशक दीपक श्रेष्ठ होइन, कोही अरू नै हुनुहुन्छ ।



# पोखरामा फेसन सोको गर्मी



**शिव शर्मा**

पोखरा- सभागृहभित्र गर्मीले उकुसमुकुस बनाइरहेको थियो । तैपनि दर्शकहरू गर्मीको कुनै पर्वाह नगरी स्टेजतर्फ ध्यान केन्द्रित गरिरहेका थिए । साँझको ठीक तीन बजे कविता श्रेष्ठको उद्घोषसँगै आकर्षक ढंगले सजाइएको मञ्चमा नेपाली राष्ट्रिय गान गुन्जियो । राष्ट्रिय गानको धुनसँगै मौलिक पहिरनमा मोडलहरू क्याटवाक गर्दै र्‍याम्पमा देखिएपछि सभाहलमा तालीको गडगडाहट छुट्यो । नेपाली संस्कृति झल्कने पहिरनको प्रस्तुतिसँगै सुरु भयो एन एक्जोटिक फेसन सो विथ रिदम नाइट-२००८ ।


९ सिक्वेन्समा विभाजित फेसन सोको पहिलो सिक्वेन्समा युवतीहरू साडी र युवाहरूको फर्मल वेयरमा प्रस्तुत भए । फेसन सोको दोस्रो सिक्वेन्समा मोडलहरू क्याजुअल वेयरमा ठाँटिएका थिए । यसअघि पोखरामा भएका फेसन सोभन्दा पृथक् युरोपियन शैली र पहिरनलाई आयोजकहरूले प्राथमिकता दिएका थिए । स्थानीय स्तरमा मोडलिङ क्षेत्रको व्यावसायिक विकास गर्ने हेतुले एक वर्षअघि स्थापना भएको एन एक्सपोज पोखरा मोडलिङ संघद्वारा आयोजित गरेको फेसन सोले रंगीन रातलाई अझै रंगारंग बनाइरहेको थियो । तेस्रो सिक्वेन्समा जिन्स क्रिएसनले तयार पारेको हाफ कट्टु र पाइन्टमा मोडलहरूको आगमन भएपछि दर्शकहरूले जोडदार हुटिङ गरे । हाफ कट्टुमा युवती मोडलहरू निकै हट देखिएका थिए ।


पोखरामा स्थापितदेखि नयाँ अनुहारका युवा-युवती गरी दुई दर्जन मोडलले र्‍याम्पमा क्याटवाक गर्दा युवा दर्शकहरू निकै जोसिएका देखिन्थे । श्रृजु उदास, राजेश बस्नेत र केदार बास्तोलाको कोरियोग्राफी रहेको फेसन सोको चौथो सिक्वेन्समा सेभी बुटिकले तयार पारेको रंगीबिरंगी डिजाइनका कुर्ता-सलवार र लेहंगा प्रस्तुत भयो । त्यस्तै पाँचौं सिक्वेन्समा स्पोर्ट फेसनले तयार पारेको क्याजुअल वेयर र सुटमा मोडलहरूले क्याटवाक गरे ।

फेसन सोलाई अझ रोचक बनाउन कार्यक्रमको बीच-बीचमा आधुनिक नृत्यहरू पनि प्रस्तुत गरिएको थियो । पोखराको मोडलिङ क्षेत्रलाई यो अवस्थासम्म ल्याउन आफ्नो तर्फबाट पहल गर्ने मिस्टर कास्की- २००२ का दीपक बानियाँको सम्मान गर्दै उनलाई मोडलहरूसँग र्‍याम्पमा क्याटवाक गराइएको थियो ।

फेसनको छैटौं सिक्वेन्समा मोडलहरू इभिनिङ गाउनमा प्रस्तुत हुँदा निकै हट र सेक्सी देखिए । स्थानीय बुटिक फेन्सी स्टोर तथा जिन्स डिजाइनरका सिर्जनशील हातहरूले तयार पारेका पहिरनलाई मोडलहरूले र्‍याम्पमार्फत प्रबर्द्धन गरिरहेका थिए । फेसन सोको सातौं तथा आठौं सिक्वेन्समा मोडलहरू युरोपियन शैलीको पहिरनमा क्याटवाक गर्दा फेसनपारखीहरूले भिन्न अनुभव गरे । फेसन सोको अन्तिम सिक्वेन्समा मिसमास पहिरनमा युवा तथा युवती मोडलहरू एकसाथ र्‍याम्पमा क्याटवाक गरेका थिए । फेसन सोमा विविध सांस्कृतिक कार्यक्रमसँगै पोखरेली गायक सोभित बस्याल र उज्ज्वल भण्डारीले आ-आफ्ना गीत गाएका थिए ।

**तस्बिर : सञ्जय शाक्य**





## चलचित्र

### मारम




लिम्बू संस्कृतिमा आधारित चलचित्र 'मारम' सार्वजनिक भएको छ। लिम्बू भाषामा मारमको अर्थ नेपालीमा मूलबाटो भन्ने बुझिन्छ। सामाजिक जनचेतना बढाउने विषय समेटिएको यो चलचित्रमा पूर्व मिस्टर नेपाल रोहित थेवे नायक छन् भने 'नुमाफुङ' का नायक प्रेम सुब्बा यसका अर्का नायक हुन्। लिम्बू परम्परा, रीतिरिवाज, रहनसहन आदिलाई निर्देशक सूर्यप्रकाश चेम्जोङले राम्रोसँग प्रस्तुत गरेका छन्। एक दर्जनभन्दा बढी नाटक लेखन, अभिनय तथा निर्देशन गरिसकेका चेम्जोङले यो चलचित्रमा मोफसलका दर्जनभन्दा बढी कलाकारलाई अभिनय गराएका छन्। माया तुम्बाफो, बबिता नेयोहाङ, नरवीर लिम्बू, उदिप चेम्जोङ आदिले यो चलचित्रमा अभिनय गरेका छन्। चलचित्रमा प्रेम तथा त्यागको विषय पनि समेटिएको छ।

### मेरे बाप पहले आप



प्रियदर्शन कमेडीबेस चलचित्र निर्देशन गर्न माहिर छन्। हेराफेरि, फिर हेराफेरीजस्ता सुपरहिट चलचित्र निर्देशन गरेका प्रियदर्शन निर्देशित चलचित्र 'मेरे बाप पहले आप' आज सार्वजनिक हुँदैछ। चलचित्रमा परेश रावलले छोराहरू मनोज जोशी र अक्षय खन्नालाई हुर्काउन जीवनको महत्त्वपूर्ण समय खर्चिएका हुन्छन्। श्रीमती आफ्ना बच्चाहरूलाई सानैमा छोडेर परलोक गएकी हुनाले परेशले छोराहरूलाई आमा र बुबा दुवैको माया-ममता दिएका हुन्छन्। दुवै छोरा बाबुलाई असाध्यै माया गर्छन्, त्यसमा पनि अक्षयले बाबुलाई छोराको जस्तो व्यवहार गरेर धेरै नै माया गर्छन्, तर अक्षय बाबु परेशका साथी ओम पुरीप्रति घृणा गर्छन्। सम्बन्धविच्छेद गरेर वृद्धजीवन बिताइरहेका ओम पुरी त्यो उमेरमा आएर विवाह गर्ने युवतीको खोजीमा हुन्छन्। यसका लागि उनले परेशलाई साथीका रूपमा प्रयोग गरेका हुन्छन्। युवती खोज्ने क्रममा यी दुई बूढा विभिन्न समस्यामा परेका बेला अक्षयले सहयोग गरेर बचाउँछन्। यसबीच अक्षयलाई एउटी युवतीको लगातार फोन आउन थाल्छ, युवती उनकै कलेजकी साथी जेनेलिया डिसुजा हुन्छिन्। डिसुजा आन्टी शोभनासँग बस्दै आएकी हुन्छिन्। शोभना र परेशको कुनै बेला गहिरो प्रेम रहेको अक्षयले थाहा पाउँछन। अक्षयले बाबुलाई विवाह गर्न आग्रह गर्छन्। त्यसपछि चलचित्र रोमान्टिक मुडमा पुग्छ। प्रशस्त हास्य दृश्य भएको यो चलचित्र हेरुन्जेल दर्शकले समय कटेको पत्तै पाउँदैनन्। चलचित्रमा नसिरुद्धिन शाह, राजपाल यादव तथा अर्चना पुरन सिंह आदिले पनि अभिनय गरेका छन्।

### द ह्यापनिङ



हलिउड चलचित्र उद्योगमा आज चलचित्र 'द ह्यापनिङ' सार्वजनिक हुँदैछ। 'एक्सन/एडभेन्चर, थ्रिलर, पोलिटिक्स/रिलिजन' बेसमा तयार भएको यो चलचित्र यो साता सार्वजनिक हुने चलचित्रहरूमा बढी चर्चा पाउन सफल चलचित्र हो। डरलाग्दो घटनाबाट प्रारम्भ हुने यो चलचित्रको क्लाइमेक्ससम्म दर्शक एक प्रकारको डरमिश्रित कौतूहलताबाट गुज्रिनेछन्। चलचित्रमा एउटा परिवारको कथा प्रस्तुत गरिएको छ। यो परिवार बयान गर्नै नसकिने गरी निरन्तर रहस्यमय घटनाको सिकार भैरहेको हुन्छ। बीच-बीचमा आइरहने धम्कीका घटनाले परिवारका हरेक सदस्य त्रसित हुन्छन्। त्यहाँ एउटा मानिसको आधारभूत नैसर्गिक अधिकार वञ्चित भैरहेको हुन्छ। चलचित्रमा यसको कारण पनि खोतलिएको छ, जुन दर्शकले पर्दामा हेरेर मात्र थाहा पाउनेछन्। एम नाइट स्यामलनले निर्देशन गरेको यो चलचित्रमा मार्क वालबर्ग, जोय डेसच्यानल, जोन लेगुइजामो, स्पेन्सर ब्रेस्लिन, एसलिन सेन्चेज आदिले अभिनय गरेका छन्। यो चलचित्रको छायांकन अमेरिकास्थित फिलाडेल्फिया तथा पेनसिलभेनियामा गरिएको हो।

## सानो पर्दा

• कान्तिपुर टेलिभिजनबाट प्रसारण भैरहेको 'घरभेटी बा'का निर्देशक तथा कलाकार नवराज आचार्यले उक्त श्रृंखलाका केही कलाकारका साथै थप नयाँ एक दर्जन कलाकारलाई लिएर टिनएजरहरूका लागि श्रृंखला 'कलेज' निर्देशन गरिरहेका छन्।

• हास्य अभिनेता तथा निर्देशक दीपकराज गिरीलाई भ्रातृशोक परेको छ। गिरीका भाइ दीपेन्द्रको मोटरसाइकल दुर्घटनामा परी उपचारका क्रममा निधन भएको छ। थानकोट घर जाने क्रममा आफैंले चलाएको मोटरसाइकल पुलमुनि खस्दा मोटरसाइकलले नै थिचेर उनी गम्भीर घाइते भएका थिए। दिवंगत २१ वर्षीय दीपेन्द्र दीपककी कान्छी आमापट्टिका छोरा हुन्। आपसी स्नेहका कारण उनी दीपकको थानकोट, दहचोकस्थित घरमा बस्दै आएका थिए।


• कान्तिपुर टेलिभिजनबाट हरेक दिन बिहान प्रत्यक्ष प्रसारण हुने कार्यक्रम 'भविष्य दर्पण'मा ज्योतिष पण्डित ओजराज लोहनीसँग



एउटी नयाँ संचालिका देखा पर्दैछिन् भने माल्भिका सुब्बाले छाडेपछि रिक्त रहेको साँझ पाँचबजे प्रसारण हुने गरेको कार्यक्रम 'कल कान्तिपुर'मा सुरजसिंह ठकुरीका साथ मानवी ढकाल देखा पर्न थालेकी छिन्। मानवी इमेज च्यानलकी पल्लवी ढकालकी बहिनी हुन्।

पहिलो विश्व

## यौन क्षमता प्रतिस्पर्धा






सानफ्रान्सिस्कोस्थित 'द सेक्स एन्ड कल्चर' ले वार्षिक रूपमा यौनक्षमता प्रदर्शन गर्ने प्रतियोगिता आयोजित गर्दै आएको छ। यो प्रतियोगिताको उद्देश्य यौनरोग नियन्त्रणका लागि रकम संकलन गर्नुभए पनि यसमा सहभागी हुन आएका खेलाडीहरूले भने आफ्नो यौन क्षमता कति छ भन्ने कुरा प्रदर्शन गर्छन्। यो वर्षको यौनक्षमता प्रदर्शन प्रतियोगिता गत साता सम्पन्न भयो, जसमा पुरुषतर्फ जापानका र महिलातर्फ अमेरिकाकी खेलाडीले विश्व कीर्तिमान कायम गर्दै सर्वाधिक लामो समय यौनक्षमता भएको उपाधि हात पारे।

यस पटकको प्रतियोगितामा सहभागी हुन आएका जापानका दुई खेलाडीबीच नै तीव्र प्रतिस्पर्धा भयो। पुरुषले सर्वाधिक कति समय आफूलाई उत्तेजित पार्दै स्खलनलाई रोक्न सक्छ भन्ने विधामा उनीहरूलाई पुरुषले हस्तमैथुन गर्ने यन्त्र टेन्गा दिइएको थियो। यो स्पर्धामा नोरिहिरो तानेची र मासानोबु सातोबीच तीव्र प्रतिस्पर्धा भयो। उनीहरूले यो उपकरणमार्फत हस्तमैथुन गर्दै आफूलाई ८ घन्टा ४० मिनेटसम्म नियन्त्रणमा राखेर विश्व कीर्तिमान कायम गरेपछि तानेचीले खेल त्यागे भने त्यसको १० मिनेटपछि मासानोबुले आफूलाई स्खलित गरेर जित हासिल गरे।

यसैगरी लगातार कति समयसम्म आफूलाई उत्तेजित राख्दै विभिन्न उपकरणमार्फत यौनसम्पर्क राख्ने भन्ने प्रतिस्पर्धामा २८ वर्षीया किट्टी क्याटले ७ घन्टाको नयाँ विश्व कीर्तिमान कायम गरिन्। उनले यो प्रतिस्पर्धामा आफूलाई सर्वाधिक लामो समयसम्म उत्तेजित हुन सक्ने महिलाका रूपमा प्रस्तुत गर्न डिल्डोस, फाइभ फिन्गर भाइब्रेटर, पिंक क्याट तथा सेक्स मेसिन आदि प्रयोग गरेकी थिइन्। यसैगरी लगातार उत्तेजित हुँदै स्खलित हुने अर्को प्रतिस्पर्धामा मोसेले आफूलाई लगातार ३१ पटक उत्तेजित पार्दै स्खलित गरेका थिए।



## युरो तस्बिर सुट

विश्वमा सर्वाधिक धेरै मोडललाई एकै स्थानमा निर्वस्त्र पारेर कलात्मक तस्बिर खिच्ने काममा लोकप्रियता पाएका स्पेन्सर ट्युनिकले हालै युरो २००८ को एक आयोजक अस्ट्रियाको भियनास्थित रंगशालामा २ हजारको तस्बिर सुट गरे। उनको यो अभियान युरो फुटबलप्रति आकर्षण बढाउन केन्द्रित थियो।

तस्बिर : स्पिगल अनलाइन

## जुनुनमा नेपाली गायक



नेपालीभाषी गायक प्रशान्त तामाङ तथा किशोरी गायिका प्रकृति गिरीको सफलतापछि पुनः एक नेपाली गायक टेलिभिजनमार्फत् संगीतको प्रतिस्पर्धामा उत्रिएका छन्। एनडीटिभी इम्याजिनमा प्रस्तुत हुने रियालिटी सो लक्स 'जुनुन कुछ कर दिखानेका' मा नेपालीभाषी गायक राजीव थापा (चम्बा) प्रतिस्पर्धा गरिरहेका छन्। प्रत्येक शुक्रबार र शनिबार साँझ साढे ८ बजेदेखि प्रस्तुत हुने यो प्रतिस्पर्धात्मक कार्यक्रममा तीन जना जजका ६-६ जना प्रतिस्पर्धी गायक-गायिका छन्। विशेषगरी लोक संगीत, सुफी र फिल्मी संगीत गरी तीन विधामा प्रतिस्पर्धा गराइएको यो कार्यक्रममा राजीव थापा (चम्बा) गायिका इला अरुणको ग्रुपमा छन्। कार्यक्रमका सुफी संगीतका लागि राहत फतेह अली खान र हिन्दी संगीतका लागि संगीतकार आनन्दराज आनन्दलाई निर्णायक बनाइएको छ। सुटिङ भैरहेको यो कार्यक्रमको सञ्चालन अन्नु कपुरले गरिरहेका छन् भने कार्यक्रमको प्रमोसनका लागि चर्चित नायक ऋतिक रोशनले विशेष भूमिका खेलेका छन्। हिमाञ्चल प्रदेशमा जन्मिएका राजीवले कार्यक्रमको एउटा एपिसोडमा हिमाञ्चलको र अर्को एपिसोडमा नेपाली गीत प्रस्तुत गर्नेछन्। यसभन्दा अघि रियालिटी सोहरू सारेगम एक र दुई तथा च्यालेन्ज-२००५ मा पनि सहभागी भएका राजीवले यो प्रतिस्पर्धामा कति सफलता हात पार्नेहुन् त्यो भने हेर्न बाँकी नै छ।

–वीरेन्द्र पौडेल

### अन्त्यमा...



हालका समयमा गरिएका विभिन्न अनुसन्धानले अहिले आममानिसको यौन आचरणका सम्बन्धमा परिवर्तन आइरहेको संकेत गरेको छ। अझ यस्ता किसिमका सर्वेक्षणले देखाएका नतिजाहरू हेर्दा किशोर-किशोरीहरूको यौन आचरणमा अकल्पनीय परिवर्तन देखा पर्छ। स्वीडेनको साल्गेन्स्का एकेडेमीले टिनएजरहरूको यौन आचरणमा हालै गरेको सर्वेक्षण परिणाममा किशोरहरूको तुलनामा किशोरीहरूले समान लिङ्गीसँग बढी यौन क्रियाकलाप गर्ने गरेको देखियो।

१७ वर्षमुनिका ४ सय ४० टिनएजरमा गरिएको उक्त सर्वेक्षणमा ६ दशमलव १ प्रतिशत किशोरीले समान लिङ्गीसँग यौनसम्पर्क कायम गरेको बताए भने यस्तो किसिमको यौन क्रियाकलाप गर्ने किशोरको संख्या भने १ दशमलव ७ प्रतिशत मात्र रहेको पाइयो। किशोरीहरूले यस्तो यौन आचरण उनीहरू आफ्ना महिला साथीसँग बढी घनिष्ठ हुने हुँदा भएको बताएका छन्, तर उनीहरूले समान लिङ्गीसँगको यौन आचरणलाई लेस्बियन सेक्सका रूपमा नबुझेको समेत बताएका छन्।

## साताको स्वर



### विजय लामा

**सुनको चुरा मखमली चोली.... कस्तो प्रकारको गीत हो ?**
यो रोमान्टिक लभ सङ हो, जुन लोक, पप र रकको फ्युजन गरेर फरक शैलीमा बनाइएको छ । मादल बिटको यो गीतलाई मेलोडियस गीत भन्न सकिन्छ ।

**गीतको भाव कस्तो छ ?**
एउटा युवकले आफ्नी प्रेयसीलाई गीतमार्फत प्रेम प्रस्ताव राखेको छ, जसमा टिपिकल नेपाली पहिरनको कुरा पनि समावेश छ। यो गीत एउटा युवकको भावनामा आधारित छ।

**यो गीतका लक्षित श्रोता को हुन ?**
प्रेम गर्ने उमेरका युवा-युवतीमा लक्षितजस्तो देखिए पनि मेलोडियस संगीतका सबै पारखीले यो गीत मन पराउनुभएको छ ।

**गीतको प्रतिक्रिया कस्तो छ ?**
राम्रो छ, पछिल्लो एल्बम मंगोलियन बिट्सको दोस्रो म्युजिक भिडियो हो यो । सबैले गीत राम्रो भएको प्रतिक्रिया दिनुभएको छ । टेलिभिजन र एफएममा पनि बजिरहेको हुँदा राम्रै भएजस्तो लाग्छ।

**म्युजिक भिडियो कस्तो लाग्यो ?**
गीतअनुसारको भिडियो बनेको छ । सामाजिक तथा मौलिक परिवेशमा नै खिचिएकाले नेपाली लोकसंस्कृतिअनुसारकै भिडियो तयार भएको छ । निर्देशक आसिफ शाहले भिडियो निर्माणमा प्रशस्त मेहनत गर्नुभएको थियो, त्यसैले राम्रो बन्यो ।

## म्युजिक अपडेट

**सम्झिनेलाई** सम्झना... गीतको म्युजिक भिडियोले केही चर्चा पाएपछि जुम्ल्याहा गायक राम-लक्ष्मण दुवाडी विवादमा परेका छन् । उनीहरूलाई उक्त गीत चोरेको आरोप लागेको छ । गीतले चर्चा पाएपछि पोखराका गायक 'र प्रविन' ले उक्त गीत आफ्नो भएको दाबी गरेका छन् । यस विषयमा जुम्ल्याहा गायकले पुरानो गीत गाएको तर चोरेको आरोपमा आपत्ति जनाएका छन् । उनीहरूका अनुसार उक्त गीत गोर्खाको सिरेटो ब्यान्डको हो । ब्यान्डले उक्त गीतसहितको एल्बम बाह्र वर्षअघि रञ्जना क्यासेट सेन्टरबाट बजारमा ल्याएको थियो । ब्यान्डका गायक सुदीप अर्यालसँग उनीहरूको सम्बन्ध राम्रो भएकाले दश वर्षअघि नै उक्त गीत गाउने स्वीकृति लिएको जुम्ल्याहा गायकहरूले बताएका छन् । दुवैले भने- 'यो गीत २०६० सालमा नै हाम्रो पहिलो एल्बममा समावेश गरिएको थियो । त्यतिबेला उनले दाबी किन गरेनन् ?'

**गायक** तथा नायक सीपी लोहनी झन्डै चार दशकपछि फेरि कला क्षेत्रमा देखापरेका छन् । लोहनीले गत शुक्रबार राजधानीमा आयोजित एक समारोहमा आफ्नो पहिलो गीति एल्बम सार्वजनिक गरे । पुनः गायन क्षेत्रमा आगमन भएकाले उनले एल्बमको शीर्षक नै 'पुनरागमन' राखेका छन् । नेपालको पहिलो व्यावसायिक सफल चलचित्र 'माइतीघर' का नायक तथा गायक लोहनीको एल्बम विमोचनमा उनकी श्रीमती तथा भारतीय रजतपटकी प्रभावशाली अभिनेतृ माला सिन्हा पनि उपस्थित थिइन् । औपचारिक कार्यक्रमहरूमा कमै उपस्थित हुने तथा संचारकर्मीहरूबाट सधैं टाढा रहने गायक बच्चु कैलाश पनि उक्त कार्यक्रममा उपस्थित थिए ।

**विश्व** वातावरण दिवसको अवसर पारेर नोदन क्लबले गत शनिबार पुरानो बानेश्वरस्थित सम नाटक थियटर गुरुकुलमा कन्सर्ट सम्पन्न गर्‍यो । 'युथ ग्रीन कन्सर्ट' शीर्षकको उक्त कन्सर्टमा जगदीश समाल, भीषण मुकारुङ, राधा राई, भीषण निरौला, भूषण गौतम आदिले आ-आफ्ना गीत प्रस्तुत गरेका थिए । कन्सर्टको प्रारम्भमा लोकबाजा संग्रहालयका कलाकारहरूले पञ्चैबाजा बजाएका थिए । प्रयोगमा आइसकेका कागजलाई रिसाइकल गरी प्रयोगमा ल्याउनुपर्छ भन्ने अभियान 'मिसन ग्रीन काठमाडौं' लाई प्रबर्द्धन गर्नका निम्ति कन्सर्ट आयोजना गरिएको बताइएको छ ।

**सरकारी** सेवाअन्तर्गत उच्च पदमा रहेर काम गर्ने कर्मचारीहरू जीवनको उत्तरार्द्धमा सांगीतिक क्षेत्रमा लागेका उदाहरण थुप्रै छन् । गीतकार रामहरि अर्याल पनि यो सूचीमा थपिएका छन् । लामो समय अर्थमन्त्रालयमा काम गरेका गीतकार अर्यालले आफ्ना सृजनालाई संग्रहको रूप दिएका छन् । 'व्यथा' शीर्षक राखिएको यो संग्रहमा संगीत शक्ती बल्लभको छ । त्यसैगरी यो संग्रहमा यम बराल, रामकृष्ण ढकाल, अन्जु पन्त, स्वरूपराज आचार्य, शिशिर योगी, माण्डवी त्रिपाठी, सुमित खड्का तथा जगदीश समालले स्वर दिएका छन् । गीतकार अर्यालले चाँडै नै अर्को संग्रह पनि बजारमा ल्याउने तयारी गरिरहेको बताए ।

**गायक** आनन्द कार्कीको चर्चा विगत केही महिनादेखि सेलाएको छ । गायन तथा संगीतक्षेत्रबाट उनी टाढा भएकाले उनको चर्चा घटेको भने होइन । यसै साता एक अनौपचारिक भेटघाटमा उनले आफू अति व्यस्त भएको बताए । चलचित्र तथा विभिन्न संग्रहमा गाउन व्यस्त रहनुका साथै हालै उनी मलेसिया, हङकङ, थाइल्यान्ड तथा भारतको मुम्बई पुगेर फर्किएका छन् । कार्की केही महिनाअघि नै तयार आफ्नो पछिल्लो एल्बम 'नशा' अब एक महिनाभित्र एकल कार्यक्रम गरी सार्वजनिक गर्ने योजनामा छन् । 'अहिले नभएको चर्चा त्यतिबेला हुनेछ,' -उनले बताए ।

**एकताका** ऱ्याम्प, म्युजिक भिडियो तथा विज्ञापनहरूमा मोडलिङ गरेकी सुजाता सिटौला पछिल्लो समयमा चलचित्र नायिका पनि भइन् । अब उनी गायिकाका रूपमा संगीतक्षेत्रमा पनि छाउने जमर्को गर्दैछिन् । केही समयभित्रै सुजाताको पहिलो एकल एल्बम बजारमा आउने तयारीमा छ । 'मै ठूली भै'छु रे' गीतको चर्चापछि निकै व्यस्त रहन थालेका संगीतकार बिजु बज्रको संगीत रहने उक्त एल्बमका सबै गीत 'आइटम नम्बर' हुने सिटौलाले बताएकी छिन् । एल्बममा समावेश हुने एउटा गीत 'घुमाइदेऊ'को म्युजिक भिडियो भूषण दाहालले निर्देशन गर्ने भएका छन् ।

**गायक** अराज केशव अचेल ऱ्याप गायकका रूपमा चिनिन थालेका छन् । गायक मोहित मुनालसँग 'ताराबाजी लैलै' गीतमा ऱ्याप गाएपछि उनको ऱ्याप गाउने नौलो शैलीबाट धेरैजना प्रभावित भए । अहिले फेरि उनी गायक सुजिल कर्माचार्यको गीत 'मानिलेऊ'मा ऱ्याप गाएर चर्चामा आएका छन् । अराजका अनुसार उनले बितेका छ महिनाको अवधिमा झन्डै एक दर्जन गीतमा अन्य गायक तथा गायिकाहरूलाई गायनमा साथ दिने काम अर्थात् 'फिचरिङ्ग' गरिसकेका छन् । गायक तथा संगीतकार जेम्स प्रधानको रेकर्डिङ स्टुडियो म्युजिक वर्कमा रेकडिस्ट समेत रहेका अराजले केही समयभित्रै दुईवटा फरक विधाका एल्बम सँगसँगै सार्वजनिक गर्ने सुरमा छन् । उनको आफ्नै नामलाई शीर्षक बनाएर निकालिने एल्बम 'अराज'मा ऱ्याप गीतहरू रहने तथा 'स्ट्रेन्जर' शीर्षकको एल्बममा मेलोडी पप गीतहरू रहने केशवले बताए ।

**म्युजिक** भिडियो निर्देशक प्रसन्न पौडेलले आफ्नी मोडल श्रीमती सिम्पल खनाललाई आफ्ना म्युजिक भिडियोहरूमा कहिल्यै अभिनय गराएनन्, तर अर्का निर्देशक सुरज श्रेष्ठले भने निर्माणाधीन म्युजिक भिडियोमा सिम्पललाई अभिनय गराएका छन् । म्युजिक डटकमले बजारमा ल्याउन लागेको गायक सुदन गैरेको पहिलो गीतिसंग्रहको गीतमा सिम्पल मोडलका रूपमा देखिनेछिन् । 'सताइदिन्छ, अत्याइदिन्छ किन हो यो मन...' गीतको भिडियो छायांकन भैसकेको र केही दिनमै प्रसारण हुने तयारीमा रहेको निर्देशक श्रेष्ठले बताएका छन् ।

**पहिलो** नेपाली तारा दीपक लिम्बू यतिखेर पहिलो एकल गीतिसंग्रह बजारमा ल्याउने तयारीमा छन् । सबै प्रकारका गीत गाएको बताउने दीपकका अनुसार यो संग्रह बडादसैंअघि नै श्रोतामाझ आइपुग्नेछ । सुगम संगीतलाई कमर्सियल स्वरूपमा गाएको उनको कथन थियो ।

## अफबिट



**गणतन्त्रको स्वागत :** पोखराको एक कन्सर्टमा गणतन्त्रको स्वागतमा नेपालको झन्डा हल्लाउँदै गायिका कुन्ति मोक्तान, नलिना चित्रकार तथा गायक सुगम पोखरेल । तस्बिर : शिव शर्मा

## लाइभ शो

**नेप्लिज** फेसन होमले आगामी असार ५ गते प्रज्ञाभवन कमलादीमा वाईवाई मास्टर स्टार शीर्षकको प्रतिस्पर्धा सञ्चालन गर्ने भएको छ । ९ देखि १३ वर्ष उमेर समूहका २५ जना बालकको सहभागिता रहने उक्त कार्यक्रममा सहभागीहरूको सुरक्षित भविष्यको प्रारम्भिक पाइलाका रूपमा आयोजक संस्थाले बालबचत खातासमेत खोलिदिएको छ । पौडी, कपाल कटाइ, फोटोसेसनलगायत विभिन्न प्रशिक्षणबाट निखारिएका प्रतिस्पर्धीहरूबाट वाईवाई मास्टर स्टार २००८ उपाधि विजेतालगायत अन्य विविध शीर्षकमा विजेता छनौट गरिने आयोजक संस्थाले जनाएको छ ।

**अन्तर्राष्ट्रिय** संगीत दिवसको अवसर पारेर आगामी साताको शनिबार अर्थात् जून २१ गते बुधबार दिनको तीन बजे त्रिपुरेश्वरस्थित नेपाली लोकबाजा संग्रहालयमा परम्परागत संगीत कार्यशाला आयोजित हुँदैछ । त्यही अवसरमा बुधबार दिनको दुई बजे पिंगलास्थानस्थित नेपाल संगीत विद्यालयमा थारू लोक संगीतका बारेमा कार्यक्रम गरिँदैछ भने साँझ पाँच बजे झम्सीखेलस्थित काठमाडौं ज्याज कन्सरभेट्रीमा ज्याज संगीतका बारेमा व्याख्या हुनेछ । बिहीबार दिनको पाँच बजे त्रिपुरेश्वरस्थित फ्रान्सेली केन्द्रमा नेपाली संगीतका बारेमा गोलमेच सम्मेलन पनि हुनेछ ।

**गायक** सुरेशकुमार (क्षेत्री) ले आज शुक्रबार साँझ साढे छ बजे प्रदर्शनी मार्गस्थित नेपाल पुलिस हेल्थ क्लबमा एकल साँझ प्रस्तुत गर्दैछन् । उक्त कार्यक्रम तीन घन्टासम्म चल्ने बताइएको छ ।

## नजिकबाट — किरण के.सी.



| | |
|---|---|
| जन्ममिति | : २०१४ असार १४ |
| जन्मस्थान | : इमाडोल, ललितपुर |
| घरमा बोलाउने नाम | : भैया |
| नामको अर्थ | : प्यारो भाइ, सूर्यको प्रकाश |
| सांगीतिक गुरु | : मह जोडी |
| पहिलो एल्बम | : ए राता मकै |
| पहिला बाजा | : मादल |
| मनपर्ने संगीत | : लोक प्लस मेलोडी |
| चर्चाको कारण | : नयाँ-नयाँ काम गर्छु |
| पिताको नाम | : स्व. दुर्गाबहादुर केसी |
| आमाको नाम | : स्व. इन्द्रकुमारी के.सी. |
| नजिकको साथी | : मह जोडी |
| गोप्य कुरा | : नेपालको राजनीतिको केही कुरा थाहा पाउँदिनँ |
| मनपर्ने नेता | : वी.पी., मनमोहन अधिकारी |
| मनपर्ने नायक | : कोही पनि छैन |
| नायिका | : कोही पनि मनपर्दैन |
| पहिलो प्रेम | : पहिलो आमा, दोस्रो श्रीमती, तेस्रो छैन |
| सबैभन्दा बढी माया | : श्रीमती |
| मनपर्ने स्थान | : पोखरा |
| मनपर्ने परफ्युम | : रोयल मिराज |
| मनपर्ने पहिरन | : जिन्स, टिसर्ट |
| मनपर्ने सवारी | : होन्डाइ |
| मनपर्ने गायक | : नारायणगोपाल |
| पहिलो फोटोसेसन | : सुदर्शन चित्रकारसँग पूर्ण स्टुडियोमा |
| मनपर्ने आफ्नै बानी | : इमान्दार छु |
| मननपर्ने आफ्नै बानी | : क्षणिक प्रसँगमै रिस उठ्छ |
| रमाइलो क्षण | : अमेरिका जाँदा |
| नरमाइलो क्षण | : बुबाआमाको निधन हुँदा |
| राशि | : मिथुन |
| लगाउने आभूषण | : रुवी, पन्ना तथा डायमण्डको औंठी |
| गर्न बाँकी काम | : निर्देशन |

## ब्यान्ड बक्स



### सिक्स स्ट्रेन्ज

कालेङपोङका लोकप्रिय ब्यान्डहरूमध्ये सिक्स स्ट्रेन्ज ब्यान्ड पनि एक ब्यान्ड हो । २०६३ सालमा स्थापना भएको यो ब्यान्डमा छ जना सदस्य छन् । सुरु विभिन्न कार्यक्रममा स्टेज सो गर्न जाँदा एक-अर्काको कामबाट प्रभावित भएर एकैसाथ काम गर्ने सोचका साथ यो ब्यान्डको स्थापना गरेको यसका सदस्यहरू बताउँछन् । सिक्स स्ट्रेन्ज ब्यान्डका सदस्यहरू सुरुमा छुटाछुटै कन्सर्टमा देखा पर्थे । चाँडै नै काठमाडौंमा स्टेज सो गर्ने तयारीमा रहेको यो ब्यान्डले हालसम्म छ वटाजति ब्यान्डका सदस्यसहित र २५ वटा सोलो गरी करिब ३० वटा स्टेज सो गरिसकेको छ ।

काठमाडौंको तुलनामा वेस्ट बंगालतिर लोकप्रिय रहेको यो ब्यान्डमा पुष्पन प्रधान गायक छन् भने पप्पु लेप्चा अकस्टिल गिटारमा, सङ्खु लेप्चा इलेक्ट्रिक लिड गिटारमा, बिकी प्रधान बेस गिटारमा, बिपेन प्रधान ड्रमरमा, किरण राई बाँसुरीमा छन् । आफ्नो ब्यान्डलाई थप आकर्षक बनाउन सेक्सोफोन, अडिशन, तबला र ढोलक बाधकको पनि सहयोग लिने गरेको ब्यान्डका गिटारिस्ट बिकी प्रधानले बताए । पूर्वीय र पश्चिमी संगीतको सम्मिश्रण रहेको यो ब्यान्डलाई फ्युजन ब्यान्डका रूपमा चिन्न सकिन्छ । यो ब्यान्डले भविष्यमा सुफी संगीत पनि प्रयोग गर्ने योजना बनाएको छ । ब्यान्ड स्थापित भएपछि 'वचन भो' नामक पहिलो एल्बम श्रोतासामु ल्याइसकेको छ भने यही एल्बमको म्युजिक भिडियो निर्माण गर्न ब्यान्डका केही सदस्य काठमाडौं आएका थिए । आफूहरू संगीतका साथसाथै विद्यार्थी पनि भएकाले अरू कुनै पेसामा संलग्न नरहेको ब्यान्डका गिटारिस्ट पप्पु लेप्चा बताउँछन् । संगीतको प्रायः कामका लागि काठमाडौ आइरहनुपर्ने बाध्यताले गर्दा अरूभन्दा आफ्नो खर्च बढी हुने अनुभव पनि उनिहरूले सुनाए ।

–अरुणा भट्टराई



## ठट्यौली प्रकाशसँग

एउटी महिला आफ्नी तरुनी छोरीसित क्लिनिक गइन् ।

चेकअप गर्नु छ- छोरीले भनी ।

सबै लुगा खोल्नुस् अनि बेडमा बस्नुस्- डाक्टर बोल्यो ।

मेरो चेकअप गर्ने होइन, मेरी आमाको गर्नुपर्ने हो । जिब्रो देखाउनुस्- डाक्टरले भन्यो ।

०००

एउटा व्यक्ति बाटोमा हिंडिरहेको थियो उडिरहेको चराले बिस्ट्यायो जो सीधै आएर त्यो व्यक्तिको नाकमा पऱ्यो, माथि चरा उड्दै थियो ।

उसले नाकको सुली पुछ्दै भन्यो- धन्न, गाईभैंसी आकासमा उड्दैनन् ।

०००

एउटा जँड्याहा एउटा रेष्टुराँमा गयो र भन्यो- माछा छ ?

यो भेजिटेरियन रेष्टुराँ हो, यहाँ माछामासु पाइँदैन, होटेलवाला करायो ।

जँड्याहा गयो आधा घन्टापछि फेरि आयो र भन्यो- माछा छ ?

मैले अघि नै भनेको होइन यहाँ माछा-मासु पाइँदैन ? भाग यहाँबाट- जँड्याहा गयो । आधा घन्टापछि फेरि आयो र भन्यो माछा छ ?

ए जँड्याहा, होटलवाला रिसायो । तँलाई कतिपटक भन्नु यहाँ माछा-मासु पाइँदैन भन्ने कुरा ? भाग अब फेरि यहाँ छ भन्दै सोध्न आइस् भने डोरीले तँलाई बाँधेर पंखामा झुन्डयाइदिन्छु, जँड्याहा गयो । अब जँड्याहा आउँदैन भन्ने कुरामा होटलवाला ढुक्क थियो तर आधा घन्टापछि जँड्याहा फेरि आयो ।

अब के भयो ? होटलवाला करायो । पंखा छ ? जँड्याहा बोल्यो ।

छैन, होटलवाला...। डोरी छ ?

छैन । त्यसो भए माछा छ ?

०००

साता दिनपछि बिरामी डाक्टर कहाँ गयो ।

के छ दाइ, मैले दिएको खोकीको दबाइले काम गऱ्यो ? – डाक्टरले सोध्यो । एकदमै राम्रो काम गऱ्यो भाइ । –बिरामीले भन्यो- दुई पटक खानेबित्तिकै मेरो खोकी निको भयो, दुई बिर्का जति घुँडामा राखेर मालिस गरेको घुँडा दुख्ने रोग पनि निको भयो, अनि बाँकी रहेको दबाइले मेरो पित्तलको हुँक्का चम्काएँ, मेरी श्रीमतीले दुईवटा चरेशको थाल सफा गरी ।

०००

युद्धको समयमा युवकहरू सेनामा भर्ती हुँदै थिए । भर्ती भएकामध्ये एउटा डरपोक सैनिकले अफिसरसँग सोध्यो- 'सा'ब, मलाई त बन्दुक कसरी पक्रने भन्ने कुरासमेत थाहा छैन, मलाई त यो पनि थाहा छैन कि बन्दुकको नाल दुस्मनतिर हुन्छ कि आफूतिर ।'

'नेभर माइन्ड' अफिसरले भन्यो 'नाल जता फर्किए पनि बन्दुक चलायौ भने तिमीले देशकै सेवा गर्नेछौ ।'


०००

**मेरो कुरो**

ठिस् बहादुर त्यस्तो मान्छेलाई भनिन्छ जो तपाईंलाई आधा जोक्स सुनाउँछ, बीचमा अड्किन्छ, केहीबेर सबै दाँत देखाउँदै हा...हा... गरेर चम्की-चम्की आफै हाँस्छ अनि बाँकी जोक्स चैं बिर्सन्छ ।

## कविता

### एक राँको आगो



देखावटी माया के काम, यसै नै अघा'को छु
यो जीवनलाई अन्त्य गर्ने वस्तु मगा'को छु
आँसुको मुहानमा पीडाको कुलो लगा'को छु
साथै आऊ है प्रिय एक राँको आगो मगा'को छु
मुटुमा के ओझेल पार्नु सबैलाई नै देखा'को छु
मृत्यु चाँडै आओस् भनी पहिल्यै नाम लेखा'को छु
भुलिसक्यौ होला हर पीडामा सघा'को छु
साथै आऊ है प्रिय एक राँको आगो मगा'को छु
तिमीले मलाई विष पिलाउनु त्यही भनी आ'को छु
नतर्सनु है तिमी पिताम्बरको सप्को ला'को छु
एक अन्जुली पानी देऊ, अरूबाट म अघा'को छु
साथै आऊ है प्रिय एक राँको आगो मगा'को छु ।

– सुनील मंग्राती

### चौबन्दी चोली लाउँदा

उठ्नै नपाई झिसमिसेमै, मोबाइलमा घण्टी आउँदा
प्रफुल्ल भो मन यो मेरो, तिम्ले मिठो गजल गाउँदा
तिमीसँग भेट भएन, कहाँ तिमी गएकी थ्यौ ?
फेरि खुसी लाग्यो मलाई, तिम्रो नयाँ म्यासेज पाउँदा
मृगनयन आँखा तिम्रा, मुहार पनि चन्द्रमाझैं
कति राम्री देखिएकी, चौबन्दी चोली लाउँदा
लाग्छ मलाई खुसी हुन्छ्यौ, तिम्रो साथ म रहँदा
म पनि त खुसी हुन्छु, तिम्रो साथ बस्न पाउँदा ।

–बद्री शिवाकोटी

### फर्की जानेको

सम्झना आउँदैछ त्यो तर्की जानेको
कति हिसाब राखूँ मैले फर्की जानेको
बेहोसीमा के-के कुरा भनिसकियो
पर्खाइका दिन-रात गनिसकियो
कति कुरा गरूँ मैले झर्की जानेको
कति हिसाब राखूँ मैले फर्की जानेको
सास छउन्जेल हुन्छ त्यो आस पनि
हुन्छ के मनमा पीरको आभास पनि
झझल्को छ आँखामा कर्की जानेको
कति हिसाब राखूँ मैले फर्की जानेको ।

–रेसमकुमार सुनुवार

### फरक

मेरो साथ पनि मान्छे
तिम्रो साथ पनि मान्छे
तर फरक यत्ति, मेरो मलामी तिम्रो जन्ती
डोलीमा उठाउलान् तिम्लाई
उठाउलान् मलाई पनि
तर फरक यत्ति, तिम्रो यात्रा शिखरतिर
मेरो बन्द गति, कात्रो मेरो नयाँ होला
तिम्रो पछ्यौरी, मेरो अन्त्येष्टि
तिम्रो सुहागरातको तयारी
तर फरक यत्ति, तिम्लाई स्वागत मलाई श्रद्धाञ्जलि
जवानीमा रातभरि, तिमी हौली पानीपानी
त्यही बेला हुँला म उडेको खरानी
तर फरक यत्ति
तिम्लाई दियो कलश
मलाई दागबत्ती ।

– ऋषि राई

### मलाई थाहा छ

मलाई थाहा छ मन्द बतास तिमीलाई मनपर्छ
सयपत्रीको मीठो सुवास तिमीलाई मनपर्छ
उषाकालीन प्रभातमा एकदिन भनेकी थ्यौ
बिहानीको न्यानो प्रकाश तिमीलाई मनपर्छ
तिम्रै साथी-संगीहरूले सुनाएको हो मलाई
खुला सफा नीलो आकाश तिमीलाई मनपर्छ
मृगसावक बनेर चञ्चलता प्रकट गर्न
गंगा किनार आसपास तिमीलाई मनपर्छ
तिम्रो हर इच्छालाई नजिकबाट बुझेको छु
परदेशीको मुहार खास तिमीलाई मनपर्छ ।

– सुवास परदेशी

## लघुकथा

### लोकतन्त्र



फाटेको टोपी कस्नेदेखि सुटबुट र टाइले घाँटी कस्ने सबैको मुखमा ठूलो चर्चा पाएको थियो– लोकतन्त्र अनि गणतन्त्रले । दाउरा चिरेसरी टाउको फुटेको झल्झली देखेको गाउँले राजु जो भर्खर १०-११ वर्षको हुँदो हो, उसले पनि मच्चिई-मच्चिई गफ चुट्थ्यो हजुरबा-हजुरआमासामु नयाँ संरचनाका बारेमा । यस्तैमा एक दिन हजुरआमा उसकै लागि मकै भुट्दै थिइन्, ऊ नजिकै गयो र भन्यो– 'हजुरआमा, थाहा छ तपाईंलाई ? लोकतन्त्र आयो रे ! अनि अब नेपाल गणतन्त्र भयो रे ! दिन-रात मेलापात, घाँस-दाउरा र ढिकीजाँतोमा जोतिइरहने राजनीतिको र पनि नजान्ने सत्तरी वर्षीया बूढियालाई जोसुकै, जेसुकै आए पनि के नै लछारपछार लाउँथे र ? त्यसैले होला, नातितिर फर्केर आँखा तर्दै बूढीले जवाफ फर्काइन्– यो जाबो जूड्याहा लोके आए पनि के, नआए पनि के ? दिन-रात जाँड धोकेर दुनियाँलाई दुःख दिन्छ, अघि भर्खर तल चोकबजारमा भट्टीमा हल्लिँदै थियो । अनि त्यो गने विदेश गो भन्या होइन र ? किन आउनुपऱ्यो होला ? झिटीझाम्टा बेचेर विदेश गा'को मान्छे ? विचरा राजु भने रनभुल्ल परेर हजुरआमाको मुखमा हेरिरहन्छ र सोच्छ– लोकतन्त्र अझै पनि सहरतिरै रै'छ क्यार, गाउँमा आएमा त मेरी हजुरआमालाई पनि थाहा हुन्थ्यो होला नि...?

–मित्र पाठक

## तमोर झ्यालीको संगीतिक धमाका



धनकुटा- घाम पनि लागेको थिएन, पानी पनि परेको थिएन । मौसमले साथ दिइरहेको थियो– तमोर झ्याली स्कुलका शिक्षक, अभिभावक र विद्यार्थीहरूलाई सांगीतिक कार्यक्रम गर्न, तर विद्युत् आपूर्ति बन्द हुँदा भने स्कुलका शिक्षक तथा विद्यार्थीहरू अलि निराश देखिन्थे । खाने मुखलाई जुँगाले छेक्दैन भनेझैं सोभित श्रेष्ठले जेनेरेटरको माध्यमबाट विभिन्न संगीत प्रस्तुत गर्न थालेपछि पूर्ण मनोरञ्नात्मक भयो- सांगीतिक कार्यक्रम ।

स्टेजमा राष्ट्रिय गान गुन्जन सुरु गर्नुअघि साना-साना भाइबैनीहरू लहरै स्टेजमा देखा परे । कार्यक्रमको ढोका राष्ट्रिय गानले खोलेपछि सुरु भयो सांगीतिक धमाका । सांगीतिक वातावरणले तोमर झ्याली परिसर गुञ्जायमान थियो भने स्कुलमा अध्ययन गर्ने भाइबैनीहरूले आफूले मात्र ननाचेर उपस्थित दर्शकहरूलाई पनि सँगै नचाउँदै पर्याप्त मनोरञ्जन प्रदान गरे ।

बिहान दस बजे सुरु भएको उक्त कार्यक्रमको बीच-बीचमाबालबालिकाहरूबाटै प्रस्तुत प्रहसनले दर्शकहरूलाई पेट मिची-मिची हँसाएको थियो ।

–भिषा काफ्ले

## गर्मी बिर्सायो कन्सर्टले



गाईघाट- सांगीतिक समूह द राइजिङ ग्रुपले सांगीतिक कन्सर्टको आयोजना गरेको महिनादिन नबित्दै शनिबार द अन्डर ग्राउन्ड ब्यान्डले गाईघाट बजारको केद्रमा अवस्थित त्रियुगा उच्च माविको मैदानमा अर्को कन्सर्ट सम्पन्न गरेको छ । द अन्डर ग्राउन्डका गायक विसन राईको देशभक्तिपूर्ण गीतबाट सुरु भएको कन्सर्टमा स्थानीय कलाकारहरूले आधा दर्जन गीतमा नृत्यका साथै एक दर्जन नेपाली पप तथा आधुनिक गीत प्रस्तुत गरे ।

हास्यकलाकार संतोष पराजुलीले विभिन्न राजनैतिक दलका नेता तथा चलचित्रकर्मीहरूको क्यारिकेचर गरेर सबैलाई हँसाए भने गायक राजकुमार घिमिरेले हास्यगीत गाएका मात्र के थिए कुर्सी र खुला चौरमा पलेंटी कसेर बसेका संगीतप्रेमी दर्शकहरू दन्तलहर खोल्दै कम्मर मर्काउन तम्सिए । हाँसोको लहर सकिन नपाउँदै स्टेजमा देखा परेका बाँसुरी वादक युवराज घिमिरेले देशभक्ति गीत *यो नेपाली शिर उचाली* ...लाई बाँसुरीको धुनमा प्रस्तुत गरी सबैलाई भावुक बनाए । बाँसुरीको धुनमा भावुक बनेका सर्वसाधरणलाई दीपा खड्कको नृत्यले आफूसँगै नचाएको थियो ।

–विमल खतिवडा

## नुवाकोटमा नौ देशका नृत्य



नुवाकोट- प्रायः नेपाली गीत-संगीतबाट मनोरञ्जन गर्ने नुवाकोटवासीले गत शुक्रबार विभिन्न देशका लोकसंस्कृतिको परिचयसँगै फरकखाले सांस्कृतिक स्वाद लिने अवसर पाए । एभरेष्ट नेपाल कल्चरल ग्रुपको आयोजनामा त्रिशूलीमा चौथो अन्तर्राष्ट्रिय लोकसांस्कृतिक मेलाले जिल्लावासीलाई नौवटा देशका लोकसांस्कृतिक नृत्यबाट मनोरञ्जन प्रदान गरेको हो । सबै कलाकारले आ-आफ्ना देशका प्रस्तुतिसँगै बट्टार बजारदेखि विदुर, ढुङ्गे, त्रिशूली हुँदै कार्यक्रमस्थलसम्म चार किलोमिटर लामो सांस्कृतिक ऱ्याली निकालेपछि बजारवासीहरू कोलोनीस्थित तेक्वान्दो डोजाङको मैदानमा ओइरिएका थिए ।

'पर्यटक कलाकारको सत्कार, नेपाली लोकसांस्कृतिक आधार' भन्ने मूल नाराका साथ काठमाडौंबाट जेठ १८ गते सुरु भएको मेला पाल्पा, पोखरा हुँदै त्रिशूली आइपुगको हो । मेलामा नेपाल, भारत, लाट्भिया, अमेरिका, कोस्टारिका, नाइजेरिया, घाना तथा इजरायलका १ सय ५० भन्दा बढी कलाकारले आ-आफ्नो देशका लोकसास्कृतिक गीत तथा नृत्यहरू प्रस्तुत गरेर दर्शकलाई फरक स्वाद चखाए ।

–नवदीप अजनवी

## मुम्बईमा दुराडाँडे दाइ



मुम्बई- दौंतरी सांस्कृतिक समूहको प्रस्तुति विविध मनोरञ्जनात्मक सांस्कृतिक कार्यक्रम दुराडाँडे दाइ गत आइतबार मुम्बईको मरिन लाइनस्थित बिरला माताश्री हलमा भव्यताका साथ सम्पन्न भयो । उक्त कार्यक्रममा सहभागी हुन नेपालबाट चर्चित लोकदोहोरी गायक राजु परियार, गायिका सकुन्तला थापा र मनमाया वाइवा तथा नायक रोहन ढकाल र नायिका निशान शाही आदि कलाकार मुम्बई आएका थिए ।

कार्यक्रममा गायक राजु परियारले 'फूल फुल्यो बनैमा, हातमा सुनको चुरा, दुराडाँडे दाइ, रुमाल धोको छु, र बिर्सियौ कि कुन्नि' आदि लोकगीत प्रस्तुत गरी भरपूर मनोरञ्जन प्रदान गरे भने लोकदोहोरी गायिका सकुन्तला थापाले सुन्तला र स्याउ भन्ने गीतमा दर्शकहरूलाई नचाएकी थिइन् । त्यसैगरी कार्यक्रममा गायिका मनमाया वाइवाले हाँसेर बोलिदेऊ माया भन्ने गीत प्रस्तुत गरेकी थिइन् ।

कार्यक्रममा एक्सन नायक रोहन ढकाल र नायिका निशान शाहीले 'मेरो मनको फूल टिपी तिम्रो शिरैमा सिउरन्थें' गीतमा आर्कषक नृत्य गरेका थिए । कार्यक्रममा सञ्जय सोनी, सुमन थुलुङ राई, आकाश गुरुङ आदि गायकले गीत प्रस्तुत गरेका थिए भने नृत्य निर्देशक ईश्वर बी. एम., दीपक परियार, हरिश विक, नरेश कुमार, संदीप भुजेल, सहिन प्रजापति, संजोग राणा, सुरेश खाती, मीना खाती, टिना शेर्पाली, धीरज सोनी, मिलन थापा, पुनम थापा, आरती थापा, सल्मा, सरस्वती भाट आदि मुम्बईका नेपाली कलाकारले विभिन्न गीतहरूमा नृत्य प्रस्तुत गरेका थिए । कार्यक्रमको अन्त्यमा राजु परियार, सकुन्तला थापा र मनमाया वाइवाले 'सुपारी चाम्रो म त के राम्रो छु र खै मायाकै हेराइ हो राम्रो'दोहोरी गाएर दर्शकहरूलाई नचाएका थिए । प्रवासी नेपालीहरूको उत्साहजनक सहभागिता रहेको उक्त कार्यक्रम सोमबार घाटकोपरमा तथा मंगलबार पुनामा प्रस्तुत गरिएको थियो ।

–वीरेन्द्र पौडेल

## सन्देश

दिउँसो ३:३० बजे कलंकीबाट तम्घास जाने बसमा चढी बेलुकी ९ बजे गैंडाकोटको कांग्रेस चोकमा ओर्लने र ल दाइ राम्रोसँग जानोस् भन्ने बहिनीलाई तुरुन्त इमेल गर्न अनुरोध छ ।

asbi-raj046yahoo.com

अनु, तिमीलाई नै सम्झी बसेको छु, म दुनियाँमा सबैभन्दा धेरै माया तिमीलाई नै गर्छु भन्ने कहिल्यै पनि नबिर्सनु ल ।

**प्रशान्त**

सुशीला, तिमीलाई सदैव माया गरिरहने प्रण गर्दै एकपटक भेट्न आग्रह गर्छु, सक्छौ भने आऊ, नत्र फोन गर ।

**राजकुमार**

ईश्वरी, पलपलको सम्झना, अनगिन्ती माया अनि कक्षा बाह्रको परीक्षामा सफलताको कामना ।

**बुद्ध एल**


हास्य तथा सिनेकलाकारबीच भएको फुटबल म्याचमा सानो भाइसँग बसेका दुई जना दिदीसँग फ्रेन्डसिप गर्न चाहन्छु ।

**निशान्त**

फूल फुलोस् सधैंभरि समृद्धि र सफलताको
जुन झुल्कियोस् मोनालिसाझैं मुस्कानको
कार्यकौशलतामा सदैव उच्च स्थान बनोस्
दक्ष, सीप र सक्षमताको मूल फुटिरहोस्
उन्नति होस्, उत्तरोत्तर उन्नयन होस्,
आस्था र प्रतिष्ठा सगरमाथाझैं चुलोस्
रिस, राग, द्वेष, मनमुटाव कसैसँग नरहोस्
गौरव र सम्मानको गर्छौं हामी वन्दना-कामना
'सानु' लाई जन्मदिनको शुभकामना ।

**शान्तिप्रिय**

रेखा दिदी, तपाईंको चलचित्र किस्मत हेरें, एकदमै मन पर्‍यो । आगामी दिनमा योभन्दा पनि राम्रो



अनि पृथक् चलचित्र निर्माण गर्नुहोला । तपाईंलाई अग्रिम शुभकामना ।

**बीएस मगर**

सोमबारका दिन साँगादेखि बनेपा एउटै सिटमा भेट भएकी मोटी, जिन्स पाइन्ट र नीलो टिसर्ट लगाएकी, बाह्रबीसे घुम्न जान अनुरोध गर्दा अस्वीकार गर्ने मोटी सुन्दरीप्रति मित्रताको हात बढाउन चाहन्छु । यदि साथ दिन्छयौ भने एकपटक कल गर्न अनुरोध छ ।

**प्रवीण**

शुक्रबार, रत्नपार्कबाट दक्षिणकालीको बस चढ्दा घरीघरी आँखा जुधाउने, साप्ताहिक पढ्न माग्दा एकैछिन भनी पढ्न दिने, घर फर्पिङ बताउने, आज घुमघाम भन्दा हैन जब गर्छु भन्ने, मन्त्री भए के गर्छौ भन्दा मन्त्री बन्ने चाहना नभएको बताउने, लजाउँदै-शर्माउँदै बोल्ने, साप्ताहिक पढ्दापढ्दै आफैं मुख छोपीछोपी हाँस्ने युवतीलाई पाइला-पाइलामा सफलताको शुभकामना ।

**सँगै बसी कुरा गर्ने राहुल**

## कुपन सन्देश

पाउने :

पठाउने :

सन्देश :

**प्रति सन्देश रु. २०/– अनिवार्य**

## साप्ताहिक साथीका लागि फर्म

नाम : ......................................................................

उमेर : ............................................ उचाइ : ..............................

पेसा : ............................................ शिक्षा : ..............................

स्वभाव :.......................................... वैवाहिक स्थिति : ......................

अभिरुचि : ...................................... वर्ण : ..............................

इमेल : ......................................................................

ठेगाना :......................................................................

तपाई कस्तो साथीको खोजीमा हुनुहुन्छ ?

......................................................................

......................................................................

**नोट :** तस्बिर र नगद रु. ५०।- अनिवार्य छ । आफूले उल्लेख गर्न चाहेको थप विवरण छुट्टै पानामा पठाउन सकिनेछ ।

## जीवनको गोरेटोमा

# यसपालि फेरि

एसएलसी परीक्षा र हाम्रो प्रेम । म आफैलाई थाहा छैन, यी दुवै पाटालाई म कसरी सम्हाल्नेछु ? २०६३ सालको एसएलसी परीक्षाताकाको हाम्रो प्रेम, अहिलेसम्म चलिरहेछ तर सम्झना छ...।

...पहिलो दिन । अङ्ग्रजीको जाँच । सरकारी स्कुल पढेको हुनाले अङ्ग्रजीमा जति कलम घोटे पनि एक घन्टासम्म, बस् त्यत्ति नै हो, त्यसपछि के जान्नु ? दायाँ-बायाँ हेर्न थालें । एकपटक कसो-कसो पछिल्तिर हेर्न पुगेंछु, ओहो त्यो नाकको फुली । मलाई अझ ती तीनवटा स-साना दानाजस्ता बुट्टा भएको फुलीको सम्झना छ । धेरैबेर उनलाई हेरिरहन सकिनँ ।

गाउँघरको पढाइ । पछि हेरें, टाउको उठाउँदै थिइन् । अलि लजाएजस्तो अनुहारमा मैले पनि हेरिदिएँ । मलाई बोल्न अप्ठ्यारो लाग्यो । बोलुँ भने पनि कहाँ मिल्थ्यो र ? जाँचको वातावरण । प्रश्नपत्रमा कलमले देखाउँदै इशाराले उत्तर सोध्थें । उनी हातले कागजका खाली धर्सा देखाउँदै मलाई जवाफ फर्काउँथिन् । थाहा भयो उनले लेखेकी थिइनन् । जति म सोध्दै जान्थें उनी हात मात्र हल्लाउँथिन् ।

घन्टी लागेपछि म हतार-हतार उत्तरपुस्तिका बुझाएर बाहिर निस्किएँ । केही सोच्नुपर्ने थिएन । परीक्षा बिग्रियो । लाग्यो यसै बसौं, केही बेरपछि सोचें– कतै उनी पो भेट हुन्छिन् कि ? जति सम्झदै गएँ, त्यति कुरूँ कुरूँ लागिरह्यो । विद्यार्थीहरूलाई हेरिरहें । त्यो हूलमा मैले उनलाई देखिनँ । झन्डै १० - १५ मिनेट पर्खिएँ होला । उनी आइनन् । सुस्त, सुस्त मैले पाइला अघि चालें । फाटफुट विद्यार्थी देख्थें । चउर पातलिँदै थियो ।

मेरा पाइला बढिनै रहेका थिए । अलि अघि स्कुल भवनको छेवैमा, हातका किताब छातीमै कसेर, किताबलाई दाँतले टोक्दै तिनी उभिएकी । टाढाबाट हेर्दा चिनिनँ मैले । सुस्त सुस्त पाइला अघि बढाएँ । चिनेजस्तो बन्दै गयो अनुहार, देखेजस्तो बन्दै गयो स्वरूप । उनले पनि नै थिइन् । धेरै नजिक पुग्दा त आफैलाई असजिलो लाग्यो । उनलाई हेरें, हेरिरहें । उनले मलाई हेरिन् र हेरिरहिन् । हेर्दाहेर्दै कति खुसी समेटे मैले । हेर्दाहेर्दै कति सहारा समेटें मैले । अनि सोधें- ए तिमी यहीं पो ।


गई जस्तो लागेको तिमीलाई ? उनले भनिन् । उनी सुस्तसुस्त अघि बढिन् । मैले उनको पछि-पछि गोडा सारिरहें । हामी स्कुलको चउरबाट बाहिर निस्कँदै थियौं । अलि पछि मैले सोधें- तिमी कहाँ बस्छ्यौ ?

उनले भनिन्- घुम्ती मोडनिर । म पनि घुम्ती नजिकै बस्थें । त्यही दोहोर्‍याएँ- म पनि त्यहीं हो, सेतो घर पछाडि । तिम्रो गाउँ कहाँ मैले सोधें । यहाँबाट तीन-चार घन्टाको बाटो हो । त्यसैले यहाँ कोठा लिएर बस्नुपयो । मेरो गाउँ पनि त्यस्तै टाढा त छ नि । मेरो कोठाचाहिँ ऊ यहींनेर हो, जाने कि ? भोलि त सामाजिक हो, सजिलै छ नि ।

मैले नाइँ भन्न सकिनँ । सुस्तसुस्त भनिदिएँ- हुन्छ । त्यसपछि उनी केही बोलिनन् । सुरुसुरु अघि बढिन्, म पछि-पछि । आफैं सोच्थें- कतै नजानु राम्रो हो कि । एक त परीक्षा पनि छ । अर्को भर्खर चिनेको साथी । उनले कतै नराम्रो पो मान्छिन् कि ? यही हो, घर अगाडि पुगेपछि उनले भनिन् । ए..., मात्रै मैले भनें ।

कोठा अघि पुगेपछि साँचो खोल्न उनले किताब हातबाट भुइँमा राख्न खोजिन् । म समाउँछु, यता देऊ- मैले सानो स्वरमा भनें । उनले ढोका उघारिन् । लाग्यो आज पृथक अनुभव हुनेछ, नयाँ परिवेश बन्नेछ । त्यही नयाँ परिवेशको थालनी भएजस्तो लाग्यो । उनले भनिन्,- दाजु दुई-तीन दिनमा चामल, तरकारी लिएर आइरहनुहुन्छ । नत्र म अरू दिन एक्लै हुन्छु ।

उनी बोल्दै थिइन् । अघिसम्म बोलिरहेको म चुप थिएँ । मलाई कता कता, केले बोलाउँथ्यो, उनकै जस्तो स्वर बनाएर । कोठामा उनी खाना खाने भन्दै थिइन्, म कल्पनामा माया



गर्छौं भन्ने सुन्थें । मैले खाना खाएँ उनको हातबाट । उनी खुसी हुँदै गास टिप्थिन्, म रमाउँदै गास निल्थें । म त्यहाँबाट निस्किएँ । दिनहुँ हाम्रो भेट भै रह्यो । कति पटक उनी किताब च्यापेर बसी मात्रै रहेकी हुन्थिन्, कतिपटक उनी टोलाई मात्रै रहेकी । हाम्रो जाँच पनि सकिएको थियो तर आशा झिनो थियो । नतिजा प्रकाशन हुँदा हामी दुवैको सिम्बोल नम्बर थिएन ।

आज फेरि हामी सदरमुकाममा त्यसरी नै परीक्षाको तयारीमा जुटेका छौं । भेट उसै गरी हुन्छ, माया झन्-झन् पलाएर आउँछ । परीक्षा दिँदैछौं तर पनि न उनलाई थाहा छ, न मलाई नै यो परीक्षाको नतिजा ।

**–रमेशराज**

# धार्मिक पर्यटकीय स्थल घोषणाको तयारी

**कमल रिमाल**

विराटनगर- चार धाममध्येको एक सुनसरीको बराहक्षेत्रलाई पर्यटकीय तथा धार्मिक क्षेत्र घोषणा गराउन स्थानीयबासीहरू कम्मर कसेर लागेका छन् । पर्यटकीय एवं धार्मिक क्षेत्र घोषणा भए प्रत्येक वर्ष बिदेसिने लाखौं रुपैयाँ जोगिने स्थानीय बासिन्दाहरूको भनाइ छ । अहिले बराहक्षेत्रको चतरा धाममा करोडौंको योजनामा काम भैरहेको छ । सुनसरीको धरान र झुम्काबाट मोटरमा सजिलै पुग्न सकिने बराहक्षेत्र पहाडको फेदी र सप्तकोसीको किनारमा छ ।



चार धाममा नेपालका बराहक्षेत्र र मुक्तिनाथ तथा भारतका कुरुक्षेत्र र हरिहर क्षेत्रमा बाह्रै महिना हिन्दू धर्मालम्बीहरूको घुइँचो लाग्ने गरेको छ । बराहक्षेत्रको विकासका लागि चतरा धार्मिक स्थलमा हाल डेढ करोडको लागतमा राधाकृष्ण मन्दिर, ४१ लाखको लागतमा कुम्भ स्तम्भका साथै विभिन्न पीठ, धर्मशाला, संस्कृत पाठशाला आदि निर्माण भैरहेका छन् । भारतमा मात्रै लाग्दै आएको १२ वर्षे कुम्भ मेला २०५९ सालदेखि चतरामा पनि लाग्न थालेको छ । कुम्भ महोत्सव लगाइएको छ वर्षमा अर्धकुम्भ महोत्सव लगाउनुपर्ने भएकाले गत वर्ष देश-विदेशका लाखौं भक्तजनको उपस्थितिमा अर्धकुम्भ मेला आयोजित गरिएको थियो ।

धार्मिक एवं पर्यटकीय क्षेत्र घोषणाको माग गर्दै पर्यटन र स्थानीय विकास मन्त्रालयमा निवेदनसमेत दिइएको छ । स्थानीय स्तरमा गठित विकास समितिले सक्रियताका साथ कार्य गरिरहेको भए पनि सरकारी घोषणपछि राष्ट्रिय रूपमा बृहत्तर बराहक्षेत्र विकास समित निर्माण हुने बताइन्छ । समितिले बराहपुराणमा उल्लेख भएका मठमन्दिर, कुण्डहरूको पुन:निर्माण एवं जीर्णोद्धार गरी पुरातात्त्विक, धार्मिक तथा ऐतिहासिक महत्त्वका वस्तुहरूको संरक्षण-संवर्द्धन गर्नेछ । बराहक्षेत्रको विकासका लागि पूर्वाञ्चलका मानिसहरू नि:स्वार्थ भावनाले लागेका छन् । बराहक्षेत्रका स्थानीय व्यक्तिहरू भने यो धामको कामका लागि आफ्ना सबै निजी काम छोडेर लाग्ने गरेका छन् ।

सप्तकोसी नदीले बनाएको ढुङ्गे बगरको फराकिलो र उच्च भागमा चतराधाम छ । यो स्थललाई धार्मिक व्यक्तिहरूले प्राचीन हरिद्वार नामकरण गरेका छन् । धार्मिक स्थलका संरक्षक ३० वर्षीय बालसन्त मोहनशरण देवाचार्यका अनुसार– बराहपुराणमा उल्लेख भएका मठमन्दिर, सूर्यकुण्ड, धार्मिक एवं ऐतिहासिक महत्त्वका वस्तुहरू यस क्षेत्रमा रहेकाले बराह क्षेत्रलाई भारतका प्रसिद्ध धार्मिक गुरुहरूले पनि प्राचीन हरिद्वारका रूपमा मान्यता दिएका छन् । सोही अनुरूप भारतका प्रसिद्ध धार्मिक व्यक्तिहरूले चतराधाममा निम्बाकाचार्य पीठ, रामानुजाचार्य पीठ, बल्लभाचार्य पीठ तथा मध्वाचार्य पीठ निर्माणका लागि शिलान्यास पनि भैसकेको छ ।

चतराधामस्थित राधाकृष्ण भक्ति साधना आध्यात्मिक प्रतिष्ठानका अनुसार, भारतका जगदगुरु मधुवाचार्यले यस क्षेत्रमा ६ महिना तपस्या गर्ने भएका छन् । जसअनुसार, जगदगुरुकै संकल्पअनुसार चतराधाममा विभिन्न यज्ञादि गरिएको छ । यहाँको सुन्दर शान्त वनमा जगदगुरुले ६ महिना तपस्या गर्ने जनाएपछि यस क्षेत्रका धार्मिक व्यक्तित्वहरू हर्षित एवं उत्साहित छन् । त्यसै पनि यो स्थलमा विभिन्न अनुष्ठान भैरहने हुनाले बाह्रै महिना भक्तजनको आवतजावत भैरहन्छ । संस्कृत अध्ययनरत वटुक एवं दर्शनार्थीका लागि यहाँ दैनिक डेढ सय जनाका लागि बिहान-बेलुकाको खाना पाक्ने गरेको छ ।

निर्माणाधीन भव्य राधाकृष्ण मन्दिरमा भजन कीर्तन गर्न दैनिक सयौं भक्तजन भेला हुन्छ । यहाँ आउने दर्शनार्थीहरूका लागि नि:शुल्क खाने-बस्ने व्यवस्था छ । देशभरका धार्मिक तथा सामाजिक व्यक्तिहरूले गर्ने सहयोगबाट चतराधाम चलेको छ । बालसन्त देवाचार्यका अनुसार चतरा धाम ८० प्रतिशत दान र सहयोगले मात्र चलेको छ । सरकारले यो स्थलका लागि हालसम्म पटक-पटक गरेर १६ लाख रुपैयाँ सहयोग गरेको छ ।

प्रतिष्ठानका महासचिव प्रह्लाद भट्टराईका अनुसार, कुम्भमेला लाग्ने भारतका चार धार्मिक स्थलपछि पाचौं स्थलका रूपमा बराहक्षेत्रको चतरा धामलाई भारतका जगदगुरु शंकराचार्यले मान्यता दिएका हुन् । कुम्भ मेला लगाइएपछि कुम्भ स्तम्भ राख्नुपर्ने भएकाले २०५९ सालमा कुम्भ महोत्सव लागाइएको स्थानमा ५९ फिट अग्लो स्तम्भ बनाउन थालिएको महासचिव भट्टराईले बताए । गत वर्ष सम्पन्न अर्ध कुम्भ महोत्सवमा देश-विदेशका हजारौं भक्तजन सहभागी भएका थिए । उनीहरूका लागि नि:शुल्क खाने-बस्ने व्यवस्था गरिएको थियो । प्रतिष्ठानको भौतिक संरचनाको अभावमा सुनसरी-मोरङ सिंचाइ आयोजनाको भवनमा ४ देखि ८ कक्षासम्म संस्कृत पढाइ हुँदै आएको छ । संस्कृत विरोधीहरूले यसअघि अवरोध गरेका कारण विद्यार्थीहरूको छात्रावास भने सो स्थानबाट हटाई चतरा धामभित्रै सारिएको भट्टराई बताउँछन् ।

चतरा धामको विकाससँगै यो क्षेत्रको पर्यटन एवं व्यापार पनि बढेको छ । भोजपुर र खोटाङ जिल्लाका धेरैजसो क्षेत्रका बासिन्दाका लागि खरिद-बिक्री गर्ने स्थानका रूपमा रहेको चतरा बजार चतराधामको विकाससँगै अझ चर्चा र चल्तीमा आएको स्थानीय ब्यापारी राजन भण्डारी बताउँछन् । भण्डारीका अनुसार, धार्मिक स्थलको प्रचारसँगै यो क्षेत्रमा नेपाल र भारतका पर्यटकहरू बढ्न थालेका छन् । पर्यटक आगमनसँगै स्थानीय व्यापार पनि बढ्न थालेको छ । यो धामभित्रै धर्मशाला भए पनि अन्य पर्यटकका लागि यस क्षेत्रमा होटल तथा लजहरू छन् ।

चतरा बजार क्षेत्रसँगै किराँत धर्मावलम्बीले पनि धार्मिक स्थल निर्माण गर्न थालेपछि यहाँ धेरै मानिसको आवतजावत हुन थालेको छ । चतरामै क्रिस्चियन धर्मावलम्बीको धार्मिक स्थल पनि छ । चतराका स्थानीय शिक्षक गोपाल बराल सरकारले पर्यटकीय एवं धार्मिक क्षेत्रको मान्यता दिए यो क्षेत्र विश्वमै कहलिने दाबी गर्छन् ।

## तल दिइएको चित्रमा कतिवटा फरक छन् ? पत्ता लगाऊ



फरकहरू : कपाल, चिम, गिलास, किताब, कलम, चन्द्रमा, पर्दा, लुगा, मेच र तार ।

## विश्वकै खन्चुवाहरू

अमेरिकी कृषि विभागको तथ्यांकअनुसार अमेरिकीहरू भारतीयहरूको तुलनामा पाँच गुणा बढी खाद्यान्न प्रयोग गर्छन् । भारतका मानिसहरू एक वर्षमा लगभग १ सय ७८ किलोग्राम खाद्यान्न खपत गर्छन् भने अमेरिकीहरू वर्ष दिनमा १ हजार ४६ किलोग्राम खाद्यान्न खपत गर्छन् । अमेरिकाका मानिसहरू खाद्यान्न खपतमा चीनका मानिसभन्दा तीन गुणा बढी, युरोपियनभन्दा दुई गुणा बढी भोजन गर्छन् ।

## जन्मदिनको शुभकामना



इंगेज कार्की
२०५९ जेठ ३१



ग्रीष्मा कार्की
२०६१ जेठ ३१



समृद्ध अधिकारी
२०६४ जेठ ३१



प्राप्ति अधिकारी
२०५३ जेठ ३०



एरियन भडेल
२०६३ जेठ ३२



आयुषा चौधरी
२०६० असार १



इरादा सुवेदी
२०५३ असार १



आलोक पुडासैनी
२०५६ जेठ ३२

**कुपन**

### जन्मदिनको शुभकामना

नाम :..............................................

जन्म मिति :..............................................

स्कुल :..............................................

ठेगाना : ..............................................

**तस्बिर अनिवार्य**

तस्बिर र विवरण दुई साताअगाडि आइपुग्नुपर्नेछ ।

## मोबाइल प्रयोग गर्दैछन् भिखारी



आधुनिकताको संसार पनि गजबकै छ । अहिले भिखारी पनि हाइटेक हुँदै गएका छन् । पाकिस्तानका भिखारीहरू भीख माग्नका लागि मोबाइल फोनको सहारा लिइरहेका छन् । उनीहरू मानिससँग १० देखि १ सय रुपैयाँसम्म भीख माग्छन् ।

मानिसहरू उनीहरूको जालमा फस्दैछन्, किनभने भिखारीहरू अल्लाहको नाममा भीख माग्दैछन् । एक भिखारीले मोबाइलबाट सन्देस पठाएर भीख मागे । सन्देशमा लेखिएको थियो- म एकदमै गरिब छु, मेरी छोरी अस्पतालमा भर्ना भएकी छिन् । यदी तपाईंहरूलाई अल्लाहप्रति विश्वास छ भने कमसेकम १० रुपैयाँ दान गर्नुहोस् । अल्लाहले तपाईंलाई हरेक संकटबाट बचाउनेछन् । यसरी भीख माग्नेहरूलाई पाकिस्तानीहरू अल्लाहको नाममा भीख दिएको बताउँछन् ।

## संघर्ष र सफलता

### क्रिस क्लार्क

पिज्जा डट कम पिज्जा किनबेच गर्नका लागि निर्माण गरिएको वेबसाइट हो । इन्टरनेट खोलेर पीआइजेडजेडए डटकम टाइप गर्ने हो भने यो साइट खुल्छ । सन् १९९४ मा यो साइट क्रिस क्लार्कले किनेका थिए । विभिन्न प्रकारका पिज्जाका बारेमा जानकारी दिन यही साइट प्रयोग हुन्छ । त्यतिखेर इन्टरनेट भर्खरै प्रारम्भ भएको थियो । यसका बारेमा धेरैलाई जानकारी पनि थिएन । त्यो समयमा क्लार्कले जम्मा २० डलरमा यो साइट किनेका थिए ।

अहिले इन्टरनेटको जमाना छ । सबै काम यसैबाट हुन थालेका छन् । त्यसै अनुसार यो वेबसाइट पनि लोकप्रिय भयो । पिज्जाका बारेमा थाहा पाउन यो वेबसाइट पनि निकै प्रचलित भयो । लाखौं डलर तिरेर यसमा विज्ञापन गर्न चाहने कम्पनी प्रशस्तै भए अनि वेबसाइटको महत्त्व पनि बढ्यो ।



केही दिनअघि यो वेबसाइट बिक्री भयो । एक जना व्यक्तिले यो साइटलाई २६ लाख डलरमा किने । सन् १९९४ मा २० डलरमा किनेको वेबसाइटको मूल्य अहिले यति ? आफै अनुमान गरौं त ? यो कसरी भयो होला । यो सबै प्रविधिको विकासका कारण भएको हो । ४३ वर्षीय क्लार्क अहिले निकै खुसी छन् । उनी अमेरिकी नागरिक हुन् ।

## चमत्कारी च्याउमाथि प्रतिबन्ध

नेदरल्यान्ड सरकारले विदेशी पर्यटकहरूलाई दुर्घटनामा पार्ने च्याउमाथि प्रतिबन्ध लगाउने भएको छ । यस सम्बन्धमा नेदरल्यान्डका स्वास्थ्यमन्त्रीले सदनमा छिट्टै विधेयक पेस गर्ने तयारी गरिरहेका छन् । उक्त विधेयकलाई बहुमत सांसदहरूले समर्थन गर्ने कुरा जनाइसकेका छन् । सन् २००४ मा उक्त च्याउ खाएपछि ५५ वटा दुर्घटना भएकोमा गत वर्षमा आइपुग्दा दुर्घटनासम्बन्धी घटना एक सयभन्दा बढी पुगेकाले च्याउमाथि प्रतिबन्ध लगाउन कदम चालिएको हो । मार्च २००७ मा १७ वर्षीय एक जना फ्रान्सेली पर्यटक उक्त च्याउ सेवन गरेपछि पुलबाट हाम फालेकी थिइन । त्यसै क्रममा उनको निधन भयो । त्यसपछि उक्त च्याउमा प्रतिबन्ध लगाउने विषयमा सरकार गम्भीर भएको हो ।

## बालबालिका र क्यान्सरको खतरा

बाल्यावस्थामा हुने क्यान्सर रोग समयमै पत्ता लगाउन सके हजारौं बालबालिकाको जीवन जोगाउन सकिने एक प्रतिवेदनले देखाएको छ । क्यान्सरका क्षेत्रमा कार्यरत जेनेभास्थित युआईसीसी नामक एक अन्तर्राष्ट्रिय संस्थाले तयार पारेको प्रतिवेदनअनुसार प्रतिवर्ष विश्वमा १ लाख ६० हजार बालबालिका क्यान्सरबाट पीडित हुने गरेका छन् । बालबालिकाको दोस्रो ठूलो मृत्युको कारक मानिएको क्यान्सरबाट थुप्रै संख्यामा नेपाली बालबालिका पनि पीडित छन् । क्यान्सरबाट पीडित बालबालिकामा बिनाकारण शरीरको तौल घट्ने, अनुहारलगायत शरीरमा पँहेलो र सेतोपन देखिने, टाउको दुख्ने, बिहानपख वाकवाकी लाग्ने, बिनाकारण रक्तस्राव हुनेजस्ता लक्षण देखिन्छन् ।

## साप्ताहिक शब्दजाल प्रतियोगिता - २२

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | ■ |
| | २ | | | | | | | ■ |
| | | ३ | | | | | | |
| | | | ४ | | | | | |
| | | | | ■ | ५ | ६ | ७ | ८ |
| ९ | | | | १० | | | | |
| | | | | ११ | | | | |
| | | | | १२ | | | | |
| १३ | | | | १४ | | | | |

प्रतियोगीको नाम :

ठेगाना :

**ठाडो**

१ जेठ २७ गते इटालीविरुद्ध (५)
२ पोखराको कन्सर्टमा के कम (३,४)
३ हराएका नायक (३,४)
४ रीतिसँग संयुक्त चित्रकला (२,४)
५ एक राशि (२)
६ जेठ २८ गते स्पेनविरुद्ध (३)
७ धेरै पानी पर्नु (४)
८ हराएकी टेलिभिजनकर्मी (३,२)
९ चेकपछि .... (४)

**तेर्सो**

१ एक ग्ल्यामरस वेबसाइट (४,४)
२ 'मुनामदन' का निर्माता (४,३)
३ मेलोडी टाइम्सका मालिक (३,२,२)
४ नारायणहिटीभित्रको एक भवन (३,३)
१० जेठ २८ गते रसियाविरुद्ध (२)
११ युरो-२००८ को सहआयोजक (३)
१२ सुख्खा, कम पानी पर्नु (४)
१३ एक राशि (२)
१४. पलेंटीमा (३,२)


**नियमहरू :**

१. यो प्रतियोगिता सबैका लागि खुला छ ।
२. यो शब्दजाल साप्ताहिकको पछिल्लो अंकमा आधारित छ ।
३. प्रतियोगीले आफ्नो नाम र ठेगाना स्पष्ट उल्लेख गरी पठाउनुपर्नेछ ।
४. पुरस्कृत हुनेलाई रु. २ सय रुपैयाँ पुरस्कार दिइनेछ ।
५. कुनै पनि विवादमा सम्पादकको निर्णय अन्तिम मानिनेछ ।

### साप्ताहिक शब्दजाल प्रतियोगिता नं. १४ को विजेता


नरेश चौधरी, भेरी प्राविधिक शिक्षालय, नेपालगन्ज

### तल दिइएको चित्रमा कुन-कुन सामानहरू लुकेका छन् ?



लुकेका सामानहरू : चरा, माछा, सर्प, पुतली, भ्यागुतो र हाँस ।

### बाटो पत्ता लगाऊ ?



# दाम्पत्य प्रेमलाई निरन्तरता दिन



कहिलेकाहीँ श्रीमान्-श्रीमतीको सम्बन्धमा विवाद उत्पन्न भएर एक-अर्कासँग जीवन बिताउन कठिन हुन्छ तर केही समयपछि एक-अर्काप्रतिको असमझदारी हटेर विवादको स्थान माया र प्रेमले लिन थाल्छ। यस्ता घटना हाम्रो समाजमा घटिरहन्छन्। सम्बन्धमा किन तनाव उत्पन्न हुन्छ भन्ने प्रश्न उठ्छ।

**शंकाले खुसीको संसार उजाड्छ**

वैवाहिक जीवनमा विभिन्न कारणले तुषारो लागे पनि प्रमुख कारण आपसी समझदारीको अभाव नै हो। शंकाको बीउले सुखमय वैवाहिक जीवनलाई पनि तहसनहस गरिदिन्छ। यी दुई वैवाहिक जीवन बिगार्ने मुख्य कारकतत्त्व हुन्। जब सम्बन्धमा पहिलेको जस्तो वातावरण रहँदैन र आफ्ना श्रीमान्-श्रीमती अरूप्रति आकर्षित भएको अनुभव भएमा आफूलाई सम्हाल्नुपर्छ। यस्तो अवस्थामा एक-अर्कासँग झैझगडा गर्ने, नबोल्ने, रिसाउने आदि काम गर्नुभन्दा धैर्य एवं विश्वास राख्दै सम्बन्धको गहिराइसम्म पुगेर के कारणले त्यस्तो स्थिति उत्पन्न भयो बुझ्नुपर्छ।

**के दिइयो के लिइयो ?**

प्रेममा विशेषत: लेनदेनको कुनै स्थान हुँदैन तर एकपटक एकअर्कालाई के दिने भन्ने कुरा अवश्य सोच्नुपर्छ। प्राय: महिलाहरू श्रीमान् आफ्नो इसारामा हिँडोस्, रेस्टुराँको बिल तिरोस्, उपहार देओस्, किनमेल गराओस् र आफ्नो प्रशंसा गरिरहोस् भन्ने चाहन्छन्। आफूले आफ्ना श्रीमान्का लागि के गरेको छ ? भन्ने कुरामा ध्यान दिएर सही र गलतको निर्णय गर्नुपर्छ।

**प्रेमको कोमल धागो नटुटोस्**

यदि आफ्ना श्रीमान्-श्रीमतीले अरूको प्रशंसा गरिरहेका छन् कि ? कसैको नजिक हुँदै गएका छन् भन्ने लागिरहन्छ भने यस्तो धारणा राख्नु गलत हो। यस्तो धारणा वा शंका मनमा बढ्नुको अर्थ प्रेम सम्बन्धको कोमल बन्धन जलेर खरानी हुनु हो।

**आफूबाट टाढा जान नदिने**

श्रीमान् आफ्नो प्रेमी, मायालु हो भन्दैमा यसको अर्थ उसमा सर्वाधिकार कायम हुन्छ भन्ने होइन। श्रीमान् कसैका दाइ, भाइ, छोरा र साथी पनि हुन् भन्ने कुरा बिर्सनुहुँदैन। यस्ता धेरै सम्बन्ध उनीसँग गाँसिएको हुन्छ जसप्रति उनको जिम्मेवारी हुन्छ। श्रीमान्लाई कहिल्यै पनि आफ्नो पछ्यौरीले बाँधेर राख्न खोज्नुहुँदैन। मायाको बन्धन पनि बढी बाँध्न खोज्दा फाँसी बन्न समय लाग्दैन।

**स्वतन्त्रता नदिनु**

श्रीमान्सँग प्रेम गरिएको छ भन्दैमा आफू जेलर र श्रीमान्लाई कैदी बनाउनु हुँदैन। श्रीमान्लाई स्वतन्त्रता पनि दिनुपर्छ। प्रेम विश्वासमा टिक्छ। कसैलाई पनि आफ्नो प्रेममा बाँध्न उसलाई स्वतन्त्रता पनि दिनु आवश्यक छ। एउटा विज्ञापन कम्पनीमा काम गर्ने एक पुरुषका अनुसार उनकी गर्लफ्रेन्ड निमिषा सबै केन्द्रविन्दुबाट सुन्दर र इन्टेलिजेन्ट थिइन्। उनीहरूको सम्बन्ध पनि राम्रो थियो। सबै किसिमबाट राम्रो यो सम्बन्धमा निमिषाको बढी पोजेसिव हुने बानीले उनी दिक्क हुन्थे। यदि उनले कुनै युवतीसँग कुरा गरे निमिषा रिसाउँथिन्, झगडा गर्थिन्। देविका नाम गरेकी एक युवती उनको जीवनमा आइन्, उनी निमिषा जति सुन्दर नभए पनि उनको विचारमा परिपक्वता थियो। उनी निमिषाले झैँ स-साना कुराको वास्ता गर्दिनथिन्। त्यसैले आज उनी देविकालाई पाएर खुसी छन्।

**स-साना कुराहरू**

श्रीमान्-श्रीमतीले एक-अर्कासँग स-साना कुरामा रिसाउने, कमेन्ट गर्ने, व्यंग्य गर्ने, धम्की दिने जस्ता व्यवहारले सम्बन्धमा तनाव उत्पन्न गराउँछ। आफूलाई एक-अर्काप्रति कुनै गुनासो छ भने बिस्तारै धैर्यपूर्वक कुराकानी गर्नुपर्छ।

**समाजको वास्ता गर्नु**

समाजको वास्ता गर्नु स्वाभाविक हो, किनभने हामीले समाजसँग मिलेर बस्नुपर्छ तर सधैं मान्छेले के भन्छन्, समाजका बारेमा पनि सोच्नुपर्छ जस्ता कुराले आफूलाई श्रीमान्बाट टाढा गराउँछ। कहिलेकाहीँ उनलाई इच्छाअनुसार चल्ने तथा उनलाई साथ दिने काम गर्नुपर्छ।

**समाधान**

यदि आफ्ना श्रीमान् अरूप्रति आकर्षित भैहाले पनि धैर्यपूर्वक काम गर्नुपर्छ। बलियो भएर परिस्थितिको सामना गर्ने। स्थितिलाई चुनौतीका रूपमा स्वीकार गरी आफ्ना श्रीमान् जुन व्यक्तिप्रति आकर्षित भएका हुन् उसमा त्यस्तो विशेष के छ जुन आफूमा छैन पत्ता लगाउनुपर्छ र आफ्नो व्यक्तित्वलाई सिंगार्नुपर्छ। आफूमा भएको कमीलाई हटाएर त्यो व्यक्तिसँगको प्रतिस्पर्धाका लागि तयार हुनुपर्छ। कुराकानी, व्यवहार, दिमाग, स्वभाव, सौन्दर्य हरेक कुरामा ऊभन्दा आफूलाई राम्रो सावित गर्नुपर्छ।

**सुगन्धले आकर्षित गर्ने**

आफ्नो शरीरतिर पनि ध्यान दिनुपर्छ। आफ्नो शरीर अथवा मुखबाट दुर्गन्ध आउने भएकाले एक-अर्कासँग टाढा भइएको छ कि ध्यान दिनुपर्छ। बाहिर निस्कँदा गुणस्तरीय डियो अथवा परफ्युम प्रयोग गर्नुपर्छ।

**ब्युटी विथ ब्रेनको प्रयोग**

ब्युटीसँगै ब्रेनको प्रयोग गरेर आफूलाई योग्य बनाउनुपर्छ। जसले हारेको बाजी जित्न सहयोग गर्नेछ। आफू कुनै उच्च पदमा पुगिए मनको खालीपन त हट्छ नै श्रीमान्को अगाडि पनि सम्मानित हुन सकिन्छ।

**कुनै रहस्य रहन दिनुहुँदैन**

श्रीमान् र आफूबीच रहस्यको कुनै पनिस्थान छोड्नुहुँदैन जसले भविष्यमा कुनै असमझदारी उत्पन्न होस्।

---

# वैवाहिक जीवनका सुखी क्षणहरू



दाम्पत्य जीवनलाई सुखमय बनाउने काममा श्रीमान्-श्रीमती दुवैको महत्वपूर्ण भूमिका रहन्छ। जीवनमा कहिलेकाहीँ त्यस्तो मोड पनि आउँछ जहाँ वैवाहिक जीवन रसहीन लाग्न थाल्छ। यस्तो अवस्थामा श्रीमान्ले आफ्नो पूर्ण थकान बिर्सन सुखमय वातावरण सिर्जना गर्नुपर्छ। जसले श्रीमान् सबै चिन्ता एवं तनावबाट मुक्त भएर श्रीमतीको अँगालोमा बाँधिएर जीवनको रंगीन बगैंचामा भुनभुनाउन थाल्छन्।

- केही समय त्यसै बसेर एक-अर्काको आँखामा हराउने। मनमनै एक-अर्काको मनको कुरा बुझ्ने प्रयास गर्ने। यी क्षणमा मुखले केही नबोली मूक भाषामा कुरा गर्ने।
- कहिलेकाहीँ चन्चले बालिकाझैँ श्रीमान्लाई प्रेमले स्पर्श गर्ने र तुरुन्तै टाढा भैहाल्ने। यसो गर्दा श्रीमान् आफूलाई त्यसैगरी आकर्षित हुन थाल्छन्। श्रीमान्मा पनि आफूलाई स्पर्श गर्ने इच्छा बढेर आउँछ।
- यदि विशेष कामले कतै बाहिर जानुपरे र श्रीमान् छिट्टै कामबाट फर्कने अवस्था छ भने आफू नभए पनि श्रीमान्लाई मनपर्ने चिसो सर्बत फ्रिजमा राखेर जान बिर्सनुहुँदैन। यसो गर्दा श्रीमान्हरू आफ्नी श्रीमती फर्कने प्रतीक्षामा रहन्छन्।
- कहिलेकाहीँ आफ्नो बेडरुमलाई विशेष रोमान्टिक तवरले सजाउनुपर्छ। श्रीमान्लाई मनपर्ने परफ्युम बेडमा छर्कने, सिल्की बेड स्प्रेका साथै तकियाको खोल पनि राख्ने। प्रकाशका लागि हल्का नीलो अथवा गुलाफी रंगको बत्ती बाल्ने जसले सुत्ने कोठालाई उत्तेजक बनाउँछ।
- यदि भान्सामा एक्लै काम गरिरहिएको छ भने सहयोगका लागि श्रीमान्लाई बोलाउनु राम्रो हुन्छ। प्रेमको स्पर्श र मायालु कुराकानीका साथ भान्सामा सँगै काम गर्ने। यसो गर्दा आफूलाई समय कटेको अनुभव हुँदैन र श्रीमान्लाई पनि तपाईंलाई सहयोग गर्न पाउँदा रमाइलो अनुभव हुन्छ।
- गर्मीयाममा रातिको खाना खाइसकेपछि बाहिर घुम्न निस्कनुपर्छ। अलि गोप्य किसिमको ठाउँ छ भने एक-अर्कालाई अँगालोमा बेरेर घुम्न सकिन्छ।
- कहिलेकाहीँ सुत्ने कोठामा उत्तेजक संगीत बजाउनुपर्छ जसले मनमा उत्तेजना उत्पन्न गर्छ।
- एक-अर्कालाई मसाज गर्दा पनि निकटता बढ्छ। कहिले तेलले मसाज गर्ने भने कहिलेकाहीँ पाउडरले मसाज गर्दा परिवर्तनको अनुभूति हुन्छ। मसाज गर्दा एक-अर्काका अंगहरू स्पर्श गर्दा मनमा नयाँ अनुभव हुन्छ।
- मौका मिलेको खण्डमा एकैपटक नुहाउनु पनि माया बढाउने अर्को उपाय हो।
- सँगै खाना खाँदा एक-अर्कालाई ख्वाउने।
- कहिलेकाहीँ बाहिर रात काट्न गेस्टहाउस अथवा होटलमा कोठा बुक गराउनुपर्छ जसले दुवैलाई मायाप्रेमको आनन्द लुट्न स्वतन्त्रता मिल्छ।
- श्रीमान्ले पनि कहिलेकाहीँ श्रीमतीलाई सरप्राइज दिएर खुसी पार्नुपर्छ। कहिले श्रीमतीलाई मनपर्ने खानेकुरा बाहिरबाट ल्याइदिने। श्रीमतीलाई मनपर्ने परफ्युम उपहार दिने र कहिलेकाहीँ श्रीमतीका लागि रात्रि पहिरन ल्याइदिए श्रीमतीले आफ्नो भित्री माया अनुभव गर्न सक्छिन्।
- कहिलेकाहीँ श्रीमान्ले श्रीमतीलाई कामबाट मुक्त गरेर आफूखुसी गर्न दिनुपर्छ। जस्तै- श्रीमतीलाई मनपर्ने संगीत सुन्न दिने, मनपर्ने टेलिभिजन कार्यक्रम हेर्न दिने। श्रीमती कामबाट मुक्त भएर बसेको समयमा आफू भान्सामा गएर श्रीमतीलाई मनपर्ने व्यञ्जन बनाएर सँगसँगै खाना खाँदा पनि एक-अर्काप्रतिको माया बढ्छ।
- श्रीमतीलाई सरप्राइज दिनुपरे र श्रीमती भान्सामा व्यस्त छिन् भने हतार गर्नुहुँदैन। श्रीमती भान्सामा काम गर्दा आफूले बेडरुममा रोमान्टिक वातावरण तयार गर्न सकिन्छ, राति जब श्रीमती बेडरुममा प्रवेश गर्छिन् उनले रोमान्टिक अनुभव गर्छिन्।
- श्रीमतीलाई भान्सामा काम गरिरहेको समयमा बिस्तारै गएर आफ्नो अँगालोमा बाँध्न सकिन्छ।


# Classified

## रोजगार

नेपाल सरकारद्वारा मान्यता प्राप्त संस्थालाई SLC, +2 दिइ रहेका शिक्षित अशिक्षित महिला कर्मचारीको आवश्यकता ७५००।- २२२२६१३

Silverreed / Brother मेशिन तथा कुरुसकाँटीले बुन्न जान्नेले सम्पर्क: रेणु श्रेष्ठ ४२६००७३, ४२६९७०१

अफिसलाई TEST SLC +2 महिला गृहणी पुरुषहरु आवश्यकता ५०००-९५०० (अफिस/घरैमा) ४२७४५१२, ९७४११४८०५४

न्यु रोड, कालीमाटी, कुलेश्वरस्थित सहकारीको लागि Receptionist, Cashier, Marketing चाहियो, सम्पर्क: ९८०३५१०३२५, पो.ब.नं. २५४७७

महिला/पुरुष कर्मचारीहरु चाहियो, घरमै बसि कामगर्न सकिने, ७०००/- गौशाला, ४४६६७००

रिसेप्सनिष्ट-३ कार्यालय सहायक-२ प्रबन्धक-१ चाहियो, कामनपा ४,७,८,९, ३५ का लागि मात्र ९८४१४६०१३७

## बिक्रीमा

नयाँ CHINA रिको मेसिन बिक्रीमा ४३५१४४१, ९८५१०४७७७६

ठमेल चालु अवस्थामा रहेको फेन्सी पसल बिक्रिमा ९८४१५४२७१२, २१९०५१६

Hard Drinks & Soft Drinks का सामानहरु सुपथ मुल्यमा उपलब्ध ४३५१४५६, ९८४१४४२५९५

## निर्माण सफाई

सेफ्टी टैंकी सफाइ ७००० लिटरको ७००।- मात्रै ९८५१०८४४३४, ९८५१०१२९१८, ९८५१०७९१०५

## ब्यूटि पार्लर

NGO को सहयोगमा सञ्चालित नि:शुल्क ब्युटिसियन तालिम लिई स्वरोजकार बनौं, प्रिन्सेस ब्यूटि होम, चाबहिल, ९८४१७६६२१४, ९८४१४१५२१५

ऐश्वर्य व्यूटिपार्लरमा सौन्दर्य सम्बन्धि छोटो कोर्ष सिकाइदैछ, ९८०३१६०९००

मनकामना व्युटी पार्लरमा डण्डिफोर, चाया हटाउनुको साथै पार्लर सम्बन्धि सुपथ मुल्यमा ट्रेनिङ्ग दिइन्छ, ९८०३७०५१३३

## रिकन्डिसन मोटरसाइकल

मोटरसाइकल खरिद बिक्रि तथा सट्टापट्टाको लागि Manoj Auto Enterprises मित्रपार्कमा सम्पर्क: ९८४१३८५९३१, ४४६९०२५

मोटरसाइकल खरिद बिक्रि तथा सट्टापट्टाको लागि लुम्बीनी इन्टरप्राइजेज चावहिल मित्रपार्कमा सम्पर्क: ४४८८४२४, ९८४१६४३६२७

## बिहावारी

द कोरियन केटाहरुलाई नेपाली केटी चाहियो, यूनिभर्सल म्यारिज ब्युरो ५५४५९१७

## सवारी साधन

कार, माइक्रोबस (भाडामा) रिजर्भ गर्नुपरेमा सम्पर्क ५५५४७५५

## शैक्षिक परामर्श

अमेरिकाको विद्यार्थी भिषा सम्बन्धि परामर्श चाहिएमा सम्पर्क गर्नुपरेमा Edu Consult फोन: ४४४००९७, ४४२९६६२

Study Abroad विद्यार्थी भिषा सम्बन्धि परामर्श चाहिएमा सम्पर्क गर्नुपरेमा Authentic Education Institute फोन: ४७८५११७, नयाँ बानेश्वर

## शेयर तालिम

बेसिक/एडभान्स कोर्षमा (विहान/दिउसो/ बेलुकी सिफ्टमा) सेयर तालिम लिनका लागि सम्पर्क: ०१६२२३०७२, २००३४८१ SRCS, Opposite Sanker Dev Campus, PUtalisadak

## मर्मत

तपाइको घरदैलोमा आई तपाईको कुनैपनि पुरानो टिभीको उचित मुल्यांकन गरी सट्टामा नयाँ टिभि दिनेछौं। मात्र एक कल फोन गर्नुहोस ४४९५९६५

कलर टिभिको मासिक किस्ता रु. ६६६/- मात्र ४४९५९६५

साथै कम्प्यूटर, ल्यापटप, इन्भर्टर, यूपिएस, फ्रिज, डि फ्रिज, DVD, LCD, TV, A/C, भ्याकुम, वासिङ मेसिन, माइक्रोओभन, किस्तामा पाइन्छ फोन ४४९५९६५

## कम्प्युटर मर्मत

कम्प्युटर बनाउनु परेमा ९८५११०७७७६, ९८४१८९३५८३

## होटल तालिम

अष्ट्रेलिया, युरोप, अमेरिका जाने विद्यार्थीहरुका लागि होटल तालिम (कुक, वेटर, बारम्यान, हाउसकिपिङ, बेकरी र फ्रन्ट अफिस)मा भर्ना खुल्यो, सम्पर्क ४७८२०४१

# युरो च्याम्पियनसिपमा नदेखिने स्टारहरू




युरो च्याम्पियनसिपलाई फुटबलका मथारथीद्वय ब्राजिल र अर्जेन्टिनाबिनाको विश्वकप मानिन्छ। विश्वकपपछिको सबैभन्दा लोकप्रिय फुटबल प्रतियोगिता भएकाले युरो च्याम्पियनसिप 'मिनी वर्ल्डकप' का रूपमा प्रख्यात छ। युरोपका सबै स्टार खेलाडीहरू यो प्रतियोगिता खेल्न चाहन्छन्। कडा प्रतिस्पर्धा पार गर्न नसकेर, प्रशिक्षकको नजरमा नपरेर तथा चोटग्रस्त भएकाले केही अब्बल खेलाडीले युरो खेल्ने मौका चुकाउँदै आएका छन्। यसपल्टको युरो च्याम्पियनसिप पनि युरोपेली फुटबलमा तहल्का मच्चाइरहेका कतिपय उत्कृष्ट खेलाडी वञ्चित भएका छन्।

करोडौं फुटबलप्रेमीको फेवरेट इङ्ल्यान्ड एकसे-एक स्टार खेलाडीहरूले भरिएको टिम हो। छनौट चरण पार गर्न असफल भएपछि कुनै पनि इङ्लिस खेलाडी युरो च्याम्पियनसिपमा देखिने छैनन्। टिममा फेरि स्थान बनाएका स्टाइलिस पूर्वकप्तान डेबिड बेक्ह्याम, क्लब फुटबलमा तहल्का मच्चाइरहेका फ्र्यांक लाम्पार्ड, वायनी रुनी, जे कोल, लिभरपुल कप्तान जेर्राड, विश्वकै सर्वाधिक महंगा डिफेन्सद्वय एस्ले कोल र रियो फर्डिनान्डलगायत सबै इङ्लिस खेलाडीहरू यसपालीको युरो च्याम्पियनसिप टेलिभिजनमै हेरिरहेका हुनेछन्। छनौट चरणमा क्रोएसिया र रूसपछि तेस्रो स्थानमा रहेकाले इङ्ल्यान्ड युरो २००८ खेल्नबाट वञ्चित भएको हो।

आठ वर्षअघिको युरो च्याम्पियनसिप हेर्नुभएको छ भने तपाईंले फ्रेन्च स्ट्राइकर डेबिट ट्रेज्वेटलाई बिर्सन सक्नुहुन्न। फाइनल सकिनु केही सेकेन्डअघिमात्रै गोल गर्दै जितको खुसियाली मनाउन तयार इटालियनहरूलाई स्तब्ध पारेका ट्रेज्वेट यसपालीको फ्रेन्च टिममा देखिने छैनन्। इटालियन सिरि 'ए' मा युभेन्टस्का निम्ति गोलको वर्षा गरिरहेका ट्रेज्वेटकै सहयोगमा फ्रान्स युरो च्याम्पियन बनेको थियो। क्लब फुटबलमा २ सय २० गोल तथा फ्रान्सका निम्ति ७० खेलमा ३४ गोल ठोके पनि ३० वर्षीय ट्रेज्वेटलाई प्रशिक्षक रायमण्ड डोमेनेकले पत्याएनन्।

लिभरपुलका विङ्गर रायन बाबेल युरो २००८ खेल्न नपाउने अर्का खेलाडी बने। नेदरल्यान्डका प्रतिभावान् युवा खेलाडी बाबेल अन्तिम सूचीमा परेर पनि अभ्यासका क्रममा



प्रतियोगिता प्रारम्भ हुनुभन्दा १० दिनअघि घाइते भएकाले युरो च्याम्पियनसिपमा देखिने छैनन्। स्ट्राइकरको स्थानमा समेत खेल्न माहिर २१ वर्षीय बाबेलले २६ मार्च २००५ मा रोमानियाविरुद्धको डेब्यु म्याचमा १८ वर्षको उमेरमा गोल गर्दै अन्तर्राष्ट्रिय फुटबलमा ६८ वर्षयता गोल गर्ने सबैभन्दा कान्छो डच खेलाडी बनेका थिए। डच टिमका निम्ति २४ खेलमा ५ गोल गरेका बाबेल प्रशिक्षक मार्को भान बास्टेनका प्रिय खेलाडी हुन्।

रियल म्याड्रिडका स्ट्राइकर राउल गोन्जालेजको नाममा स्पेनी फुटबलका धेरै कीर्तिमान बनेका छन्। स्पेनका निम्ति सबैभन्दा धेरै अन्तर्राष्ट्रिय खेल खेल्ने र सर्वाधिक गोल गर्ने कीर्तिमान पनि ३० वर्षीय राउलकै नाममा छ। म्याड्रिडलाई स्पेनी लिग च्याम्पियन बनाउन महत्त्वपूर्ण भूमिका निभाए पनि उनी प्रशिक्षक लुइस आरागोनेसको टिममा स्थान बनाउन असफल रहे। विश्वकै सबैभन्दा धनी क्लब रियल म्याड्रिडका निम्ति १४ वर्षयता २ सय ९२ गोल गरेका राउल युरो २००८ को दाबेदार स्पेनको जर्सीमा देखिने छैनन्।

आफ्ना नियमित कप्तान टोमास रोसिस्कीबिना नै चेक रिपब्लिक युरो च्याम्पियनसिप खेल्दैछ। इङ्लिस क्लब आर्सनलका भरपर्दा मिडफिल्डर रोसिस्की चोटग्रस्त भएकाले मिनी वर्ल्डकपमा देखिने छैनन्। सानो जीउडालका भए पनि छरिता र चतुर खेलाडी होमास गोलको अवसर सिर्जना गर्न र आफै गोल गर्न खप्पिस छन्। अन्तर्राष्ट्रिय फुटबलको ६७ खेलमा १८ गोल गरेका २७ वर्षीय टोमासको अभाव चेक टिममा खट्कनेछ। पावेल नेडभेडले दुई वर्षअघिको विश्वकपपछि सन्यास लिएदेखि रोसिस्की चेक टिमका प्लेमेकर हुन्।

एडुर्डो डा सिल्भाको चोट क्रोएसियाको निम्ति महंगो पर्न सक्छ। छनौट चरणको दुवै खेलमा इङ्ल्यान्डलाई पराजित गर्न निर्णायक गोल गरेका सिल्भा चोटग्रस्त भएकाले क्रोएसियन टिममा हुनेछैनन्। उनले युरो छनौट चरणमा १० गोल ठोकेका थिए। उत्तरी आयरल्यान्ड फाइनल चरण पुग्न असफल भएकाले युरो २००८ को छनौट चरणमा सर्वाधिक १३ गोल गरेका डेबिड हिलीको गोल गर्ने कला स्वीस र अष्ट्रियन मैदानमा देखिनेछैन।

युक्रेन छनौट हुन असफल भएकाले चेल्सीका स्ट्राइकर अन्द्रेई सेभचेन्को, टोटेनहामबाट खेल्ने बुल्गेरियाका स्ट्राइकर डिमितार बार्बातोभ, छनौट चरणमा ७-७ गोल गरेका नर्वेका स्टेफेन आइभर्सन, डेनमार्कका जोन डाल टामसन, सर्वियाका निकोलास जिगिक पनि युरो २००८ मा देखिनेछैनन्।

**-राजु घिसिङ**

| मिति | खेल | स्थान | समय |
|---|---|---|---|
| जेठ ३१ | इटालीविरुद्ध रोमानिया | ज्युरिच | ९:४५ |
| | नेदरल्यान्डविरुद्ध फ्रान्स | बर्नि | १२:४५ |
| जेठ ३२ | स्विडेनविरुद्ध स्पेन | इन्सब्रुक | ९:४५ |
| | ग्रिसविरुद्ध रसिया | साल्जबर्ग | १२:४५ |
| असार १ | टर्कीविरुद्ध चेक रिपब्लिक | जेनेभा | १२:४५ |
| | स्विजरल्यान्डविरुद्ध पोर्चुगल | बासेल | १२:४५ |
| असार २ | पोल्यान्डबिरुद्ध क्रोएसिया | | १२:४५ |
| | अष्ट्रियाविरुद्ध जर्मनी | भियना | १२:४५ |
| असार ३ | फ्रान्सविरुद्ध इटाली | ज्युरिच | १२:४५ |
| | नेदरल्यान्डविरुद्ध रोमानिया | बर्नि | १२:४५ |
| असार ४ | ग्रिसविरुद्ध स्पेन | साल्जबर्ग | १२:४५ |
| | रसियाविरुद्ध स्वीडेन | इन्सबर्ग | १२:४५ |

**क्वाटरफाइनल**

असार ५ समूह 'ए' विजेताविरुद्ध समूह 'बी' उपविजेता बासेल १२:४५

## युरो २००८ का खेलहरू

### खेल नम्बर १

**स्विजरल्यान्डविरुद्ध चेक रिपब्लिक**

युरो २००८ को उद्घाटन खेलमा समूह 'ए' अन्तर्गत सहआयोजक स्विजरल्यान्डलाई चेक रिपब्लिकले शून्यका विरुद्ध १ गोलले पराजित गऱ्यो। चेक रिपब्लिकका लागि एक मात्र गोल भाक्लाभ स्वेरकोसले गरेका थिए।

### खेल नम्बर २

**टर्कीविरुद्ध पोर्चुगल**

युरो २००८ को दोस्रो खेलमा समूह 'ए' अन्तर्गत टर्कीलाई पोर्चुगलले शून्यका विरुद्ध २ गोलले पराजित गऱ्यो। पोर्चुगलका लागि केपलर पेपे तथा राहुल मायरलेसले १/१ गोल गरेका थिए।

### खेल नम्बर ३

**अस्ट्रियाविरुद्ध क्रोएसिया**

युरो २००८ को तेस्रो खेलमा समूह 'बी' अन्तर्गत सहआयोजक अस्ट्रियालाई क्रोएसियाले शून्यका विरुद्ध १ गोलले पराजित गऱ्यो। क्रोएसियाका लागि एक मात्र गोल लुका मोड्रिकले पेनाल्टिमार्फत गरेका थिए।

### खेल नम्बर ४

**जर्मनीविरुद्ध पोल्यान्ड**

युरो २००८ को चौथो खेलमा समूह 'बी' अन्तर्गत पोल्यान्डलाई जर्मनीले शून्यका विरुद्ध २ गोलले पराजित गऱ्यो। जर्मनीका लागि दुवै गोल लुकास पोडोलस्किले गरेका थिए।

### खेल नम्बर ५


**रोमानियाविरुद्ध फ्रान्स**

युरो २००८ को पाँचौं खेल समूह 'सी' अन्तर्गत रोमानिया र फ्रान्सले गोल रहित बराबरी खेले।

### खेल नम्बर ६

**इटालीविरुद्ध नेदरल्यान्ड**

युरो २००८ को छैटौं खेलमा समूह



'सी' अन्तर्गत नेदरल्यान्डले विश्व च्याम्पियन इटालीलाई शून्यका विरुद्ध ३ गोलले पराजित गऱ्यो। नेदरल्यान्डका लागि रुड भान निस्टोल रोय, वेस्ले निजदर र जियोभानी भान ब्रोन्कहोस्टले १/१ गोल गरेका थिए।

### खेल नम्बर ७

**स्पेनविरुद्ध रूस**


युरो २००८ को सातौं खेलमा समूह 'डी' अन्तर्गत स्पेनले रूसलाई १ का विरुद्ध ४ गोलले पराजित गऱ्यो। स्पेनका लागि डेभिड भिल्लाले ह्याट्रिक गरे भने अर्को गोल सेस्क फाब्रेग्रासले गरे। त्यसैगरी रूसका लागि १ मात्र गोल रोमन पाब्लियुचेनकोले गरेका थिए।

### खेल नम्बर ८

**ग्रीसविरुद्ध स्वीडेन**

युरो २००८ को आठौं खेलमा समूह 'डी' अन्तर्गत स्वीडेनले वर्तमान विजेता ग्रीसलाई शून्यका विरुद्ध २ गोलले पराजित गऱ्यो। स्वीडेनका लागि ज्लाटन इब्राहिमोभिक र पिटर हान्सोनले १/१ गोल गरेका थिए।


## मैदानबाहिर



**खै सुरक्षा :** सह-आयोजक अस्ट्रिया र क्रोएसियाबीच अर्नेस्ट हापेल स्टेडियममा भएको प्रतियोगितामा क्रोएसियाका एक समर्थक अचानक मैदानभित्र प्रवेश गरे। उनलाई पक्रन सुरक्षाकर्मीलाई हम्मे-हम्मे पऱ्यो। यो प्रतियोगितामा अस्ट्रिया क्रोएसियाद्वारा शून्यका विरुद्ध १ गोलले पराजित भएको थियो।

### प्रेम जीवन बिग्रने

युरोपियन च्याम्पियनसिपको सह-आयोजक अस्ट्रियामा गरिएको एक सर्वेक्षणले फुटबलको प्रभावका सम्बन्धमा नयाँ रोमाञ्चक नतिजाहरू सार्वजनिक गरेको छ। युरो २००८ सञ्चालन हुने तीन सातामा अस्ट्रियनहरूको यौन व्यवहार कस्तो हुन्छ भन्ने विषयमा भियना विश्वविद्यालयका विद्यार्थीहरूले गरेको सर्वेक्षणमा ३० प्रतिशतले युरोका दौरान आफ्नो यौन क्रियाकलापलाई थाति राख्ने बताएका छन्, जसमा १४ प्रतिशतले त खुसीसमेत व्यक्त गरेका छन्। सर्वेक्षणको नतिजाअनुसार आफ्नो देशमा आयोजना हुन लागेको युरोपियन च्याम्पियनसिप ७० प्रतिशतले विभिन्न तरिकाले हेर्ने जानकारी दिएका छन्। ३७ प्रतिशतले आफ्नो काम त्यागेर भए पनि प्रतियोगिता हेर्ने बताएका छन्। सर्वेक्षणले युरोपियन च्याम्पियनसिपका दौरान तीन जोडीमध्ये एक जोडीको प्रेमसम्बन्ध-विच्छेद हुनेछ।



### टाढै बस्न अनुरोध

युरोपियन च्याम्पियनसिपको लोकप्रियता र यसले पाएको व्यावसायिकताका आधारमा यो विश्वकप फुटबलपछि सबैभन्दा ठूलो प्रतियोगिता सावित भएको छ। यो प्रतियोगिताका क्रममा आयोजक, खेलाडिदेखि सडकमा पसल थाप्नेसम्मको ध्याउन्न भनेकै पैसा कमाउने हुन्छ। यही पैसा कमाउने होडमा अहिले अस्ट्रिया र स्वीजरल्यान्डमा अन्य देशबाट प्रशस्तै यौनकर्मी पुगेका छन्। अधिकांश यौनकर्मीमा महिला छन् र उनीहरू युरोको दौरान व्यापार गर्ने सोचमा छन्। मानवतस्करको प्रलोभनमा परेर क्रोएसियाबाट पनि सयौं यौनकर्मी त्यहाँ पुगेपछि स्थानीय एक गैरसरकारी संस्थालाई निकै आपत् परेको छ। ती यौनकर्मीलाई फर्काउन नसक्ने भएपछि उनीहरूले अहिले क्रोएसियाबाट युरोपियन च्याम्पियनसिप प्रतियोगिता हेर्न गएका दर्शक तथा समर्थकलाई प्रतियोगिताको समयमा वेश्यालय नजान अनुरोध गरेका छन्। रोसा नामक उक्त संस्थाले क्रोएसियाका चर्चित खेलाडी डाभोर सुकरमार्फत टेलिभिजन विज्ञापनसमेत तयार पारेको छ। सन् १९९८ को विश्वकपमा सर्वाधिक गोलगरी सुनको जुत्ता जितेका सुकरले उक्त विज्ञापनले 'प्ले फेयर, डन्ट वाई सेक्स' को आह्वान गराएको छ।

# इस्टर्न एन्फा च्याम्पियन लिग प्रारम्भ

विराटनगर- मोफसलका खेलाडीहरूलाई व्यावसायिक बनाउने उद्देश्यले आइतबारदेखि पूर्वाञ्चलमा दोस्रो इस्टर्न एन्फा च्याम्पियन लिग फुटबल प्रतियोगिता प्रारम्भ भएको छ। प्रतियोगिताले पूर्वाञ्चलका १६ जिल्लामध्ये फुटबल संघ गठन भएका ९ जिल्लाका ९ वटै क्लबलाई समेटेको छ। अखिल नेपाल फुटबल संघ (एन्फा) र पूर्वाञ्चल फुटबल क्लबको आयोजनामा होम एन्ड अवेको अवधारणाअनुसार प्रतियोगिता गराइएको हो।

एन्फाका उपाध्यक्ष किशोर राईले स्थानीय स्तरका खेलाडीहरूको क्षमता अभिवृद्धिका साथै खेलाडीलाई व्यावसायिक हुन सहयोग गर्ने उद्देश्यले प्रतियोगिता सञ्चालन गरिएको बताए। पूर्वाञ्चलको मेची अञ्चलबाट नाइट चेस क्लब काँकडभिट्टा झापा, फिदिम स्पोर्टिङ क्लब पाँचथर र सिड्स क्लब चुलाचुली इलाम प्रतियोगितामा सामेल भएका



छन्। त्यस्तै कोसी अञ्चलबाट सम्राट् स्पोर्टिङ क्लब, विराटनगर, टेम्के क्लब, धरान तथा बौद्धिक विकास समाज समिति, धनकुटा प्रतिस्पर्धामा सहभागी छन्। त्यसै गरी सगरमाथा अञ्चलबाट बेल्टार युवा क्लब बेल्टार उदयपुर, न्यू त्रियुगा स्पोर्टिङ क्लब, फत्तेपुर, सप्तरी तथा कस्तुरी युवा क्लब, लाहान, सिराहा प्रतियोगितामा सहभागी छन्।

अघिल्लो वर्षदेखि आयोजना हुन थालेको यो प्रतियोगिताका विजेतालाई १ लाख, उपविजेतालाई ५० हजार तथा तृतीय हुनेलाई २५ हजार नगद पुरस्कार प्रदान गरिनेछ। त्यस्तै प्रतियोगिताको अनुशासित टिमलाई ५ हजार, सर्वश्रेष्ठ खेलाडीलाई १० हजार, सर्वाधिक गोल गर्नेलाई ५ हजार, उत्कृष्ट गोलकिपरलाई ३ हजार, उत्कृष्ट डिफेन्सलाई ३ हजार, उत्कृष्ट मिडफिल्डलाई ३ हजार तथा उत्कृष्ट प्रशिक्षकलाई ५ हजार पुरस्कारस्वरूप प्रदान गरिने आयोजकहरूले जनाएका छन्।

एन्फाका केन्द्रीय सदस्य वसन्त अर्यालका अनुसार, फुटबल नेपालको अति लोकप्रिय खेल भए पनि केन्द्रमा देखिएको विवादले धेरै खेलाडी बेरोजगार बस्नुपरेको छ। व्यावसायिक फुटबलमा लाग्न अध्ययनसमेत छोडेर खेलमा लागेका युवाहरू पनि पलायन भैरहेको अर्याल बताउँछन्। प्रतियोगितामा जम्मा १२ लाख रुपैयाँ खर्च हुने बताइन्छ।

**-कमल रिमाल**

# आईपीएलका नायकहरू



## सेन वार्न

सबैभन्दा थोरै पैसा खर्चेर पनि इमर्जिङ मिडिया ग्रुपको राजस्थान रोयल्स इन्डियन प्रिमियर लिग-'आईपीएल' को पहिलो संस्करण विजेता बन्यो। अन्तर्राष्ट्रिय क्रिकेटबाट सन्यास लिइसकेका ३८ वर्षीय अस्ट्रेलियन लेग स्पिनर सेन वार्नको प्रेरणामा राजस्थान विजेता बनेको हो। टेस्ट क्रिकेटमा ७ सय ८ विकेट लिएका वार्नले राजस्थानका निम्ति कप्तान एवं प्रशिक्षकको दोहोरो भूमिका निर्वाह गरेका थिए। ४ लाख ५० हजार डलर मूल्यका वार्नले आईपीएलकै दोस्रो सर्वाधिक १९ विकेट लिंदै ट्वान्टी-२० क्रिकेटमा पनि आफ्नो उत्कृष्टता सिद्ध गरे।

## सेन वाट्सन

अस्ट्रेलियाका सिनियर खेलाडीहरू वेस्ट इन्डिजविरुद्धको टेस्ट सिरिज खेल्न फर्किएपछि सेर्न वाट्सनले आईपीएलमा अस्ट्रेलियन वर्चस्व कायमै राखे। १ लाख २५ हजार डलर मूल्यका आईपीएलका सबैभन्दा सफल अलराउन्डर वाट्सन म्यान अफ दि सिरिज चुनिए। राजस्थान रोयल्सका नायक वाट्सनले ४ सय ७२ रन बनाउनुका साथै १७ विकेट लिएका थिए।

## सोहेल तनविर

पाकिस्तानी टिमबाट २ टेस्ट र १६ एक दिवसीय मात्र खेल्ने मौका पाएका सोहेल तनविर आईपीएलका सर्वोत्कष्ट बलर चुनिए। कुल १६ मध्ये ११ म्याच मात्रै खेलेका तनविरले राजस्थानलाई च्याम्पियन बनाउन प्रतियोगितामा सर्वाधिक २२ विकेट लिएका थिए। एउटै खेलमा १४ रन खर्चंदै ६ विकेट लिएका आईपीएलकै सर्वोत्कृष्ट बलिङ रेकर्ड पनि १ लाख डलर मूल्यका २३ वर्षीय तनविरकै नाममा रह्यो।

## सनथ जयसूर्या

आईपीएलकै सबैभन्दा जेठा श्रीलङ्कन खेलाडी सनथ जयसूर्याले आफ्नो विष्फोटक ब्याटिङको नमुना फेरि एकपल्ट प्रदर्शन गरे। मुम्बई इन्डियन्सलाई सेमिफाइनल पुऱ्याउन नसके पनि १ सय ६६ को स्ट्राइक रेटमा उनले आईपीएलकै तेस्रो सर्वाधिक ५ सय १४ रन बनाए। ९ लाख ७५ हजार डलरका ३८ वर्षीय जयसूर्याले १ शतक र २ अर्धशतक बनाउने क्रममा प्रतियोगिताकै सर्वाधिक ३१ छक्का प्रहार गरे।

## सन मार्श

सस्ता र कम चर्चित खेलाडीहरूको उत्कृष्ट प्रदर्शनले महँगा र स्टार खेलाडीहरू आईपीएलका प्रत्येक खेलमा ओझेल परे। उत्कृष्ट प्रदर्शन गर्ने सस्ता खेलाडीमध्येका एक सन मार्श पनि हुन्। सिमोन काटिचको स्थानमा झिकाइएका अस्ट्रेलियन मार्श ११ खेलमा ६ सय १६ रन बनाउँदै सर्वोत्कष्ट ब्याट्सम्यान भए। अस्ट्रेलियन टिममा कहिल्यै छनौट नभएका मार्सले १ शतक र ५ अर्धशतक बनाउने क्रममा २६ छक्का र ५९ चौका हिर्काउँदै किङ्स-११ पञ्जावलाई सेमिफाइनसम्म पुऱ्याएका थिए। आईपीएलकै प्रदर्शनका आधारमा उनलाई वेस्ट इन्डिजविरुद्धको एक दिवसीय खेलका निम्ति अस्ट्रेलियन टिममा बोलाइएको छ।

# खलनायकहरू

## हरभजन सिंह

८ लाख ५० हजार डलर मूल्यका नवौं महँगा खेलाडी हरभजन सिंहको उपस्थितिमा अर्बपति व्यापारी मुकेश अम्बानीको मुम्बई इन्डियन्स आईपीएल उपाधिको दाबेदार मानिएको थियो। लिग चरणको तेस्रो खेलको समाप्तिमा किङ्स-११ पञ्जावका खेलाडी श्रीसन्थलाई थप्पड हानेपछि हरभजन नायकबाट एकाएक खलनायकमा परिणत भए। त्यही थप्पड भारतीय स्पिनर हरभजनका निम्ति निक्कै महंगो सावित भयो। सम्झौताअनुसारको रकम गुमाएका सिंह आईपीएलका बाँकी खेल र ५ वटा अन्तर्राष्ट्रिय एक दिवसीय म्याचमा पनि प्रतिबन्धमा परे।

## इशान्त शर्मा

भारतका निम्ति ६ टेस्ट र १० एक दिवसीय म्याचमा उत्कृष्ट प्रदर्शन गरेका १९ वर्षीय बलर इशान्त शर्मा आईपीएलका चौथो महँगा खेलाडीका रूपमा ९ लाख ५० हजार डलरमा बलिउड स्टार शाहरूख खानको कोलकाता नाइट राइडर्ससँग अनुबन्धित भएका थिए। लिलाम बढाबढका क्रममा निकै चर्चामा रहेका शर्माका निम्ति आईपीएल अफापसिद्ध भयो। आईपीएलका १३ म्याचमा फितलो प्रदर्शन गर्दै उनले कुल ७ विकेट मात्र लिन सके।

## सचिन तेन्दुलकर

विश्व क्रिकेटकै महान् ब्याट्सम्यान भए पनि मास्टर ब्लास्टर सचिन तेन्दुलकरलाई स्वार्थी खेलाडी पनि भनिन्छ। मुम्बई इन्डियन्सका निम्ति ११ लाख २१ हजार २ सय ५० डलर मूल्यका आइकन प्लेयर सचिन आईपीएलमा व्यक्तिगत र टिम दुवैका निम्ति असफल सावित भए। परम्परागत ब्याटिङ जादु प्रदर्शन गर्न चुकेका तेन्दुलकरले मुम्बई टिमलाई लिगभन्दा माथि पुऱ्याउन सकेनन्। चोटग्रस्त भएकाले अघिल्ला म्याच नखेलेका तेन्दुलकरले कुल १ सय ८८ रन मात्र बनाए।

## ज्याक कालिस

महान् अलराउन्डर ज्याक कालिस आफ्नै देशमा आयोजित पहिलो ट्वान्टी-२० विश्वकप क्रिकेटको दक्षिण अफ्रिकी टिममा नपर्दा निराश बनेका थिए। आईपीएलमा प्रभावशाली प्रदर्शन गर्न नसकेपछि उनी ट्वान्टी-२० क्रिकेटका निम्ति अघोषित रूपमा अयोग्य खेलाडी नै बने। बैङ्लोर रोयल च्यालेन्जर्सबाट ९ लाख डलर बुझेका कालिसले आईपीएलमा कुल १ सय ९९ रन मात्र बनाए। उनको बलिङ पनि बिर्सनलायक रह्यो।

## हर्सेल गिब्स

पहिलो ट्वान्टी-२० विश्वकप क्रिकेटको एकै ओभरका सबै ६ बलमा लगातार ६ वटा छक्का हानेर दक्षिण अफ्रिकी ब्याट्सम्यान हर्सेल गिब्सले तहल्का नै मच्चाएका थिए। सबै प्रकारको क्रिकेटमा अब्बल ब्याट्सम्यानको छवि बनाएका गिब्स आईपीएलमा असफलतासँगै हिरोबाट जिरो बने। सइद अफ्रिदी, एडम गिलक्रिस्ट, एन्ड्रयू साइमन्ड्ससँगै ५ लाख ७५ हजार डलर मूल्यका गिब्सले कमजोर प्रदर्शन गरेपछि डेक्कन चार्जर्स लिगको अन्तिम स्थानमा रह्यो।

**-राजु घिसिङ**



# तेर्सिएका नयाँ प्रश्न

**हिमेश बज्राचार्य**

नेपालका लागि दक्षिण एसियाली टिमबीचको सर्वाधिक ठूलो प्रतियोगिता कहिल्यै सुखद रहन सकेको छैन। पाँचौं साफ च्याम्पियनसिप पनि नेपालका लागि नौलो रहेन, अर्थात् नेपाल पुरानै नतिजा बेहोर्न बाध्य भयो। यसपल्ट पनि सुरुवाती दुई खेल हारेपछि नेपालको चुनौती सकियो। पहिलो खेलमा नेपाल भारतसँग ४-० ले पराजित भयो। दोस्रोमा माल्दिभ्ससँग ४-१ को हार आत्मसात् गऱ्यो। अन्तिम खेलमा भने नेपालले पाकिस्तानलाई ४-१ ले हरायो। यद्यपि त्यो जितले प्रतियोगितामा कुनै अर्थ राखेन।

साफ च्याम्पियनसिप सन् १९९७ मा प्रारम्भ भएको हो। त्यसयताका १५ खेलमध्ये नेपाल ११ मा पराजित रहँदै आएको छ। एकैपल्ट भारतको गोवामा भएको दोस्रो साफ च्याम्पियनसिपमा मात्र नेपाल सेमिफाइनल पुगेको थियो। भविष्यमा पनि प्रतियोगितासँगको खराब सम्बन्ध तोड्न गाह्रो हुनेछ। यस्तो स्थितिमा नेपाली फुटबलमा धेरै प्रश्न तेर्सिएका छन्। के दक्षिण एसियामै नेपाली फुटबलको स्तर खस्कँदै छ? नेपाललाई अब आफ्नो दक्षिणी प्रतिद्वन्द्वीलाई हराउनु पनि ठूलो चुनौती भैसकेको छ त? माल्दिभ्सको माले जानुअघि नेपालले एएफसी च्यालेञ्जकपको छनौट चरणमा सफलता चुम्यो। नेपालको समूहमा मकाओ र कम्बोडिया थिए। दुवैलाई नेपालले हरायो। विदेशी भूमिमा नेपालले छनौट खेलमा प्राप्त गरेको यो नै पहिलो सफलता थियो।

संयोग के भने दुवै टिम फिफा वरियतामा नेपालभन्दा पछाडि थिए। अचेल दक्षिण एसियाली फुटबलले पनि ठूलो फड्को मारिसकेको छ। प्रतिद्वन्द्वी टिमको स्तर अकासिएको छ र नेपालले गरेको प्रगतिले त्यसलाई छुन सकेको छैन। यस्तो स्थितिमा घरेलु नेपाली फुटबलमा देखिएको विवाद अझ दुखद छ। पोहोर लिग हुन सकेन। यसपल्ट पनि लिग हुने नहुने टुंगो छैन। अखिल नेपाल फुटबल संघले लिग हुन्छ भन्ने ठोकुवा गर्दै वार्षिक कार्यक्रम अगाडि ल्याएको छ। अर्कातर्फ नेपाल फुटबल क्लब संघले भने लिग बहिस्कार गरौं भनेर आह्वान गरिसकेको छ।

यस्तोमा नेपाली फुटबलका सम्बन्धमा फरक मत राख्ने केही व्यक्तिमध्ये टिमका जर्मन प्रशिक्षक थोमस फ्लाथ एक हुन सक्छन्। फ्लाथले पाँचौं साफ च्याम्पियनसिपमा टिमको प्रदर्शनप्रति सन्तुष्टि व्यक्त गरेका छन्। उनले माल्दिभ्सका स्थानीय सञ्चारमाध्यमलाई भने- 'टिमको प्रदर्शनमा सुधार आएको छ।'

जितका बाबजुद नेपाल हारेको भारत र माल्दिभ्सविरुद्धका खेलमा अझ उत्कृष्ट रहेको उनले दावी गरे। 'समग्र रूपमा नेपालको प्रदर्शनलाई लिएर म खुसी छु,' फ्लाथले भने- 'सीमित साधन-स्रोतबाट यत्तिको खेल्नु राम्रो हो। खेलाडीले भित्री मनबाटै खेले र पूर्ण योगदान दिए। मैले चाहेको यही हो। टिममा अझ सुधार गर्न अनुभवको ठूलो आवश्यकता छ।'

नेपाली मिडियाले टिमको आलोचना गरेकोमा पनि उनको आपत्ति थियो। 'नेपाली मिडियाले टिमको प्रदर्शन लाजमर्दो रहेको लेखेका छन्। माल्दिभ्समा भने सबैले टिमको प्रशंसा गरेका छन्। नेपाली मिडियाले खेल हेरेनन् र वास्तविक प्रतिक्रिया दिन चुके।' फ्लाथ चुके कि नेपाली मिडिया चुके, त्यसको पहिलो उत्तर एएफसी च्यालेञ्जकपको अन्तिम चरणमा मिल्नेछ। नेपालसँगै भारतको हैदरावादमा हुने प्रतियोगितामा श्रीलंका, अफगानिस्तान र ताजाकिस्तान छन्। प्रतियोगिताका अन्य प्रतिस्पर्धीमा स्वतः छनौट भएका भारत, म्यान्मार, तुर्किमेनिस्तान र उत्तर कोरिया छन्।

यसबीच एसियाली फुटबल महासंघले एएफसी च्यालेन्ज कपका लागि निकालेको 'ड्र' मा नेपाल समूह 'बी' मा परेको छ। समूह 'बी' का अन्य टिममा उत्तर कोरिया, म्यानमार तथा श्रीलंका छन्। हैदरावादमा हुने प्रतियोगिताको अर्को समूहमा भारत, ताजाकिस्तान, तुर्किमिनिस्तान तथा अफगानिस्तान परेका छन्।

### नीराजनको उपलब्धि

पाँचौं साफ च्याम्पियनसिप कम्तीमा नीराजन रायमाझीका लागि सुखद रह्यो। नेपालका लागि अन्तर्राष्ट्रिय फुटबलमा सर्वाधिक १३ गोलको कीर्तिमानलाई उनले बराबरी गरे। हरि खड्काले पनि १३ गोल गरेका छन्। पाकिस्तानविरुद्ध हात परेको जितमा नीराजनले दोस्रो गोल गरेका थिए। निराजनले छोएको यो कीर्तिमान भने हरिको तुलनामा छिटो रह्यो। नीराजनले अहिलेसम्म २१ क्याप जितेका छन्। हरिले पनि ४९ खेल खेले। त्यसमाथि नीराजनको नाममा विश्वकप ह्याट्रिक पनि छ। च्यालेन्ज कप उनका लागि नयाँ कीर्तिमान बनाउने अवसर हुनेछ।






**सेलिब्रेटी क्याटवाक :** राजधानीमा भर्खरै सञ्चालनमा आएको एक फेसन सोरुमको उद्घाटनका अवसरमा ऱ्याम्पमा क्याटवाक गर्दै पूर्व मिस नेपाल सुगरिका केसी, नायिका निरुता सिंह तथा मोडल ऋचा शर्मा।
तस्बिर : साइबरसंसार डटकम



# म्यानहन्ट इन्टरनेसनलमा रिकेशलाई सफलता

पुरुष सुन्दरता मापनको प्रतियोगिता म्यानहन्ट इन्टरनेसनल गत जून २ तारिखमा दक्षिण कोरियाको सिउलस्थित द सर्कलमा सम्पन्न भएको छ। नेपाललगायत विश्वका ३९ राष्ट्का पुरुष प्रतियोगीहरूको सहभागिता रहेको १३ औँ संस्करणको म्यानहन्ट इन्टरनेसनलमा यसपटक नेपालका तर्फबाट डल्लुनिवासी २४ वर्षीय रिकेशराज श्रेष्ठले प्रतिनिधित्व गरेका थिए। उक्त प्रतियोगितामा रिकेशले मिस्टर फ्रेन्डसिपको उपाधि हात पारेका छन्। म्यानहन्ट इन्टरनेसनल प्रतियोगितामा रिकेशको यो सफलतासँगै नेपालका लागि यो लगातार दोस्रो सफलता हो।

यसअघि सन् २००७ को सोही प्रतिस्पर्धामा चन्दन अग्रवालले मिस्टर पर्सनालिटीको एवार्ड जितेका थिए। म्यानहन्ट इन्टरनेसनलका लागि नेपालको आधिकारिक संस्था ग्रुप अफ इभेन्ट इन्टरटेनर्स (जीईई) ले रिकेशलाई उक्त प्रतियोगिताका लागि छनौट गरेको थियो। कोरिया जानुपूर्व कोरियोग्राफर रोजिन शाक्यबाट



रिकेशले पर्सनल ग्रुमिङका कक्षाहरू लिएका थिए। यस पटकको म्यानहन्ट इन्टरनेसनल उपाधि भने मोरक्कोका अब्दुल मेअमेन एल माग्रोएले जितेका छन्।


अंग्रेजी
दुई महिना मै
Basic to Advanced
Free Books, Audio & Video CD
Free Internet & E-Mail
Every day Audio & Video Cla...
Computer Lab
Daily new materials
Latest Method and Techn...
Experienced Teacher
...learn us & be confident...
Getway Tel: 4241870
2003 Educational Consultancy (P) Ltd.
Bagbazar, Kathmandu Nepal

होटल तालीम
छुटमा (%)
★Cook ★Waiter ★Bakery
★Housekeeping ★Front Office
★Bartender ★Hotel Mgmt
★F & B Mgmt ★Airlines Ticketing
★Tour & Travel Mgmt ★Care giver
International Air Fares & Ticketing with
Abacus, Amadeus, Galileo
(International Certificate)
ओरिएण्टल हस्पिटालिटी (होटल)
एण्ड टुरिजम ट्रेनिङ्ग सेन्टर प्रा. लि.
नयाँ बानेश्वर (एभरेष्ट होटलसँगै)
फोन नं: ४४९३८०१, २०८२७३१
(बिहान ७:०० देखि बेलुका ७:०० सम्म)

तालिम
अरुण दत्त पन्त द्वारा
वि.सं. २०५३ देखि निरन्तर..........
* फोटोग्राफी
* भिडियोग्राफी
* फोटो एडिटिङ्ग
* भिडियो एडिटिङ्ग
* फोटो लेमिनेशन
⇨ नेपाल सरकार पाठ्यक्रम
⇨ पाठ्यक्रम विज्ञद्वारा
⇨ अन्तराष्ट्रिय स्तर
⇨ हजारौं लाभान्वित
⇨ SLC Discount
नेपाल फोटोग्राफी
मान्यता प्राप्त पहिलो फोटो/भिडियो इन्स्टिच्यूट
भोटाहिटी, साझा भण्डार ४२१६२९१

तयारी कक्षाबारेको सूचना
लोकसेवा आयोगद्वारा लिने अहेव, अनमी, ल्याव असिस्टेन्टहरुको लिखित तथा अन्तर्वार्ता तयारी कक्षा दक्ष तथा अनुभवी प्रशिक्षकहरुद्वारा सञ्चालन हुँदैछ ।
चाडै सम्पर्क गर्नुहोस
स्थान : महाराजगञ्ज, शिक्षण अस्पताल अगाडी, IME
०१-६२१६८६१, ९८४१८०५३२९, ९८४१३१४३६०

Learn Language & Computer
TOEFL/IELTS (Free Books, CDs, Lab Practice, Weekly test.)
English, Chinese, French
German, Korean, Hebrew
Japanese, Spanish, Italian
SLC दिई बसेकाहरूलाई विशेष छुट !
Computer Basic to Diploma (Tally/Fact/Tata-EX/MsAccess etc)
Osish Language & Computer Center (OLC) Adwait Marg, Old BusPark 4232866
बसपार्क बाट शंकरदेव कलेज जाँदा २०० मि. अगाडि बायाँ तर्फ
New Baneshwor, Bicc पानी ट्याङकि अगाडि Ph.016217094

33% छुटमा
फोटोग्राफी
भिडियोग्राफी
DIGITAL VIDEO EDITING
FREE Camera, Lens, Film, Studio Lab
Computer Lab, Library etc.
World Wide Valid Certificate नेपालको नं. 1 Study Center (CTEVT द्वारा सम्बन्धनप्राप्त)
KANTIPUR PHOTOGRAPHY VIDEOGRAPHY INSTITUTE
पुतलीसडक चोक, काठमाडौं, फोन : ४४४३३१९, ९८४१-३२२७७७

BE Entrance Preparation
Admission Open
• Managed by Highly experienced teachers and Post Graduate Enginneers of IOE, Pulchowk Campus.
• Excellent result in IOE Entrance with top 10 students. (BE 98%, ME 100 % with IOE topper)
• Provided Text books, Question banks & Practice Sheets.
KEI Kantipur Educational Institute
Kupandol, Tel : 01-5540917
Web:www.kei.edu.np/email:info@kei.edu.np


**हेमराज ज्ञवाली**द्वारा कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. का लागि प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **विनोदराज ज्ञवाली** तथा **स्वस्तिका सिरोहिया**, सम्पादक : **सुवास ढकाल**।